अथ

शारदीयदुर्गापूजापद्धति

(कात्यायनीकल्पको)

लेखक

रथी धनशमशेर ज. ब. रा.

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

इ.प्र-[illegible] ५४४

प्रकाशक—
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं ।

प्रथम संस्करण २०३२

Acc. 814/C98

मुद्रक—
प्रज्ञा-मुद्रण
ने. रा. प्र. प्र. कमलादी, काठमाडौं ।

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव

संरक्षक

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

२०१४ साल आषाढ ९ गतेका दिन स्थापना भएको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान सो समयदेखि नै साहित्य, संस्कृति, कला आदिको क्षेत्रमा कार्य गर्दै आएको छ । यसका जन्मदाता स्वनामधन्य स्वर्गीय श्री ५ महेन्द्रवाट हुकुम भएअनुसार यसको मूल उद्देश्य– 'देशको मौलिक परम्परालाई युगानुकूल बाटोमा अग्रसर गराउनु–' नै हो ।

राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवका कृपापूर्ण संरक्षकत्वमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले २०३१ साल वैशाख १ गतेदेखि नवीन व्यवस्थाअनुसार कार्य गर्न प्रारम्भ गरेको छ । यसअनुसार प्रज्ञा-प्रतिष्ठानको उद्देश्य तथा कार्यक्रम अधिक व्यापक तथा गंभीर तुल्याइएको छ ।

विविध विषयका आधिकारिक सृजनात्मक ग्रन्थको प्रकाशन, अनुसन्धानात्मक कार्य, नेपाली संस्कृतिका आधारभूत कुराहरूको खोजी तथा साहित्य, संगीत औ कलाका क्षेत्रमा राष्ट्रियताको विकास हुने कार्यको संचालनद्वारा यसले प्रगतिशील नेपाली राष्ट्रसुहाउँदो कार्य द्रुतता औ गंभीरताका साथ गर्ने चेष्टा गर्नेछ ।

देश-देशान्तरमा नेपाली राष्ट्रको गौरव तथा प्रगतिशीलताको सौरभ फिंजाउन प्रज्ञा-प्रतिष्ठानले सबैको सहयोग पाउने आशा गरेको छ ।

वैशाख २०३१.

सूर्यविक्रम ज्ञवाली
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान



मन्तव्य

हिमालयको काखमा नेपाल अधिराज्य छ, नेपाल नै एक हिन्दू राज्य छ विश्वमा। यहीं नै महिष-मर्दिनी दुर्गाको प्रादुर्भाव भयो। आसुरी भावले संत्रस्त हुँदा शक्ति-संचय गरी एकाकार रूप लिएर देवताबाटै श्रीमहालक्ष्मीको स्वरूप-निर्माण भएको पाइन्छ। वीर जाति भनेर नेपालीलाई विश्वमा परिचय दिने ऐतिहासिक कालमा राष्ट्र-निर्माता श्री ५ पृथ्वीनारायण शाहबाट श्रीदुर्गालाई नै आराध्य देवी मानेको देखिन्छ। यही छ हाम्रो दशैंलाई राष्ट्रिय पर्वको रूप दिने पृष्ठभूमि।

आगममा निहित शक्तिका आराधनाका धेरै पद्धति-मध्ये कात्यायनीकल्पको आधारमा यो शारदीय-दुर्गापूजापद्धतिः' श्री रथी मानार्थ सदस्य (नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान) धनशमशेर ज.ब.रा. द्वारा तयार पारी जनसमक्ष यसलाई प्रस्तुत गर्न पाउँदा हामीलाई हर्ष लाग्नु स्वाभाविक नै हो।

दशैं सबभन्दा नेपालीले मानिने एकतामूलक चहाडलाई यदि कुनै पूजापद्धति प्रदान गरेर साधारण जनतालाई यसबाट आफ्नो परिरहेको

खाँचो पूरा भएमा हाम्रो लक्ष्य पूर्ण भएको हुनेछ । विद्वान् र आगममा दीक्षितहरूले आफ्नै प्रकारले कुलपरम्पराअनुसार पूजा गर्न यसले अवरोध गर्दैन । तर जसलाई आफैले पूजा गर्नुपर्दा पद्धति नपाएर अलमलिनुपरेको छ तिनको लागि यो उपयोगी सिद्ध हुने आशा राख्नु मेरो धृष्टता नठहरिने विश्वास लिएको छु ।

अरू त भूमिका र प्रस्तावनाबाटै सबै विदित नै हुने कुरा छन् । यसमा किन बढ्ता पाठकको समय लिऊँ । तर, विद्वान् लेखकलाई यति कष्ट गरेर सर्वजनहिताय एक राम्रो शास्त्रीय पद्धति दिनुभएकोमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

चूडानाथ भट्टराय
निमित्त उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

२०३२ संवत्
भाद्रशुक्लपञ्चमी

भूमिका

यस पद्धतिको वारेमा धेरैजनाले छोटकरी दुर्गापूजाको पद्धति नेपाली भाषामा वनेमा पछि सम्म पनि श्रद्धावान्हरूलाई दशैं गर्ने मौका मिल्ने थियो भन्ने आग्रह गरेका हुनाले यथाशक्ति पद्धतिहरू जुटाई विचार गरी सवैलाई आ–आफ्नो परंपरामा ढाली सजिलै सित गर्न सक्ने गरी यो पद्धति वनाएको हुं ।

मन्त्रको हकमा स्पष्ट गरी मन्त्रहरू नलेख्नू, प्रकाश नगर्नू भन्ने मेरा पूज्य गुरुदेवको आज्ञा हुनाले यसमा स्पष्टतया मन्त्र लेख्न सकिनं । तर मन्त्र–संकेत भनेर यस पद्धतिमा परेका मन्त्रहरूजतिको छोटकरी कोष यसै पद्धतिसाथ दिएको छु, त्यसमा भिडाएर हेरी पाठकवर्गहरूले मन्त्र पत्ता लगाउन सक्नुहुनेछ । यसमा मेरो एउटा सानो अनुरोध छ । त्यो के हो भने पूजाको संकल्प आदिमा अनेक प्रकारको कामनाहरू लेखिएका छन् । मूल पद्धतिहरूमा त्यस्तै लेखिएका हुनाले यसमा पनि त्यस्तै लेखिएको हो । तर मेरो विचारमा अहिलेका हामीहरू अधिकाहरूले जस्तो सामान जुटाउन र मनको भक्ति भाव ठीक राख्न असमर्थ छौं । त्यस उसले संकल्पमा (श्रीजगदम्वाप्रीतिकामनया) भन्ने मात्रै उक्ति राखी कर्म गर्नामा हामीलाई कल्याण होला र कहिं त्रुटि पर्न गए पनि विघ्नको डर हुनेछैन भन्ने लाग्दछ । स्वयं मैले पनि वि. सं. १९७७ साल देखि अहिले

सम्म पनि त्यस्तै नैष्काम्य कर्म गर्ने गरेको छु । मलाई जगदम्बाको निगाहले वेशै भएको छ । उनी अन्तर्यामिनी जगदीश्वरी हुन्, उनलाई सबै कुरा स्वयं नै विदित छ । फजुलमा हामीले उनीलाई किन झिझाउने भन्ने मेरो विचार छ ।

यो पद्धति बनाउदा पं. कृष्णप्रसाद भट्टराईज्यू बाट मलाई पूर्ण सहयोग भएकोमा वहां प्रति हार्दिक कृतज्ञता प्रकट गरी वहाँलाई सादर प्रणाम गर्दछु । यस पुस्तकको पाण्डुलिपि सारिदिनुभएकोमा श्री हरमोहन भट्टराइज्यू मा कृतज्ञता प्रकट गर्दछु । छोरा नानी श्री गोरख शम्शेर ज.ब.रा. ले पाण्डुलिपिका प्रतिहरू टाइप गर्नमा सघाइदिएकोमा सस्नेह आशिष दिन्छु ।

यसमा केही उचनीच परेकोमा क्षमाप्रार्थी छु, किं बहुना ।

नक्साल, काठमाडौं
२०३१ आश्विन ।

भवदीय
रथी धनशम्शेर ज ब.रा.

विषयसूची

विषय	पृष्ठ
प्रस्तावना	क
प्रतिपत्प्रातः (परेवाको दिन बिहान)–	१
कर्मपात्र बनाउने विधि	१
मन्त्रविषयक संकेत	३
आसनग्रहण	४
सामान्य-अर्घ-स्थापन र करषडङ्ग	४
संकल्प	६
वेदिनिर्माण र जमरा राख्ने	८
वेदीमा पीठपूजा	९
घटस्थापन	१०
दीप-कलश-गणेशपूजा	११
विशेषार्घ (शंख) स्थापन	१३
दुर्गाको ध्यान आवाहन पूजा वलि	१६
सायंकालको आरती	२७
द्वितीया तृतीया आदिमा	२८
षष्ठीको दिन– नवपत्रिका र वेलमा देवीको प्रबोधन	२८
सप्तमीको दिन– नवपत्रिकाप्रवेश र भद्रकालीस्थापन	३०
सायंकालमा-भद्रकालीपूजा	३१
नवपत्रिका र नवदुर्गाको पूजा	३५

महाष्टमी–पूजा ४०
कालरात्रीको विधि ४१
कृशरान्नादि (खिचडी) बलि ५०
पशुयागको विधि (बोका-बलि) ५२
दुर्गालाई रगतले तर्पण ६०
अन्त्रमालासमर्पण ६१
यकृन्मांसखण्ड (कलेजो) निवेदन ६१
कुष्मांडबलि (कुभिंडो) ६२
कालरात्रीको होम ६३
भस्मतिलकविधान ६७
प्रार्थना र पुष्पांजलि ६८
महानवमी– पूजा तथा वलिदान ७०
कुमारीपूजा (कन्याकुमारपूजा) ७२
दशमी– दुर्गाविसर्जन ७२
अभिषेचन ७५
अपराजितापूजा ७६
स्तोत्र–प्रार्थना ८०
खड्गग्रहण र विजययात्रारम्भ ८१
खंजन-क्षेमंकरीदर्शन ८२
दशमीको कर्मसमापन ८३
चतुर्दशीका दिनको चतुर्थीविधि ८४
वेदिभूमिविसर्जन ८५

मंत्रसंकेत– (छोटकरी मन्त्रकोश) ८७

प्रस्तावना

नवरात्रपूजा आगमपूजा हो। हामी हिन्दूको यो ठूलो चाड हो। यो पर्वार्चन नैमित्तिकार्चन हो। अब यो पर्वको बारेमा संक्षेपतः यथाज्ञान चर्चा गर्दछु। यसमा नौ दिन सम्म याग हुन्छ। यसको निर्णयको बारेमा श्री "कुलागमरहस्य" मा यस्तो उक्ति छ—

'नवशक्तिसमायुक्तं नवरात्रं तदुच्यते ।
एकैव देवदेवेशी नवधा परिनिष्ठिता ।।
बोधनं भोजनं चैव शयनं परिवर्तनम् ।
चतुर्धा नवरात्रं तु भोगमोक्षप्रदं भवेत् ।।
इषे प्रबोधनं चैव माघमासेऽथ भोजनम् ।
चैत्रे तु शयनं प्रोक्तमाषाढे परिवर्तनम् ।।
दुर्गाभगवतीमेतच्चतुर्विधमहोत्सवे ।
जानताऽजानता वापि दृढभक्तिपरायणः ।।
निराहारी फलाहारी त्वेकभक्तो जलव्रतः ।
नक्तभोजीहविष्याशी यथाशक्त्या समर्चयेत् ।।'

भावार्थः—

'नौ दिनमा नौ फरक फरक शक्तिको पूजा हुने हुनाले 'नवरात्र' भनिएको हो। उनै एउटी महादेवी नै नौ प्रकारकी भिन्न भिन्न रूपिणी बनेकी हुन्। बोधनं (जागा हुने) भोजनं

(ज्यूनार हुने) शयनं (सुकला हुने) र परिवर्तनं (कोलटे फर्कनु-हुने) यति चार नवरात्रहरू भुक्ति र मुक्ति दिने हुन्छन् । आश्विनमा बोधन, माघमा भोजन, चैत्रमा शयन अनि आषाढमा परिवर्तनको उत्सव हुन्छ । यी चार उत्सवमा जानेर वा नजानेरै पनि दृढ भक्तिमा रहेर निराहार वसी फलफूल मात्रै खाने बनी, एकछाक खाने भएर, पानी मात्र खाने गरेर, राति मात्रै खाने गरेर अथवा हविष्याशी बनेर दुर्गा भगवतीको अर्चन गर्नु पर्छ ।

यी चार नवरात्र मध्ये आश्विनको चाहिँ वैष्णवादिहरू समेत सबै आर्य मात्रले मान्नु पर्छ; शाक्तहरूले आश्विन र चैत्रको अनि वीर र कौलहरूले भने चार ओटै मान्नु अत्यावश्यक हुन्छ ।

दुर्गापूजाको तीन कल्प (थरी) को बारेमा महाकाल संहितामा यस्तो उक्ति छ ।

'आश्विनासितपक्षस्य नवमी या शिवर्क्षयुक्
बोधयित्वेश्वरीं तस्यां शरदर्चनमाचरेत्
यावत् स्यान्नवमी शुक्ला तावत् पूजा प्रवर्तते
इत्येकः पक्ष उदितो द्वितीयमवधारय
प्रतिपद्येव शुक्लायां बोधयित्वा सुरेश्वरीम्
अभ्यर्चयेन्नवाहानि तन्त्रपौराणिकक्रमैः
उदीरितो द्वितीयोऽयं तृतीयं कथयाम्यथ
सायाह्ने विल्वशाखायां षष्ठ्यां देवीं प्रबोधयेत्
प्रातः प्रवर्तते पूजा सप्तम्यादिदिनत्रये
त्रैविध्य ईदृश्यर्चाया विवदन्ते मिथो बुधाः'

भावार्थः—

"आश्विन कृष्ण नवमी आर्द्रा नक्षत्रको मध्याह्नकालमा देवीलाई प्रबोधन गरी शुक्ल नवमी सम्म पूजा गर्नुपर्ने पहिलो

पक्ष हो । आश्विन शुक्ल परेवा मै प्रबोधन गरेर तन्त्र र पुराणको क्रमले नौ दिन सम्म पूजा गर्नु पर्ने दोस्रो पक्ष हो । आश्विन शुक्ल षष्ठी सायंकालमा विल्वशाखामा प्रबोधन गरेर (फुलपाती ल्याएर) सप्तमी, अष्टमी र नवमी तीन दिन पूजा गर्नु पर्ने तेस्रो पक्ष हो ।"

तर प्रबोधन जुनसुकै तिथिमा भएपनि घटस्थापना त परेवा मै हुनु पर्छ भन्ने बारे 'यामल तन्त्रमा' यस्तो उक्ति छ–

"प्रतिपद्यव कर्तव्यं कलशस्थापनं तथा ।।"

अर्थात्:– "परेवामा नै घटस्थापना गर्नु पर्छ ।" अतः पहिलो पक्षमा कृष्ण नवमीमा खड्गमा प्रबोधन गरेर सातदिन सम्म साधारणतया पूजा गरी शुक्ल परेवामा सवेरै घटस्थापना गरी सो खड्ग त्यस घटमा राखी नौ दिन सम्म महापूजा हुन्छ । दोस्रो पक्षमा यन्त्र वा प्रतिमामा प्रबोधन हुन्छ; 'महाकालसंहिता-को' मतमा शुक्ल परेवा मै प्रबोधन भएर स्थापित घटमाथि प्रबोधित यन्त्र वा प्रतिमा थालीमा राखी नौ दिन सम्म महापूजा हुन्छ; फेरि 'लिङ्गपुराणको मतमा कृष्ण चतुर्दशीमा प्रबोधन भएर साधारणपूजा दुई दिन सम्म भई परेवादेखि पूर्ववत् स्थापित घटमा यन्त्र वा प्रतिमा रही नौ दिन सम्म महापूजा हुन्छ । तेस्रो पक्षमा शुक्ल परेवामा केवल घटस्थापना भई सो घटमा साधारण-तया आवाहन गरी सामान्य पूजा सप्तमी विहानसम्म हुन्छ; अनि षष्ठी सायंमा विल्ववृक्ष भएको ठाउँमा गएर त्यसको शाखामा प्रबोधन गरी ल्याएको फूलपाती अपराह्णमा सप्तमीमा पूर्वस्थापित घटमाथि थालीमा राखी त्यसवेला देखि नवमीसम्म महापूजा हुन्छ । कुनै कुनै परम्परामा सप्तमीको विहानै फूलपाती भित्र्याइन्छ । आश्विनको प्रबोधननवरात्र हुनाले प्रबोधनको समयको निर्णय भयो । माघको भोजन-नवरात्र हुनाले नौ दिन नै किसिम

किसिमको नैवेद्यको भोग लगाइन्छ । चैत्रमा शयननवरात्रमा नौ दिन नै किसिम किसिमको आसन र अन्त्यमा शय्या चढाइन्छ । आषाढको परिवर्तननवरात्रमा घण्टा चमर चढाई नौ दिनसम्म किसिम किसिमको धूप हालेर परिवर्तन गराइन्छ । विशेष कुरा यी हुन् । तर यसको साथै सबै नवरात्रमा महापूजा त नौ दिन सम्मै हुनु पर्छ । अरु तीन नवरात्रमा महापूजाको विधान र तिथिको निर्णय एकै प्रकारको हुँदा यी तीनको बारेमा विशेष लेख शास्त्रमा पाइँदैन । रम्भकल्पमा अष्टादशभुजी उग्रचण्डाले महिषासुरलाई मारिन् । त्यसपछि नीललोहितकल्पमा षोडशभुजा भद्रकाली भएर महिषासुरलाई मारिन् । फेरि श्वेतवाराहकल्पमा दशभुजी कात्यायनी भएर महिषासुरलाई मारिन् ।

प्रबोधनको बारेमा 'महाथर्वणसंहिता' मा यस्तो वचन छ–

'अष्टादशभुजा दुर्गा उग्रचण्डेति या स्मृता ।
सैवेयं षोडशभुजा भद्रकालीति गीयते ।।
दशभिर्बाहुभिर्युक्ता सैव कात्यायनी स्मृता ।
भिन्नध्याना कल्पभेदान्महिषासुरमर्दिनी ।।
कालभेदे बोधनीया सा दुर्गोत्सवकर्मणि ।
आश्विनासितपक्षे तु दिवा संपूज्य भक्तितः ।
खड्गे नवम्यामार्द्रायामुग्रचण्डां प्रबोधयेत् ।।'

भावार्थः–

"उग्रचण्डा भन्ने कहलिएकी अष्टादशभुजा दुर्गा नै षोडशभुजा भद्रकाली तथा दशभुजी कात्यायनी हुन् । उनै महिषासुरमर्दिनीको कल्पभेदले नामभेद भएको हुनाले दुर्गोत्सवकर्मको लागि कालभेदले अर्थात् फरक फरक वेलामा प्रबोधन हुन्छ । आश्विन कृष्ण नवमी दिउँसो आर्द्रा नक्षत्रमा उग्रचण्डाको प्रबोधन गर्नु पर्छ ।"

'लिङ्गपुराण' 'देवीपुराण' र 'महाकालसंहिता' ले पनि उग्र चण्डाको आश्विन कृष्ण नवमी आर्द्रा मध्याह्नमा खड्गमा प्रबोधन हुने मतलाई सकार गर्दछन् ।

तिथि र नक्षत्र जुटेन भने तिथि नै लिनु पर्छ भन्ने 'निर्णयसिन्धु' को उक्ति यस्तो छ–

"तिथिनक्षत्रयोर्योगे द्वयोरेवानुपालनम्
योगाभावे तिथिर्ग्राह्या देव्याः पूजनकर्मणि ।।"

अर्थात् – "तिथि र नक्षत्र एकै दिन जुटेमा सोही वेला र त्यस्तो नभए तिथि नै देवीपूजाको लागि लिइन्छ ।"

भद्रकालीको विषयमा 'महार्थवणसंहितामा' यस्तो छ–

'इषे शुक्लप्रतिपदि भुजैः षोडशभिर्युताम् ।
वोधयित्वा भद्रकालीं नवम्यन्तं प्रपूजयेत् ।।"

अर्थात्– "आश्विन शुक्ल परेवामा षोडशभुजा भद्रकालीको प्रवोधन गरी नवमीसम्म पूजा गर्नू ।"

'महाकालसंहिता' ले पनि यही मत सकार्छ, तर 'लिङ्गपुराण' को मत भने यस्तो छ–

यदा तु षोडशभुजां महामायां प्रपूजयेत् ।
दुर्गातन्त्रेण मन्त्रेण विशेषं तत्र वै शृणु ।।
कन्यायां कृष्णपक्षे तु एकादश्यामुपोषितः ।
द्वादश्यामेकभक्तं च नक्तं कुर्यात् परेहनि ।।
चतुर्दश्यां महामायां बोधयित्वा विधानतः ।
गीतवादित्रनिर्घोषैर्नानानैवेद्यवेदनैः ।।
अयाचितं बुधः कुर्यादुपवासं परेहनि ।
एवमेव व्रतं कुर्याद्यावद्वै नवमी भवेत् ।।"

अर्थात्– "षोडशभुजा महामाया (भद्रकाली) को दुर्गातन्त्रले पूजा हुन्छ । आश्विन कृष्णपक्षको एकादशीमा उपवास, द्वादशीमा एक-भक्त, त्रयोदशीमा रातमा मात्रै खाने भई वसेर चतुर्दशीमा गानवजानसहित प्रबोधन गरी शुक्ल नवमीसम्म यस्तै नक्तव्रत गरेर पूजा हुने हुन्छ ।"

कात्यायनीको विषयमा 'कालिकापुराणमा' यस्तो वचन छ–

"बोधयेद्विल्वशाखासु षष्ठयां देवीं फलेषु च ।
सप्तम्यां विल्वशाखां तामाहृत्य प्रतिपूजयेत् ।।
पुनः पूजां तथाष्टम्यां विशेषेण समाचरेत् ।
जागरं च स्वयं कुर्याद्बलिदानं महानिशि ।।
प्रभूतबलिदानं च नवम्यां विधिवच्चरेत् ।।
जपहोमसमायुक्तो भोजयेद्वै कुमारिकाः ।
ध्यायेद्दशभुजां देवीं दुर्गातन्त्रेण पूजयेत् ।
विसर्जनं दशम्यां तु कुर्याद्वै शारदोत्सवैः ।।"

अर्थात्– "विल्वशाखा र फलफूलहरूमा देवीलाई (आश्विन सुदी) षष्ठीमा प्रबोधन गरेर, सो विल्वशाखा सप्तमीमा ल्याएर आवाहन गरी पूजा गर्नु पर्छ । फेरि अष्टमीमा विशेष पूजा गरी जागरण बसी आधारातमा बलिदान गर्नु पर्छ । नवमीमा बिधि-पूर्वक प्रशस्त बलिदान र जपहोम गरी कुमारीलाई खुवाउनु पर्छ । यस चालले दशभुजा दुर्गा (कात्यायनी) को दुर्गातन्त्रले पूजा गर्नु पर्छ । दशमीमा धुमधाम उत्सव गरेर विसर्जन गर्नु पर्छ । दुर्गाविषयमा नौ दिनमा पूजा हुने नवशक्ति भनिएका नवदुर्गाहरू हुन् । तिनमा पनि भद्रकाली र उग्रचण्डीको कल्पभेदले गर्दा नाम र ध्यानमा भेद हुन्छ । तिनमध्ये भद्रकालीकल्पका नवदुर्गा यस्ता हुन्छन्—

"प्रथमं शैलपुत्री च द्वितीयं ब्रह्मचारिणी ।
तृतीयं चन्द्रघण्टेति कुष्मांडेति चतुर्थकम् ।।
पञ्चमं स्कन्दमातेति षष्ठं कात्यायनीति च ।
सप्तमं कालरात्री च महागौरीति चाष्टमम्
नवमं सिद्धिदात्री च नवदुर्गाः प्रकीर्तिताः ।।"

भावार्थ–

"शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्द-माता, कात्यायनी, कालरात्री, महागौरी अनि सिद्धिदात्री यति नव दुर्गा कहिन्छन् ।"

फेरि उग्रचण्डाकल्पका नवदुर्गा यी हुन्–

"रुद्रचण्डा प्रचण्डा च चण्डोग्रा चण्डनायिका
चण्डा चण्डवती चैव चण्डरूपातिचण्डिका ।
महोग्रचण्डिका चेति नवदुर्गाः प्रकीर्तिताः ।।"

भावार्थ–

"रुद्रचण्डा प्रचण्डा चण्डोग्रा चण्डनायिका चण्डा
चण्डवती चण्डरूपा अतिचण्डिका अनि महोग्रचण्डिका"
यति नवदुर्गा कहिन्छन् ।

यी दुई क्रममा घटस्थापना भन्दा अघि नै प्रबोधन हुने हुनाले नौ दिन सम्म प्रत्येक दिनमा एकेक दुर्गाको पूजा हुन्छ । तर कात्यायनी–कल्पमा भने सप्तमीमा मात्रै प्रबोधन भएको पत्रिका प्रवेश हुने हुनाले सो तीन दिन मात्रै कात्यायनीको महापूजा हुन्छ र अरु दिन साधारण पूजा दुर्गाको अष्टाक्षर वा त्र्यक्षर मन्त्रले मात्रै हुन्छ । अतः यस कल्पमा नवदुर्गाको नामभेद हुँदैन । यस कल्पको विधान छापिएकोले धेरै जनाको परम्परामा यसै कल्पको चलन छ ।

'श्रीक्रमचिन्तामणितन्त्र' मा यस्तो उक्ति छ—

"कालिकोपासकानां तु भद्रकाली वरप्रदा ।
श्रीविद्योद्यतकौलानामुग्रचण्डा सुसिद्धिदा ।।"

अर्थात्— "कालीकल्पको उपासकको लागि भद्रकालीकल्प र श्रीकल्पको उपासकको लागि उग्रचण्डाकल्प सिद्धि दिने हुन्छन् ।"

यी दुई कल्पमा पञ्चाचारबाट उपासना हुँदैन, तर कात्यायनीकल्पमा भने पञ्चाचारबाट पनि उपासना हुन्छ ।

आश्विनको नवरात्र खास दुर्गोत्सव र शाक्तपर्व हुनाले श्रीविद्योपासकहरूले यस पर्वमा प्रातःकालमा 'बृहद्भवानलतन्त्र'को उक्ति बमोजिम चक्रनायिकाको क्रमले र मध्याह्नमा 'महाकालसंहिता'को उक्ति बमोजिम उग्रचण्डाक्रमको मतले अनि सायंमा आ-आफ्नो गुरुपरम्परानुसारको आम्नायक्रमले सपर्या (पूजा) गरी त्रिकाल महापूजा गर्नु पर्छ । अरू तीन महोत्सवमा (दशैंमा) भने श्रीविद्याकै मतले मात्रै सपर्या हुने हुन्छ । कालीकल्पको वारेमा मेरो यो कल्प नहुनाले मलाई यथार्थ कुराको ज्ञान नहुनाले अनुमानले मात्र लेख्न नसकेकोमा क्षमाप्रार्थी छु । श्रीविद्याको आश्विन नवरात्र पर्वमा पूजा हुने नव चक्रनायिका यी हुन्—

"त्रिपुरा, त्रिपुरेशी, त्रिपुरसुन्दरी, त्रिपुरवासिनी, त्रिपुराश्री, त्रिपुरामालिनी, त्रिपुरासिद्धा, त्रिपुराम्बा र महात्रिपुरभैरवी ।"

अरु तीन दशैंको वारेमा 'कल्पवृक्षतन्त्र'मा यस्तो उक्ति छ—

"इषे कार्या महापूजा पूर्वोक्तविधिना शिवे ।
माघे चैत्रे तथाषाढे तथैव बोधनं विना ।।
माघे तु भोजनं दद्यान्नानाव्यञ्जनसंयुतम्
चैत्रे शुक्ले नवम्यां तु दुर्गाशय्यां समर्पयेत्
शुक्लप्रतिपद्याषाढे दद्याच्चामरघण्टिकाम् ।।"

भावार्थ—

"माथि बताए झैं आश्विनमा महापूजा गर्नु पर्छ । माघ चैत्र र आषाढमा पनि प्रबोधन नगरेर अरू सबै पूजा उस्तै विधानले गर्नु पर्छ । विशेष गरेर माघमा प्रतिदिन अनेक थरीका नैवेद्य चढाउनू, चैत्र शुक्ल नवमीमा शय्या समर्पण गर्नू, फेरि आषाढ शुक्ल परेवामा चमरघण्टा टकयाउनु पर्छ ।"

यस्तो उक्ति हुनाले आश्विनमा जुन कल्पबाट दुर्गाको सपर्या भएको हुन्छ अरु तीन दशैंमा पनि उसै कल्पबाट सपर्या हुन्छ । कुनै कुनै परम्परामा 'माघे' भन्ने ठाउँमा 'पौषे' भन्ने पनि देखिन्छ, तर श्रीकल्पमा भने माघमै दशैं मानिन्छ ।

अब यो दशैंको तिथि-निर्णय बारेमा केही कुरा झल्काउँछु । 'रुद्रायामल तन्त्र'मा यस्तो उक्ति छ—

"अमायुक्ता सदा चैव प्रतिपन्निन्दिता मता ।
तत्र न स्थापयेत् कुम्भं दुर्भिक्षं जायते ध्रुवम् ।।
प्रतिपत् सद्वितीया तु कुंभारोपणकर्मणि ।।"

भावार्थ—

औंसी सहितको परेवा निन्दित हुनाले द्वितीया सहितको परेवामा घटस्थापना गर्न पर्छ ।"

'उड्डामर तन्त्रमा' यस्तो उक्ति छ —

"अमायुक्ता न कर्तव्या प्रतिपत् पूजने मम ।
मुहूर्तमात्रा कर्तव्या द्वितीयादिगुणान्विता ।।
आद्याः षोडश नाडीस्तु लब्ध्वा यः कुरुते नरः ।
कलशस्थापनं तत्र अरिष्टं जायते ध्रुवम् ।।"

भावार्थ—

"औंसीयुक्त परेवामा घटस्थापना गर्नु हुँदैन । एक मुहूर्त

मात्रै परेवाले भेटे पनि द्वितीयामै घटस्थापना गर्नु पर्छ । परेवाको सोह्र नाडी ननघाई घटस्थापना गर्नु हुँदैन त्यसो गर्नाले अरिष्ट हुन्छ ।"

विसर्जनको बारेमा 'स्कन्दपुराण' मा यस्तो वचन छ —

"आश्विने शुक्लपक्षे तु या भवेद्दशमी तिथिः ।
एकादशमुहूर्ता सा ग्राह्या श्रवणसंयुता ।।"

भावार्थ—

'आश्विनशुक्लदशमी श्रवणयुक्त एघार मुहूर्त लिइन्छ ।"

'देवीपुराणमा' यस्तो वचन छ—

'सूर्योदये यदा राजन् दृश्यते दशमीतिथिः ।
आश्विने मासि शुक्ले तु विजयां तां विदुर्बुधाः ।।"

"आश्विन सुदी दशमी सूर्योदयको वेलामा परेको दिन विजयादशमी ठहरिन्छ ।"

"दशमीं यः समुल्लङ्घ्य प्रस्थानं कुरुते नृपः ।
तस्य तं वत्सरं राज्ये न क्वापि विजयो भवेत् ।।"

भावार्थ—

"दशमी नघाएर प्रस्थान गर्ने राजाको राज्यमा वर्ष भरिनै विजय हुँदैन ।"

"दशमी टुट्यो भने नवमीको उदय कै दिन नवमीको पूजा समाप्त गरी दशमीको पूजा र विसर्जन गर्नु पर्छ ।" भन्ने त्यस उक्तिको मतलव हो । प्रायः धेरै जनाको यो मत छ । तर खास गरेर ठूला ठूला आगमहरूमा र वीर तथा कौलहरूको महापूजामा ठूलो विधान हुनाले र मध्याह्नभन्दा अघि नै विसर्जन गरी प्रस्थान गर्नु पर्ने हुँदा 'विजयातन्त्र' मा यस्तो शिवोक्ति छ—

"उदये नवमी किञ्चिन्नष्टा च दशमी तिथिः ।
तदा काले न गन्तव्यमेकादश्यां तु चारणम् ।।"

भावार्थ –

"उदयमा नवमीको केही अंश परी दशमी टुट्न गयो भने कालको विचारै नगरेर (भोली पल्ट) एकादशीमा विसर्जन गर्नु पर्छ ।"

तर यस्तो भएपनि 'हेमाद्रिमा' यस्तो उक्ति छ –

'दशम्यां तु नरैः सम्यक् पूजनीयापराजिता ।।"

भावार्थ –

"दशमीमा नै अपराजिताको पूजा गर्नु पर्छ ।"

अतः जस्तै परे पनि अर्थात् दशमी नवमीको उदयमा परेर एकादशीमा विसर्जन भए पनि अघिल्लै दिनमा दशमी भेट्टाएर अपराजिताको पूजा गर्नु पर्छ ।

जूठोसूतकको वारेमा 'विश्वरूपनिबन्ध, मा यस्तो उक्ति छ–

"सूतकं वर्तमाने च तत्रोत्पन्नं यदा भवेत् ।
देवीपूजा प्रकर्तव्या पशुयज्ञविधानतः ।।
सूतके पूजनं प्रोक्तं दानं चैव विशेषतः ।
देवीमुद्दिश्य कर्तव्यं तत्र दोषो नविद्यते ।।"

भावार्थ-

"पूजा थाले पछि जूठो सूतक परे पनि पशुयागको विधानपूर्वक देवीको पूजा र विशेष गरेर देवीको उद्देश्यले दान पनि गर्नु पर्छ; त्यसमा दोष लाग्दैन ।"

यस्ता निर्णयहरू नवरात्रको बारेमा धेरै छन् यहाँ त दिग्दर्शनको रूपमा अलि अलि मात्रै दर्शाएको छु ।

यस पद्धतिमा विशेषतः धेरै जनाको परंपरामा कात्यायनी दुर्गाको पूजा गर्ने चलन भएको हुनाले कात्यायनीको पद्धति मात्र चारै वर्णको लागि हुने गरी तान्त्रिक र पौराणिक विधान राखी लेखेको छु। ब्राह्मणहरूको लागि वेदको कण्डिकाको वहाँहरूबाटै पूजा गर्ने अवस्थामा प्रयोग हवस्। अरू तान्त्रिक मन्त्रको वारेमा केवल वीजहरूको र मन्त्रको नाम सम्म यस्मा दर्शाउँछु। दीक्षितहरूले सोही नामको आधारले पूजामा मन्त्र-प्रयोग गर्नु हुने नै छ। म मन्त्र स्पष्ट लेखि दिएर तन्त्रको प्रदर्शन गराउन असमर्थ छु। किनभने शास्त्रको वचन र मेरो पूज्य गुरुदेवको वचन समेत यस्तै छ। मन्त्र प्रष्ट नलेखेकोमा क्षमा याचना गर्दछु। तर पुस्तकको अन्त्यमा एउटा सानो मन्त्रसंकेत (संक्षिप्त मन्त्रकोश) दिएकोछु र त्यसैबाट यसको समस्या समाधान हुने आशा लिएकोछु।

मिति
२०३१।७।२५।१
नक्साल

विनीत
रथी धन शम्शेर ज. ब. रा.

शारदीयदुर्गापूजापद्धतिः

(कात्यायनीकल्पको)

अथ शारदीयदुर्गापूजापद्धतिः

(कात्यायनीकल्पको)

कर्मपात्र बनाउने विधि

पहिले आफ्नो आसनमा वसी आचमन गरेर तलका तीन मन्त्रले कर्मपात्र स्थापना गर्नू–

" ॐ यद्देवा ..... " इत्यादि

(हे देवदेवता, हामीले जो तपाईँहरूको अवहेलना गरेर पाप गरचौं त्यसबाट अग्निले मलाई छुटाउन् ।)

"ॐ यदि दिवा यदि नक्तमेना ... " इत्यादि

(हामीले दिउँसो वा राती कुनै पाप गरेका भए त्यसबाट वायुले मलाई छुटाउन्)

" ॐ यदि जाग्रद्यदि ..... " इत्यादि

(यदि हामीले जाग्रत् वा स्वप्न अवस्थामा कुनै पाप गरेको भए त्यसबाट सूर्यले मलाई छुटाउन्)

अनि त्यसमा यो मन्त्रले पवित्र र कुशहरू हाल्नूँ–

"ॐ पवित्रेस्थो वैष्णव्यौ ..... " इत्यादि

(सवैलाई शुद्ध गराउने हे पवित्र हो, तिमीहरू यज्ञको लागिका हौ र म तिमीहरूद्वारा सविताको प्रेरणाबाट जललाई माथितिर छर्किदै छिद्ररहित शुद्ध वायु र सूर्यका किरणले पवित्र गराउँछु । सवैलाई पवित्र पार्दै जाने हे जल ! आज यो यज्ञ र यज्ञका पालक देवकाम यजमानलाई अघि बढाऊ)

यो मन्त्रले जल हाल्नू–

" ॐ शन्नोदेवी ....." इत्यादि

(जल हाम्रा स्नान पानमा सुख दिने र रोग भयहरू हटाउने हउन्)

यो मन्त्रले चन्दन हाल्नू–

"ॐ गन्धद्वारां दुराधर्षां ....." इत्यादि

(गन्धद्वारा जानिने, दुराधर्ष, वनस्पतिले र गाईवस्तु-हरूले सँधै परिपूर्ण, सकल प्राणीहरूकी अधिष्ठात्री ती पृथ्वीस्वरूप लक्ष्मीलाई म आवाहन गर्दछु)

यो मन्त्रले जौ हाल्नू–

"ॐ यवोसि ..... " इत्यादि

(हे जउ, तिमी पृथक्कर्ता छौ । हाम्रो दुर्भाग्य र दरिद्रता हटाइदेऊ)

यो मन्त्रले तिल हाल्नू–

"ॐ तिलोसि सोमदैवत्यो ....." इत्यादि

(हे तिल, तिम्रा देवता सोम हुन् । तिमी देवनिर्मित छौ । जलसित मिलेर स्वधाद्वारा हाम्रा पितृहरूलाई तृप्त गराइदेऊ)

यो मन्त्रले अक्षता हाल्नू–

"ॐ अक्षन्नमीमदन्त ....." इत्यादि

(तृप्त र प्रसन्न भएका पितृहरूले खुशीले शिर हल्लाउँदै उज्यालो मुख गरेर मेधावी बनेर आफ्नू अपूर्व बुद्धिद्वारा प्रशंसा गरे । हे इन्द्र अब तिमी आफ्ना घोडाहरूलाई रथमा जोत)

यो मन्त्रले फूल हाल्नू–

"ॐ श्रीश्चते लक्ष्मीश्च ....." इत्यादि

(हे पुरुष, श्री र लक्ष्मी तिम्रा पत्नी हुन्, दिन र रात तिम्रा पार्श्वभाग हुन् । नक्षत्र तिम्रा रूप हुन्, आकाश र पृथ्वी तिम्रो वाएको मुख हो । तिमी मेरो परत्र र सवैलोक सप्रोस भन्ने चिताऊ)

त्यसपछि तलको मन्त्र पढेर कुशपवित्रले कर्मपात्रको जल लिएर आफूलाई पनि सेचन गर्नू अन्त पनि सवैतिर छर्कनू–

"ॐ अपवित्रः पवित्रो वा ....." इत्यादि

म चोखो हुं कि विटुलो जुनसुकै स्थितिमा हऊँ ।
श्रीविष्णुलाई सम्झेर चोखो सर्वत्र नै बनूं ।।
पुण्डरीकाक्ष विष्णुले चोखो गराउन् ।

यति कर्मपात्र स्थापना गर्नू ।

अब यहाँ सर्वप्रथम यस पद्धतिमा संकेत गरिने कुराहरू दर्शाउँछु–

वाग्वीज, मायावीज र रमावीज यी तीनको समूहलाई "त्रितार" भन्दछन् । उस्तै वाग्वीज, मायावीज, श्रीवीज, खेचरी वीज र श्रीप्रासादवीजलाई पञ्चतार भन्दछन् । षड्दीर्घभाजा

वीजले भनेकोमा जुन वीज वा कूटको षड्दीर्घभाजा भनिन्छ त्यो वीज वा कूटको व्यंजनवर्णहरूको समूहमा क्रमैसित आ,ई,ऊ,ऐ,औ र अः यति छ स्वरहरू जोडिन्छन् । अदीक्षितहरूले यस पद्धतिबाट पूजा गर्नु हुँदैन । दीक्षितहरूलाई संकेतबाट सुलभ हुने गरी यो पद्धति लेखिन्छ । त्रितार पंचतार लेखिएको ठाउँमा द्विजहरूले त्यसको अगाडी प्रणव समेत लगाउनु पर्छ ।

अब आसनशुद्धि गर्नलाई आसन राख्ने ठाउँमा सिंदूरले वा केवल पानीले विन्दु, त्रिकोण, वृत्त र चतुरस्र लेखी शक्तिवीज उच्चारण गरी अस्त्राय फट् भनी कर्मपात्रको जल त्यसमा सेचन गर्नू । अनि दायाँ हातले त्यहाँ छोई– "अस्यासनमन्त्रस्य मेरुपृष्ठ ऋषिः सुतलं छन्दः कूर्मो देवताऽऽसनोपवेशने विनियोगः।"

(यो आसन मन्त्रको मेरुपृष्ठ ऋषि, सुतल छन्द, कूर्म देवता, आसनमा वस्न विनियोग गर्दछु)

भन्ने यो मन्त्र पढ्नू ।

अनि त्यहाँ मायावीज उच्चारण गरी 'आधारशक्ति-कमलासनाय नमः' भनी पूजा गर्नू र त्यहाँमाथि वस्नू ।

(अवदेखि जुन जुन वीज उच्चारण गर्ने हो, सोही सोही वीजको केवल नाम सूचित गरिने छ ।)

त्यसपछि आसनमा बसेर आफ्नो अगाडी केही दाहिनेपट्टि भुईमा विन्दु, त्रिकोण, वृत्त र चतुरस्र लेखी (शक्ति) अस्त्राय फट् भनी कर्मपात्रको जल सेचन गर्नू । अनि सोहीमन्त्रले अर्घको आधार अर्थात् त्रिखुट्टीलाई सेचन गरी त्यस यन्त्रमाथि राख्नू र रं वह्नि-मण्डलाय दशकलात्मने नमः भनी त्यसलाई पूजा गर्नू । अनि अर्घ-पात्रलाई (शक्ति) अस्त्रायफट् भनी पखाली त्रिखुट्टीमाथि स्थापना गर्नू र अँ अर्कमण्डलाय द्वादशकलात्मने नमः भनी पूजा गर्नू र

विलोम मातृकाले अर्थात् क्षँ, लँ, हँ, सँ, षँ, शँ, वँ, लँ, रँ, यँ, मँ, भँ, बँ, फँ, पँ, नँ, धँ, दँ, थँ, तँ, णँ, ढँ, डँ, ठँ, टँ, ञँ, झँ, जँ, छँ, चँ, ङँ, घँ, गँ, खँ, कँ, अः, अँ, औँ, ओँ, ऐँ, एँ, ऌँ, ऌँ, ऋँ, ॠँ, ऊँ, उँ, ईँ, इँ, आँ, अँ ले अर्घपात्रमा जल हाली सँ सोममण्डलाय षोडशकलात्मने नमः भनी पूजा गर्नू । अनि कूर्ममुद्राले ढाकी यँ १०, रँ १० ले अभिमन्त्रण गरी धेनुमुद्रा देखाई वँ १० ले अभिमन्त्रण गर्नू । अनि फेरि मत्स्यमुद्राले ढाकी–

गङ्गे च यमुने चैव गोदावरि सरस्वति ।
नर्मदे सिन्धु कावेरि जलेस्मिन् सन्निधिं कुरु ॥

(हे गङ्गा यमुना फेरि गोदावरी सरस्वती ।
नर्मदा सिन्धु कावेरी वस्नोस् यो जलमा अब ॥)

यति अभिमन्त्रण गरी अंकुशमुद्रा देखाएर–

"ब्रह्माण्डोदरतीर्थानि करैः पृष्टानि ते रवेः ।
तेन सत्येन देवेश तीर्थं देहि दिवाकर ॥"

(तिम्रा किरणले सारा तीर्थ ब्रह्माण्डका सबै ।
छुन्छन् भन्ने कुरा साँचो हुँदा हे भास्कर प्रभु
दिनुहोस् तीर्थ यसमा कृपा गरी दिवाकर ॥)

यति भनी अंकुशबीज उच्चारण गरी सो जलमा तीर्थ आवाहन गर्नू । अनि दुर्गाको षडंगले "ह्राँ दाँ हृदयाय नमः' ह्रीँ दीँ शिरसे स्वाहा, ह्रूँ दूँ शिखायै वषट्, ह्रैँ दैँ कवचाय हुँ, ह्रौँ दौँ नेत्रत्रयाय वौषट्, ह्रः दःअस्त्राय फट्"यति पूजा गरी प्रणवले एउटा फल त्यसमा हाली (त्रितार) सामान्यार्घपात्राय नमः भनी दुवो फूल त्यसमा हाल्नू । पञ्चामृत पनि हाले हुन्छ । अब आफ्नो संध्याकर्म समाप्त गरी दुर्गाको करषडंगन्यास गर्नू । यसमा कसैको मतमा दुर्गाको अष्टाक्षरी मन्त्र र कसैकोमा दुर्गाको त्र्यक्षरी मन्त्रको प्रयोग गर्छन् ।

अष्टाक्षरी मन्त्र यस प्रकारको हुन्छः–

"प्रणव अनि देवीप्रणव अनि दुर्गावीज उच्चारण गरी ङेयुक्त दुर्गा भनी नमः" भन्नू ।

त्र्यक्षरी मन्त्र चाहिं यस प्रकारको हुन्छ–

"पाशवीज अनि देवीप्रणव अनि दुर्गावीज"

अष्टाक्षरी चाहिं शूद्रादिलाई निषेध छ । यो त्र्यक्षरी चाहिं ब्राह्मण-देखि शूद्रहरू सम्मलाई पनि हुन्छ । विशेषतः सबैले त्र्यक्षरीबाटै गर्नु मेरो मनमा उचित जस्तो लाग्छ। न्यासको हकलाई दुवै मन्त्रको नारद ऋषि गायत्री छन्द दुर्गा देवता । सुधारश्मिवीजको षड्दीर्घ-भाजा "दुर्गायै" पदको अगाडी राखी करषडङ्ग न्यास गर्नू । यो अष्टाक्षरी मन्त्रको विषयमा हो। यस विषयमा शारदातिलक तन्त्रको अष्टाक्षरीको न्यास विषयमा यस्तो उक्ति छ ।

"ऋषिश्च नारदश्छन्दो गायत्रं देवता मनोः ।।
दुर्गा समीरिता सद्भिर्दुरितापन्निवारिणी ।
नमस्कारवियुक्तेन मूलमन्त्रेण साधकः ।।
द्रामाद्यैः सह कुर्वीत षडङ्गानि यथाविधि ।

त्र्यक्षरीको विषयमा चाहिँ तीन वीज दोहरचाएर षडङ्ग गर्नू ।

त्यसपछि संकल्प गर्नू ।

संकल्पः– "हरिः ॐ तत्सत् ३ ॐ विष्णुः ३ अद्य श्री मद्भगवतो महापुरुषस्य विष्णोराज्ञया प्रवर्तमानस्य सकलजगत्सृष्टि-कारणस्य श्रीब्रह्मणो द्वितीयपरार्धे श्रीश्वेतवाराहकल्पे वैवस्वत-मन्वन्तरे अष्टाविंशतितमे युगे प्रह्लादाधिपत्ये मनौ सप्तमे सत्यत्रेता-द्वापरान्ते कलौ कलियुगस्य प्रथमचरणे जम्बूद्वीपे भारतवर्षे भरतखण्डे आर्यावर्तान्तर्गतहिमवत्पर्वतैकदेशे नेपालपीठे श्रीपाशुपतक्षेत्रे अमुकनगरे अमुकग्रामे वा अमुकनदीतीर्थादिसन्निधौ अमुकस्थाने इह पुण्यभूमौ षष्टिसंवत्सराणां मध्ये अमुकनामसंवत्सरे श्रीसूर्ये

दक्षिणायनगते शरद्ऋतौ आश्विने मासे शुक्लपक्षे अमुकवासरान्वितायाम् अमुकस्यां प्रतिपदि पुण्यतिथौ यथानक्षत्रयोगलग्नकरणमुहूर्तान्वितायाम् अमुकराशिस्थिते श्रीसूर्ये अमुकराशिस्थिते चन्द्रमसि अमुकराशिस्थिते देवगुरौ अन्येषु ग्रहेषु यथास्थानं स्थितेषु सत्सु एवं ग्रहगुणविशेषेण विशिष्टायाम् अद्येह अमुकगोत्रः अमुकप्रवरः अमुक (शर्मा, वर्मा, गुप्तः, दासो वा) अहम् मम सपरिवारकस्य त्रिविधोत्पातप्रशमन-पुत्रपौत्रधनायुःकीर्तिलाभ-सकलशत्रुक्षयपूर्वक-सकलसिद्धिजयाप्तिकामो विशेषतः श्रीभगवतीदुर्गादेवीप्रीतिकामः शारदीयार्चननिमित्त्यर्थं घटस्थापनकर्माहं करिष्ये ।"

(तत्सत् ३ विष्णुः ३ आज श्रीभगवान् महापुरुष विष्णुको आज्ञाले प्रवृत्त भएका सारा जगत्का सृष्टिकर्ता श्रीब्रह्माजीको दोस्रो परार्द्धमा श्रीश्वेतवाराहकल्पमा वैवस्वतमन्वन्तरको अट्ठाइसौँ युगमा प्रह्लादको आधिपत्यमा सातौँ मनुका पालामा सत्य त्रेता द्वापरपछिको कलियुगको प्रथम चरणमा जम्बूद्वीपमा भारतवर्ष र भरतखण्डमा आर्यावर्तभित्र पर्ने हिमवान् पर्वतको पार्श्ववर्ती देश नेपालपीठमा श्रीपाशुपत क्षेत्रमा फलानो शहर वा गाउँमा फलानो नदी तीर्थ आदिको निकटवर्ती फलानो ठाउँमा फलानो संवत्सरमा सूर्यनारायण फलानो अयनमा हुँदा फलानो ऋतुको फलानो उत्तम महीनामा फलानो पक्षमा फलानो वार परेको फलानो पुण्यतिथिमा यथायोग्य नक्षत्र योग लग्न करण र मुहूर्तहरू परेको दिन फलानो राशिमा श्रीसूर्य, फलानोमा चन्द्र र फलानोमा वृहस्पति ग्रह र अरू ग्रहहरू यथायोग्य स्थानमा भएको वेलामा ग्रहहरूको यसप्रकारको स्थिति भएको वेलामा आज यहाँ फलानो गोत्रको फलानो प्रवरको म, सपरिवार मेरो तीन प्रकारको उत्पातको शान्ति र छोरा नातिहरू धनधान्यादि, आयु, कीर्तिको लाभ र सबै शत्रुक्षयपूर्वक सबै सिद्धिसहित जयप्राप्तिको लागि खास गरेर दुर्गा भगवती देवी खुसी होउन् भन्ने कामनाले शारदीय

घटस्थापनाको काम गर्दछु ।)

त्यसपछि सामान्य अर्घको जल तलको मन्त्रले भईमा छर्कनू–

"अब्धिना क्षालितासि त्वं वराहेणोद्धृता पुरा ।
मया चैवोपलिप्तासि पवित्रा भव काश्यपि ।।"

(जलले छर्किएकी हौ, जोगिएकी वराहले ।।
मबाट पनि छर्किन्छ्यौ, चोखी नै वन काश्यपि)

अनि कुशले भईमा छोएर यो मन्त्र पढ्नू–

"प्रणवसहित त्रितार पृथ्वीवीज वाराहि पवित्रा भव अनि कूर्च अस्त्र"

अनि त्यस ठाउँमा सिंदूरले चतुरस्रात्मक सर्वतोभद्र नसके विन्दु र चतुरस्र लेखी चन्दन अक्षताले तलको मन्त्रले पूजा गर्नू–

"प्रणवसहित त्रितार चतुःपीठासनाय नमः"

अनि त्यसमाथि माटो हालेर सिंदूरले अर्द्धचन्द्र लेख्नू । अनि जउमा शक्तिवीज र अस्त्राय फट् भनी जल सेचन गर्नू र मत्स्य-मुद्राले ढाकी वायुवीज १० अग्निवीज १० ले अभिमन्त्रण गरी धेनु-मुद्रा देखाई वरुणवीज १० ले अमृतीकरण गर्नू । अनि फेरि मत्स्य-मुद्राले ढाकी आठ पल्ट मूलमन्त्रले अभिमन्त्रण गर्नू ।

अनि–

"यत्र त्वमसि सर्वेषां प्राणभूतोसि देहिनाम् ।
अतस्त्वां वापयाम्यद्य चण्डिकायाः समर्चने ।।

(जो तिमी सब प्राणीका साक्षात् प्राणस्वरूप छौ
चण्डिकार्चनको लागि म छर्दछु तिमीकन)

यो मन्त्रले ती जौहरू माटोमाथि छर्नू र त्यहाँमाथि फेरि माटो हाली

तलको मन्त्रले पानी हाल्नू–

"पंक त्वं पृथीवीरूपो मेघरूपं जलं त्विदम्
त्वमुद्भिज्जस्वरूपाणां जीवरूपोसि देहिनाम्
त्वदंके शारदीयार्चां करोमि शंकराज्ञया
तस्मात् पंक स्थिरोऽसि त्वं यावत्पूजां करोम्यहम् ॥"

(पृथिवीरूप माटो हो यो पानी मेघरूप हो
तिमी टुसाउने रूप देहीका जीवरूप हौ
म तिम्रो काखमा गर्छु यो पूजा शिव उक्तिले
मैले पूजागरेसम्म हे माटो स्थिर भै रहू)

अनि त्यो पानी हालेको माटोमाथि सिंदूरले विन्दु त्रिकोण अष्टकोण त्यस बाहिर अष्टदल अनि प्रत्येक दलमा तीन तीन केशर र त्यस वाहिर चतुरस्रात्मक यन्त्र लेख्नू । सो नसके विन्दु त्रिकोण वृत्त चतुरस्र मात्र लेख्नू र त्यसमाथि तल लेखे बमोजिम पीठ पूजा गर्नू–

विन्दुमा— अँ वाराणसीपीठाय नमः ।
त्रिकोणको अघिल्लो कोणमा–आँ कामरूपपीठाय नमः ।
दाहिने कोणमा–इँ नेपालपीठाय नमः ।
वायाँ कोणमा– ईँ पौण्ड्रवर्द्धनपी० ।

अष्टत्रिकोणमा अगाडीदेखि वायाँ वर्तले–उँ पुरस्तिपी० । ऊँ कर्णकुब्जपी० । ऋँ पूर्णशैलपी० । ॠँ अर्बुदपी० । ऌँ ताम्रकेश्वरपी० । ॡँ एकाम्रपी० । एँ त्रिस्रोतपी०। ऐँ कामकोटपी० ।

अव चौवीश केशरमा पश्चिमदेखि दक्षिणावर्तले–

ओँ चन्द्रपुरपी० । औँ केदारपी० । अँ भृगुनगरपी० । अः श्रीपी० । कँ ओँकारपी० । खँ जालन्धरपी० । गँ मालवपी० । घँ भद्रकालीपी० । ङँ देवीकोटपी० । चँ गोकर्णपी० । छँ मारुतेश्वरपी० । जँ मंगलपी० । झँ अट्टहासपी० । ञँ विरजपी० । टँ राजगृहपी० । ठँ महापथपी० । डँ कोणगिरीपी० । ढँ एलापूरपी० । णँ बाणेश्वरपी० । तँ जयन्तीपी० । थँ उज्जयिनीपी० । दँ चरित्रपी० । धँ क्षिरिकापी० । नँ हस्तिनापुरपी० ।

अष्टदलमा वाँयावर्तले– पँ उड्डीशपी० । फँ प्रयागपी० । बँ षष्ठीशीपी० । भँ मायापुर पी० । मँ जलेश्वरपी० । यँ मलयपी० । रँ श्रीशैलपी० । लँ महामेरुपी० ।

चतुरस्रमा पूर्वदेखि दक्षिणावर्तले– वँ गिरिपी० । शँ महेन्द्रपी० । षँ वामनपुरपी० । सँ हिरण्यपुरपी० । हँ महालक्ष्मीपुरपी० । लँ उड्डीयानपी० । क्षँ छायाछत्रपी० ।

अनि प्रणव वा देवीप्रणव उच्चारण गरी सिद्धेश्वरीपीठाय नमः ।

यति गर्न नसके अँ देखि क्षँ सम्म प्रत्येक अक्षर उच्चारण गरी पंचाशत्पीठेभ्योनमः । प्रणव वा देवीप्रणव सिद्धेश्वरीपीठाय नमः भनी पूजा गर्नू । त्यसमाथि आ-आफ्नो परंपरा अनुसार कलशको आधारमा सामान्यार्घको जल सेचन गरी थाप्नू । त्यसमा मँ वह्निमण्डलाय धूम्रार्चिषादिदशकलात्मने नमः भनी पूजा गर्नू र त्यसमाथि सामान्य अर्घको जल सेचन गरी आ-आफ्नो परंपरा अनुसार सिंगारेको घडा स्थापना गर्नू र त्यससा अँ अर्कमण्डलाय तपिन्यादिद्वादशकलात्मने नमः भनी पूजा गर्नू अनि त्यसमा पृथ्वीबीज पढेर माटो हाल्नू । अनि गायत्री पढेर सानो सुनको प्रतिमा हाल्नू । शूद्रादिले भने

देवीप्रणव पढेर प्रतिमा हाल्नू । विलोममातृका पढेर मूल मन्त्र उच्चारण गरेर जल भर्नू अनि सँ सोममण्डलाय अमृतादिषोडश-कलात्मने नमः भनेर सो जलमा पूजा गर्नू । अनि त्यसमा मूल मन्त्रको अक्षरले हृदयाय नमः भनी पञ्चरत्न हाल्नू । शिरसे स्वाहा भनी फल हाल्नू । शिखायै वषट् भनेर पञ्चपल्लव हाल्नू । कवचाय हूँ भनेर कलशमा वस्त्रले वेर्नू । नेत्रत्रयाय वौषट् भनेर चाँदीको तीनवटा नेत्र अथवा नङले छोडाएको अक्षता मात्र त्यसमा हाल्नू अनि अस्त्राय फट् भनेर थाली राख्ने परंपराकाले यन्त्र लेखेको थाली त्यसमाथि राख्नू खाली घटको मात्र पूजा गर्ने परंपराकाले त्यस घटको जलमा कुशले यन्त्र लेखेको भावना गर्नू ।

यति घटस्थापना गरी मूल घटको आग्नेय तिर भईँमा अष्टदल लेखी त्यसमाथि आफ्-आफ्नो परंपरा अनुसार दीप स्थापना गर्नू र फूल अक्षता हातमा लिई त्यहाँ छोई "दीपनाथ भैरव इहा-गच्छागच्छ इह तिष्ठ तिष्ठ इह सान्निध्यं कुरु अद्यारभ्य दशम्यन्तं शारदीयार्चनार्थे सुस्थिरो भव ।

(हे दीपनाथ भैरव यहाँ आउनुहोस २ वस्नुहोस २ सान्निध्य हुनुहोस । आजदेखि दशमीसम्म शारदीयपूजाको लागि सुस्थिर हुनुहवस ।)

"राँ रीँ रूँ अनि अग्निकूट दीपनाथ भैरवाय नमः ।
त्रितार अष्टदिङ्मातृकाभ्यो नमः
त्रितार रक्त द्वादशशक्तिभ्यो नमः"

अनि फेरि–

त्रितार "रतिकामदेवाभ्यां नमः"

भनी पूजा गरी तलको मन्त्रले प्रार्थना गर्नू ।

"अस्मिन् क्षेत्रे दीपनाथ निर्विघ्नसिद्धिहेतवे ।
शारदीयार्चनार्थेऽस्मिन्ननुज्ञा दीयतां मयि ।

(यो क्षेत्रमा दीपनाथ निर्विघ्न सिद्धिहोस् भनी ।
पूजा गर्न शरद्को यो अधिकार म मा मिलोस्)

अब घटको ईशानपट्टि भईँमा अष्टदल लेखी त्यसमाथि आ-आफ्नो परंपराअनुसार कलशस्थापना गर्नू र वरुणको आवाहन गर्नू–

"त्रितार अनि साङ्गावरण वरुण इहागच्छागच्छ इह तिष्ठ तिष्ठ इह सान्निध्यं कुरु अद्यारभ्य दशम्यंतं शारदीयार्चनार्थे सुस्थिरो भव"

(हे वरुणदेवता यहाँ आउनुहोस २ वस्नुहोस २ सान्निध्य हुनुहोस आज देखि दशमी सम्म शारदीय पूजाको लागि सुस्थिर हुनु हवस)

अनि वशंकरी वीज उच्चारण गरी वरुणकलशाय नमः भनी पूजा गर्नू । अनि वाँ वीँ वूँ वरुणकूट साङ्गावरणाय नमः भनी निम्नलिखित श्लोकले प्रार्थना गर्नू ।

"कलशस्य मुखे विष्णुः कण्ठे रुद्रः समाश्रितः ।
मूले त्वस्य स्थितो ब्रह्मा मध्ये मातृगणाः स्मृताः ।।
कुक्षौ तु सागराः सप्त सप्तद्वीपा वसुन्धरा ।
ऋग्वेदोथ यजुर्वेदः सामवेदोप्यथर्वणः ।।
अङ्गैश्च सहिताः सर्वे कलशं तु समाश्रिताः ।।"

(छन् तिम्रा मुखमा विष्णु घाँटीमा रुद्र आश्रित ।
पींदमा छन् सदा ब्रह्मा वीचमा मातृकागण ।।
पृथ्वी छन् पेटमा सप्तद्वीप सागर संयुत ।
ऋग्वेद र यजुर्वेद सामवेद अथर्व यी ।
अङ्गोपाङ्गयुक्त सारा तिमीमै छन् समाश्रित ।)

अब आग्नेय र पूर्वको वीचमा आ-आफ्नो परंपरा अनुसार गणेश स्थापना गर्नू र फूल अक्षता लिएर-

"त्रितार साङ्गावरण सिद्धिबुद्धिसहित कुलगणपते इहागच्छागच्छ इह तिष्ठ तिष्ठ इह सान्निध्यं कुरु अद्यारभ्य दशम्यंतं शारदीयार्चनार्थे सुस्थिरो भव"

(हे कुलगणपति यहाँ आउनुहोस्२ वस्नुहोस्२ सान्निध्य हुनुहोस आजदेखि दशमीसम्म शारदीय पूजाको लागि सुस्थिर हुनुहवस्)

अब प्रणव वाग्वीज अनि षड्दीर्घभाजा गणेशवीज पृथ्वी र अधोदन्तपंक्ति नादविन्दुसहित गणेशवीज सहितको कुलगणपतये नमः समेत यो अट्ठाईश अक्षरको मन्त्र उच्चारण गरी साङ्गावरणाय सिद्धिवुद्धिसहिताय *कुलगणपतये नमः भनेर निम्नलिखित प्रार्थना गर्नू–

"वक्रतुण्ड महाकाय कोटिसूर्यसमप्रभ
अविघ्नं कुरु मे देव सर्वकार्येषु सर्वदा"
(वाङ्को सूँढ ठूलो देह कोटि सूर्यसरी प्रभा।
भएका देव गर्नुहोस् निर्विघ्न सव काममा)

यति पूजा गरी शंखार्घ थाप्ने परंपराकाले सामान्य अर्घको वायाँ अघि सामान्य अर्घ स्थापना गरेकै विधिले "सामान्यार्घ" भन्ने ठाउँमा "विशेषार्घ" भनेर पूजा गर्नू–

---

* सवै भेदका दुर्गाहरूमा यिनै कुलगणेश्वर गणेश प्रयोग हुन्छन् । आदिवीज भनेको ठाउँमा द्विजहरूले प्रणव र शुद्रादिले अँ प्रयोग गर्नू ।

अनि त्यहाँ हंसः अकारोत्थब्रह्मणः सृष्टिकलाभ्यो नमः हंसः सोहं उकारोत्थविष्णोः स्थितिकलाभ्यो नमः । सोहं मकारोत्थरुद्रस्य संहारकलाभ्योनमः । श्रीप्रासादवीज विन्दुत्थेश्वरस्य लयकलाभ्यो नमः । पराप्रासादवीज नादोत्थसदाशिवस्यानुग्रहकलाभ्यो नमः । यति पूजा गरी फेरि त्यहाँ विन्दु चतुष्कोणको भावना गरी ग्लूँ गगनलोकरत्नाय नमः । स्लूँ स्वर्गलोकरत्नाय नमः । म्लूँ मर्त्यलोकरत्नाय नमः । प्लूँ पाताललोकरत्नाय नमः। न्लूं नागलोकरत्नाय नमः। भनी पूजा गर्नू ।

अब तलको श्लोक पढी आनन्दभैरव र आनन्दभैरवीको ध्यान गर्नू ।

"सूर्यकोटिप्रतीकाशं चन्द्रकोटिसुशीतलम् ।
अष्टादशभुजं देवं पञ्चवक्त्रं त्रिलोचनम् ।।
अमृतार्णवमध्यस्थं ब्रह्मपद्मोपरि स्थितम् ।
बृषारूढं नीलकण्ठं सर्वाभरणभूषितम् ।।
कपालखट्वांगधरं घण्टाडमरुवादिनम् ।
पाशाङ्कुशधरं देवं गदामुशलधारिणम् ।।
खड्गखेटकपट्टिशमुद्गरोच्छूलकुन्तिनम् ।
विचित्रखेटकं मुण्डवरदाभयमालिनम् ।।
लोहितं देवदेवेशं भावयेद्भैरवीयुतम् ।
भावयेच्च सुधां देवीं चन्द्रकोट्ययुतप्रभाम् ।।
हिमकुन्देन्दुधवलां पञ्चवक्त्रां त्रिलोचनाम् ।
अष्टादशभुजैर्युक्तां सर्वानन्दकरोद्यताम् ।।
प्रहसन्तीं विशालाक्षीं देवदेवस्य सम्मुखीम् ।"

(कोटि सूर्य सरी तेजी, कोटि चन्द्रसरी चिसा अट्ठार हातका, पाँच मुखका, तीन नेत्रका अमृतार्णवमा ब्रह्मपद्ममाथि वयल चढी

वसेका नीलकण्ठी ती आनन्दभैरवेश्वर
कपाल खट्वाङ्ग अनि घण्टा डमरु हातमा
पाशांकुश लिएका ती गदामुसल त्यसपछि
खड्ग खेटक पट्टिस मुद्गर शूल कुन्त र
विचित्र खेटक मुण्ड वराभय माला पनि
लिएका हातमा लाल वर्णका भैरवीसँगै
कोटि अयुत जून जस्तै टल्केको शीतलै पनि
हिउँ कुन्द चन्द्र जस्तै सेती पाँचमुखी अनि
सुधादेवी त्रिनयनी अट्ठार बाहुली धरी
आनन्द सवमा राखी खुशीले खित्खिताउने
बस्ने भैरवसन्मुखमा यस्ती आनन्दभैरवी)

यति ध्यान गरी मत्स्यमुद्राले ढाकी आनन्दभैरवको मन्त्र १० र आनन्दभैरवीको मन्त्र १० ले अभिमन्त्रण गरी सोही मन्त्रले पूजा गर्नू। सो अधिकार नभए त्रितार आनन्दभैरवाय वषट् र त्रितार सुधादेव्यै वौषट् भन्ने मन्त्र प्रयोग गर्नू। सो देवदेवीको चारैतिर 'त्रितार तरुणानन्दाद्यष्टभैरवेभ्यो वषट्, तरुणानन्दाद्यष्टभैरवीभ्यो वौषट् भनी पूजा गर्नू। त्यसपछि मत्स्यमुद्राले ढाकी प्रणव र मृत्युञ्जय युगलवीज १० जप्नू। अनि धेनुमुद्रा देखाई वाग्वीज, वशीकरणवीज झ्लूँ अनि मृत्युञ्जय युगलवीज उच्चारण गरी अमृते अमृतोद्भवे अमृतेश्वरि अमृतवर्षिणि अमृतस्वरूपिणि अमृतं स्रावय स्रावय मायावीज अनि मृत्युञ्जय युगलवीज र अग्निवधू (वीज) यी मन्त्र दुईपटक जप्नू। अनि फेरि मत्स्यमुद्राले ढाकी वाग्वीज वद वद वाग्वादिनि फेरि वाग्वीज अनि कामवीज क्लिन्ने क्लेदय क्लेदय महाक्षोभं कुरु कुरु कामवीज शक्तिवीज मोक्षं कुरु कुरु शक्तिवीज र श्रीप्रासादवीज अनि तलको मन्त्रले पूजागर्नू—

"श्रीप्रासादवीज वरुणाय पराप्रासादवीज वारुणीदेव्यै नमः

प्रणव अथवा देवीप्रणव (शूद्रादिको लागि) अनि
ड् र् ल् क् स् है षड्डाकिनीभ्यो नमः ।
याँ योगिनीभ्यो नमः वाँ वटुकनाथवल्लभांबायै नमः
क्षाँ क्षेत्रपालनाथवल्लभांबायैनमः
गाँ कुलगणपतिनाथवल्लभांबायै नमः

अनि आदिवीज अमोघायै नमः, वाग्वीज सूक्ष्मायै नमः
मायावीज आनन्दायै नमः अनि श्रीवीज शान्त्यै नमः

अनि मत्स्य मुद्राले ढाकी मूलमन्त्र ८ जप्नू अनि सो जल वायाँ हातको साहिली र वुढी औंलाले झिकी माथितिर छर्कनू–

"नमो भगवति ग्राह्येश्वरि वारुणि जलमूर्ते ऊर्ध्वविन्दु-ग्राहिणि महालक्ष्मीश्वरि परमधाम्नि परमाकाशभासुरि आगच्छा गच्छ विश विश सुभोगद्रव्यं गृह्ण गृह्ण स्वाहा"

अनि तलको मन्त्रले पात्रमा पूजा गर्नू–

"मायावीज कामवीज परमस्वामिनि परमाकाशशून्य-वाहिनि चन्द्रसूर्याग्निभक्षिणि पात्रं विश विश स्वाहा"

यति विशेषार्घ स्थापना गर्नू ।

विशेषार्घ नथाप्ने परंपराको लागि यस्तै गणेशपूजा पछि सामान्यार्घमा नै विशेषार्घमा गर्न पर्ने सवै पूजा गर्नु पर्छ ।

त्यसपछि मूलघडा र अर्घको वीचमा मूलघडाको ठीक अगाडी एउटा वलिपात्र कुनै एक आधारमाथि थाप्नू र कूर्चवीज व्यापकमण्डलाय नमः, त्रितार अनि श्रीदुर्गादेव्याः वलिपात्राय नमः भनी पूजा गर्नू । अनि करकच्छपीमुद्रामा एउटा फूल लिई निम्नलिखित प्रकारको कात्यायनी दुर्गाको ध्यान गर्नू ।

"जटाजूटसमायुक्तामर्धेन्दुकृतशेखराम् ।
नेत्रत्रयसमायुक्तां पद्मेन्दुसदृशाननाम् ।।
अतसीपुष्पवर्णाभां सुप्रतिष्ठां सुलोचनाम् ।
नवयौवनसंपन्नां सर्वाभरणभूषिताम् ।।
सुचारुदशनां तद्वत्पीनोन्नतपयोधराम् ।
त्रिभङ्गस्थानसंस्थानां महिषासुरमर्दिनीम् ।।
त्रिशूलं दक्षिणे दद्यात् खड्गं चक्रं क्रमादधः ।
तीक्ष्णं बाणं तथा शक्तिं वामतोऽपि निबोधत ।।
खेटकं पूर्णचापं च पाशमंकुशमूर्ध्वतः ।
घण्टां वा परशुं* चापि वामतः सन्निवेशयेत् ।।
अधस्तान्महिषं तद्वद्विशिरस्कं प्रदर्शयेत् ।
शिरश्छेदोद्भवं तद्वद्दानवं खड्गपाणिनम् ।।
सपाशवामहस्तेन धृतकेशं च दुर्गया ।
वमद्रुधिरवक्त्रं च देव्याः सिंहं प्रदर्शयेत् ।।
देव्यास्तु दक्षिणं पादं समं सिंहोपरि स्थितम् ।
किञ्चिदूर्ध्वं तथा वाममङ्गुष्ठं महिषोपरि ।।"

(लर्काएर जटाजूट अर्धेन्दु माथमा धरी
त्रिनेत्र झल्किएको त्यो मुहार चन्द्रमा सरी
पुष्प आलसको जस्तो वर्ण सर्वाङ्गमा हुने
नयाँ यौवनले युक्त गहनाले सुहाउने
सुन्दर दाँतको पंक्ति उठेको स्तन भार पो
तीन ठाऊँ भई बाङ्गो महिषासुरमर्दिनी
दायाँ त्रिशूल र अनि खड्ग चक्र क्रमैसित
तीखो बाण तथा शक्ति बायाँबाट पनि अनि

---

* यहाँ परंपरा भेदले कसैले घण्टा कसैले परशु अर्थात् वज्रको धारण गरेको संझनुपर्छ । दुवै थोक धारण गरेको संझे ११ हात हुन जान्छ ।

माथिदेखि ढाल पूर्णधनु पाश र अंकुश
वज्चरो अथवा घण्टा लिएकी वाम बाहुले
तल राँगोको गिंडदेखि निस्केको महिषासुर
तरवार हातमा त्यो लिएको दैत्य भीषण
दुर्गाको पाशले युक्त वाम वाहुलीले जगर
अँठ्याएकी छँदी ताहीं दाहिनेमा पनि तल
रक्तधारा उकेल्ने त्यो देवीको सिंह वाहन
देवीको दाहिने पाउ ढाडमा सिंहको अनि
उचाली वाम पाउको औंला महिषढाडमा)

अनि आफ्नो हातमा भएको फूलमा सो रूपको भावना गरी त्यसलाई "त्रितार अनि—

महापद्मवनान्तस्थे कारणानन्दविग्रहे ।
सर्वभूतहिते मातरेह्यं हि परमेश्वरि"

(कमलको वनमा बस्ने मद्यले मस्त भैकन
सबैको हित नै गर्ने आउ हे परमेश्वरि)

यति भनी घडामाथि अघि लेखेको यन्त्रमा राख्नू ।

अनि दुई हतकेला जोडेर देखाई तलको मन्त्र भन्नू—

"एहि दुर्गे महाभागे रक्षार्थं मम सर्वदा
आवाहयाम्यहं देवि सर्वकामार्थसिद्धये
अस्मिन् घटे समागच्छ स्थितिं मत्कृपया कुरु
रक्षां कुरु सदा भद्रे विश्वेश्वरि नमोस्तु ते
आदिवीज मायावीज दुर्गे कात्यायनि
आगच्छागच्छ स्वाहा"

(अव दुर्गा महाभागा मेरो रक्षा निमित्तमा
आवाहन म गर्दैछु सबै काम पुगोस भनी

आई यो घटमा वास गरिदेउ निगाहले
रक्षा गर सदा भद्रा विश्वेश्वरी छ वन्दना
हे दुर्गा कात्यायनि आउ आउ स्वाहा)

अव तल लेखिए बमोजिम आवाहनादि मुद्रा देखाई आवाहन गर्नू । पहिले 'दुर्गेदेवि' भनी सबै औंला उत्तानोठाडो पारी बुढी औंलाले जरा छोई आगच्छागच्छ । सोही घोप्टो पारी इह तिष्ठ तिष्ठ । बुढी औंला भित्र हाली मुठी पारी सन्निधेहि २ । सोही मुठी उत्तानो पारी संमुखीभव संमुखी भव । धेनुमुद्रा देखाई अमृतीभव अमृतीभव । बुढी औंला ठडाई मुठी पारी परमीकृताभव भन्नू । यति आवाहन गरी तल लेखिए बमोजिम खाली अक्षताले (आ-आफ्नो परंपराअनुसार बायाँ वा दायाँ हातले) पीठ पूजा गर्नू ।

"मं मण्डूकादिपरतत्त्वांतयोगपीठदेवताभ्यो नमः ।
आदिवीज मायावीज आधाराद्यष्टपुष्टिकासनाय नमः ।
आदिवीज मायावीज महिषासनाय नमः । फेरि
आदिवीज मायावीज अनि सिंहासनाय नमः ।
आदिवीज मायावीज दुर्गाबीज श्रीदुर्गामूर्तियोगपीठात्मने नमः ।

यति पीठपूजा गरेपछि निम्न लेखिए बमोजिम प्राणप्रतिष्ठा गर्नू ।

मृगीमुद्राले अक्षताफूल लिई अघि लेखेको यन्त्रलाई छोई-- "आदिवीज, पाशवीज, मायावीज, अंकुशवीज, वायुवीज, अग्निवीज, पृथ्वीवीज, वरुणवीज, नादविन्दु सहित अस्थिसंज्ञवीज, नादविन्दुसहित पीतावीज, सोमवीज, आकाशवीज अनि हँसः सोऽहं दुर्गादेव्याः प्राणा इह प्राणाः" । सोही वीजहरू उच्चारण गरी दुर्गा-देव्या जीव इह स्थितः । फेरि सोही मन्त्र उच्चारण गरी दुर्गादेव्याः सर्वेन्द्रियाणि वाङ्मनस्त्वक्चक्षुर्जिह्वाघ्राणप्राणा इहागत्य सुखं चिरं तिष्ठन्तु नमः स्वाहा भनी सो हातको फूल अक्षता त्यहीं छोडिदिनू । अनि पाद्यपात्र अर्थात् पञ्चपात्रको पात्रबाट कांछी औंला

र बूढी औंलाले जल झिकी "वाग्वीज पाद्यं नमः", बुढी र चोर औंलाले सामान्य अर्घको जल झिकी "मायावीज अर्घ्यं स्वाहा", साहिली र बुढी औंलाले विशेषार्घको जल झिकी "श्रीवीज आचमनीयं स्वधा" फेरि साहिली र बुढी औंलाले मधुपर्क लिई "खेचरीवीज मधुपर्कं वषट्" र साहिली औंला र बुढी औंलाले "श्रीप्रासादवीज पुनर्आचमनीयं वौषट्"। अनि मूल मन्त्र उच्चारण गरी मूलं शुद्धजलेन स्नपयामि दुर्गादेव्यै नमः, फेरि यसैगरी दुग्धेन, दध्ना, घृतेन, मधुना, शर्करेण फेरि शुद्धजलेन स्नपयामि दुर्गादेव्यै नमः भनी स्नान गराउनू। अनि त्यस्तै गरी मूलमन्त्र उच्चारण गरी वस्त्रं समर्पयामि दुर्गादेव्यै नमः भनी चढाउनू। अनि वाग्वीज उच्चारण गरी साहिली र बुढी औंलाले "इदं चन्दनं गन्धं नमः"। अनि बुढी र माज्झी औंलाले मायावीज सिन्दूरं स्वाहा"। अनि साहिली, माज्झी र बुढी औंलाले "श्रीवीज अक्षतान् स्वधा"। फेरि सोही बमोजिम "यवान् तिलान् स्वधा"। अनि साहिली र बुढी औंलाले "खेचरीवीज मोहनं वौषट्" (यसमा मोहिनी तिलक नपाए जौतिल चढाउनू।) त्यसपछि श्रीप्रासादवीज पुष्पाणि वौषट् (मोहनीकै साथमा आविरकं समर्पयामि भनेर अवीर चढाए हुन्छ)। वायाँ हातको चोर औंलाले घण्टाको टुप्पामा छोई विशेषार्घको जल तत्वमुद्राले झिकी "शक्तिवीज अस्त्रायफट्" भनी सेचन गर्नू। अनि आदिवीज जयजगदध्वनिमन्त्रमातः स्वाहा भनी घण्टालाई पूजा गर्नू। अव शक्तिवीज उच्चारण गरी अस्त्रायफट् भनेर धूपपात्र र दीपपात्रलाई सेचन गर्नू। अनि वाँया हातले घण्टा वजाई दायाँ हातले धूप समाई अनि वाग्वीज धूपं आघ्रापयामि नमः। मायावीज दीपं दर्शयामि नमः। अनि नैवेद्यपात्रलाई शक्तिवीज अस्त्राय फट् भनी विशेषार्घको जलले सेचन गरी मत्स्यमुद्राले ढाकी वायुवीज १० जपी त्यसको विकारलाई शोषण गर्नू। अनि सो शोषण भएको दोषलाई जलाइदिनू। त्यसपछि धेनु-

मुद्राले वरुणवीज १० जपी अमृतीकरण गर्नू । अनि मूलमन्त्र १० पटक जप्नू र ताक्ष्यंवीज जपी ताक्ष्यंमुद्राले निर्विषीकरण गर्नू र त्यो नैवेद्यबाट अलिकति झिकी श्रीवीज उच्चारण गरी नैवेद्यं स्वधा भनी चढाउनू (मूल नैवेद्य चाहिं पछिलाई राख्नू) अब विशेषार्घको जल तत्वमुद्रा (वुढी औँला र साहिँ औँला)ले झिकी आचमनीयं स्वधा, अनिपछि पंचपात्रको जलले श्रीप्रासाद-वीजले गण्डूषादिकं नमः, अनि वाग्वीज सर्वतत्वात्मकं ताम्वूलं समर्पयामि नमः भनी पूजा गर्नू । अनि हात जोडेर–

"सम्विन्मयि परे देवि परामृतचरुप्रिये ।
अनुज्ञां देहि मे मातः 'परिवारार्चनाय ते"

(सम्विन्मयी परादेवी परामृत-चरुप्रिया
आज्ञा पाउँ गर्न पूजा हजुरका परिवारकी)

भनी प्रार्थना गर्नू ।

अब त्यसपछि अक्षता फूलले दाहिने हातको वुढी र चोर औँलाले "पूजयामि" भन्दा पूजागर्नू, "तर्पयामि" भन्दा वायाँ हातको तत्वमुद्राले श्रीपात्रको जलले तर्पण गर्नू । पहिले मूल मन्त्रले षडङ्ग पूजा गर्नू "श्री०" यस्तो लेखेको मा श्रीपादुकां पूजयामि तर्पयामि नमः भनेर दायाँ हातले पूजा र वायाँहातले तर्पण गर्नू ।

अब यन्त्रमा देवीको अगाडीदेखि वामावर्तले–

"अँ असिताङ्गभैरवनाथ आँ ब्रह्माण्यंबा श्री० ।
इँ रुरुभैरवनाथ ईं माहेश्वर्यंबा श्री० ।
उँ चण्डभैरवनाथ ऊँ कौमार्यंबा श्री० ।
ऋँ क्रोधभैरवनाथ ॠँ वैष्णव्यम्बा श्री० ।

लूँ उन्मत्तभैरवानाथ लृँ वाराह्यंबा श्री० ।
एँ कपालीशभैरवनाथ ऐँ इन्द्राण्यंम्बा श्री० ।
ओँ भीषणभैरवनाथ ओँ चामुण्डांम्बा श्री० ।
अँ संहारभैरवनाथ अः महालक्ष्म्यंम्बा श्री० ।"

पूर्वदेखि दक्षिणावर्तले ईशान संम–

"लँ इन्द्रश्री, रं अग्निश्री, मं यमश्री, क्षं निर्ऋतिश्री,
वं वरुणश्री, यं वायुश्री, सं कुवेरश्री, हं ईशानश्री,"

ईशान र पूर्वको वीचमा–– "आदिवीज ब्रह्मश्री,"

नैर्ऋत्य र दक्षिणको वीचमा–– "आं अनन्तश्री",

तिनीहरूको समीपमा उस्तै गरी दक्षिणावर्तले वं वज्रश्री, शं शक्तिश्री, दं दण्डश्री, खं खड्गश्री, पं पाशश्री, अंकुशवीज अंकुशश्री, गं गदाश्री, त्रिं त्रिशूलश्री," ।

ईशान र पूर्वको वीचमा— "पं पद्मश्री"

नैर्ऋत्य र दक्षिणको वीचमा "चं चक्रश्री,"

यन्त्रको बाहिरपट्टि– "माया वीज वज्रनखदंष्ट्रायुधाय महासिंहाय कूर्चवीज, अस्त्रवीज अनि अग्निजायावीज उच्चारण गरी महासिंहासनश्रीपादुकां पूजयामि नमः । त्रितार अनि मं महिषासुराय नमः महिषासुरश्री०, आदिवीज महिषासनश्री०, मूलं-साङ्गावरणा दुर्गादेवी सर्वोपचारैः सुपूजिता संतर्पितास्तु"

यति पूजा गरी प्रार्थना गर्नू–

"अभीष्टसिद्धि मे देहि शरणागतवल्लभे
भक्त्या समर्पये तुभ्यमिदमावरणार्चनम्"

(अभीष्ट सिद्धि दिनुहोस् शरणागतवल्लभा
यो आवरणको पूजा हजुर्मा भक्तिले गरें)

अनि शक्तिवीज अस्त्राय फट् भनी धूपपात्रमा सेचन गरी दाहिने हातले धूप र बायाँ हातमा घण्टा बजाउँदै तलको मन्त्र पढ्दै (पाउ-देखि नाकसम्म चढाएको भावना गरी) चढाउनू ।

"वनस्पतिरसोद्भूतो गन्धाढ्यः सुमनोहरः
आघ्रेयः सर्वदेवानां धूपोयं प्रतिगृह्यताम्"

(वनस्पतीरसैवाट बनेको यो सुवासित
सुँघिने सब देवैले यो धूप लिनुहोस् अब)

अब उस्तै गरी दीपपात्रमा शक्तिवीजपछि अस्त्राय फट् भनी जल सेचन गरी–

"अग्निर्ज्योतीरविर्ज्योतिश्चन्द्रज्योतिस्तथैव च
ज्योतिषामुत्तमो देवि दीपोयं प्रतिगृह्यताम्"

(अग्निको चन्द्रको फेरि सूर्यको पनि ज्योति नै
उत्तम ज्योतिमा देवी यो दीप लिनुहोस् अब ।)

त्यसपछि अघि संस्कार गरेको नैवेद्य देवीको अगाडी नगीचमा राखी बायाँहातको बुढी औंलाले छोई दायाँहातको तत्वमुद्राले विशेषार्घको जल लिई तलको मन्त्र पढ्नू–

मूलं "हेमपात्रस्थितं दिव्यं परमान्नं सुसंस्कृतं
पञ्चधा षड्रसोपेतं गृहाण परमेश्वरि"

(सुनको पात्रमा दिब्य संस्कारयुक्त भोजन
पँचमेलै छरसको लिनुहोस् परमेश्वरी)

"आदिवीज अमृतोपस्तरणमसि" भनेर शङ्खको जल चढाउनू । अनि बाँयाहातले नैवेद्यपात्रमा छोइराखी दायाँहातले तल लेखे बमोजिम पंचग्रास मुद्रा देखाउनू ।

(१) पहिले बुढी, साहिँली र कान्छी औँला जोडी–
"आदिवीज प्राणाय स्वाहा"
(२) अनि चोरी, माज्झी र बुढी औँला जोडी–
"आदिवीज अपानाय स्वाहा"
(३) बुढी, माज्झी र साहिँली औँला जोडी–
"आदिवीज समानाय स्वाहा"
(४) चोरी, माज्झी, साहिँली र बुढी औँला जोडी–
"आदिवीज उदानाय स्वाहा"
(५) त्यसपछि पाँचै औँला जोडी– "आदिवीज व्यानाय स्वाहा"

यी मुद्राहरू देखाउँदा पहिले नैवेद्यपात्रमा छोई देवीको मुखमा छुनू। सबै नैवेद्य देवीलाई समर्पण गरी विशेषार्घको जलले तत्वमुद्रालें चार तत्वले (आत्मतत्व, विद्यातत्व, शिवतत्व, सर्वतत्वले) देवीलाई तर्पण गर्नू। अनि अमृतापिधानमसि भनेर तत्वमुद्राले सामान्यअर्घको जल चढाई त्यसपछि कुनै फलफूल तलको मन्त्रले चढाउनू–

"इदं फलं मया देवि स्थापितं पुरतस्तव
तेन मे सफलावाप्तिर्भवेज्जन्मनि जन्मनि"

(देवी हजुरको सामू राख्दछु फल यो अब
यसबाट हओस सिद्धि मेरो जन्म भरी सब)

त्यसपछि तलको मन्त्रले पान चढाउनू–

मूलं, "केशरेण समायुक्तं कर्पूरेण सुवासितं
मया निवेदितं भक्त्या ताम्बूलं प्रतिगृह्यताम्"

(कर्पूर केशरादिले मगमगाकार पान यो
भक्तिपूर्वक ज्युनारको लागि टक्राउँछु म यो)

त्यसपछि वाग्भव वीज उच्चारण गरी "करोद्वर्तनार्थं सुगन्धं समर्पयामि नमः भनी माज्झी, साहिँली र बुढी औँलाले श्रीखण्डादि सुवासित द्रव्य चढाउनू । अनि यथाशक्ति जपपाठ गरी तलको मन्त्रले पुष्पांजली टक्काउनू–

"सर्वशक्तिसमायुक्ते श्रीमच्छ्रीचण्डिकेश्वरि ।
यथाशक्तिकृतां पूजां गृहाण परमेश्वरि ।।"

(सर्वशक्तिसमायुक्ता श्रीमत् श्रीचण्डिकेश्वरी
यथाशक्ति गरेको यो लिनोस पूजा परेश्वरी)

अब वलिपात्रमा मूलमन्त्रले पूजा गर्नू । अनि दायाँ हातको हंसीमुद्राले (बुढी, चोरी, साहिँली र माज्झी औँला जोडेर)–

"मूलं साङ्गावरणायै श्रीदुर्गादेव्यै एष वलिर्नमः" भनी कृशरान्नादि वलि चढाउनू । वायाँ हातको तत्वमुद्राले विशेषार्घको जल सेचन गर्नू । अब फेरि पंचतार वाँ वटुकनाथाय, गाँ गणपतये, क्षां क्षेत्रपालाय, यां योगिनीभ्यः साङ्गाय सवाहनाय सपरिवाराय सायुधाय··· ··· ···सर्वोपचारैः इमं वलिं गृह्ण गृह्ण सर्वविघ्नान् नाशय नाशय सिद्धिं देहि देहि कूर्चवीज फट् स्वाहा । दायाँ हातको सवै औँलाले यो वलि दिई वायाँहातको तत्वमुद्राले सामान्यार्धको जल सेचन गनूँ । अनि आफ्नो नैर्ऋत्यतिर भईँमा विन्दु, त्रिकोण, वृत्त र चतुरस्र लेखी त्यसमा पहिले "आद्यवीज, मायावीज सर्वविघ्न-कृद्भ्यःसर्वभूतेभ्यो नमः"भनी पूजा गर्नू र दाहिने हातको सवै औँलाले वायाँ हातको तत्वमुद्राले "आदिवीज मायावीज सर्वविघ्नकृद्भ्यः सर्वभूतेभ्यो वलिं गृह्ण गृह्ण स्वाहा" भनी वलि दिनू । अनि त्यही भूतवलिमा निम्नलिखित मन्त्रले फूल अक्षता छरी नाराचमुद्राले विसर्जन गरी बाहिरतिर सेलाइदिनू–

६८९६

"भूतानि यानीह वसन्ति भूतले
वलिं गृहीत्वा विधिवत् प्रयुक्तम्
सन्तोषमासाद्य व्रजन्तु सर्वे
क्षमन्तु तान्यत्र नमोस्तु तेभ्यः।।"

(जो भूत यस भूतलका निवासी
विधिले दिएको वलि यो लिएर
जाउन् सवै तुष्ट र पुष्ट भैकन
क्षमा गरुन् ढोग चढाउँछु अब)

त्यसपछि हातपाउ धोई आचमन गरी मूलमन्त्रले ऋष्यादि करषडंगन्यास गरी–

त्रितार "कर्मत्वं परिपूरभा त्रिनयना चारुमुखाशोभिता
चन्द्राग्न्यादित्यमध्ये विकसितविलसा सामदा मोदरूपा।
नानाकेयूरभूषामणिमयखचितालङ्कृतासर्वदेहा
सा दुर्गा परमेश्वरी विजयते श्रीचण्डिका पातु मां"

कर्मै हौ झलमल्ल की त्रिनयना सुन्दर मुहार युक्त भै
अग्नि श्रीसूर्य चन्द्रै बिच रमण गरी मस्त भै सुप्रसन्ना
वाजू कण्ठादि माला मणिमय गहना युक्त सर्वाङ्गशोभा
ती दुर्गा परमेश्वरी सवतिरै रक्षा गरुन् चण्डिका।

यति प्रार्थना गरी पुष्पाञ्जली गरी क्षमापन गर्नू–

"महिषघ्नि महामाये चामुण्डे चण्डमालिनि
क्षेममारोग्यविजयं देहि देवि नमोस्तुते
रूपं देहि जयं देहि भाग्यं भगवति देहि मे
विद्यां देहि धनं देहि सर्वकामाँश्च देहि मे

शरणागतदीनार्तपरित्राणपरायणे
सर्वस्यार्तिहरे देवि नारायणि नमोस्तुते
जयंती मंगला काली भद्रकाली कपालिनी
दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोस्तुते
मन्त्रहीनं क्रियाहीनं विधिहीनं सुरेश्वरि
यत्पूजितं मया देवि परिपूर्णं तदस्तु मे"

—इति श्रीप्रतिपत्प्रातःपूजाविधि—

× × ×

सायंकालको आरती

साँझमा आफ्नो सायंसन्ध्या सिध्याई त्यहाँ स्थापना भएका सबैलाई मामूली किसिमले पूजा गरी आ-आफ्नो परंपरा-अनुसारको आरतीपात्रमा दीप जगाई शक्तिवीज उच्चारण गरी अस्त्राय फट् भनी सामान्य अर्घको जल सेचन गरी त्यसमा आदिवीज, रमावीज अनि ग्लूँ, स्लूँ, म्लूँ, प्लूँ, न्लूँ (यो पञ्चरत्नविद्या) ले पूजागरी आदिबीज जय जगद्ध्वनि मन्त्रमातः स्वाहा भनी घण्टाको पनि पूजा गर्नू । अनि दायाँ हातमा आरती-पात्र र वायाँ हातमा घण्टा लिएर पहिले मूल मन्त्र अनि पञ्चरत्न-विद्या अनि फेरि मूल मन्त्र उच्चारण गरी आरती गर्नू। अनि सो आरतीपात्र देवीको अगाडी राखी दुई हातको तत्त्वमुद्राले नउ पल्ट देवीको पाउदेखि शिरसम्म मूलमन्त्र पढेर श्रीदुर्गादिव्यै सेचयामि नमः भनी सेचन गर्नू ।

यति गरेपछि चक्रमुद्रा देखाई—

सर्वशक्तिसमायुक्ते दुर्गे दुर्गतिनाशिनि ।
आरार्तिकमिदं देवि गृहाण परमेश्वरि ॥

(सर्वशक्ति सँगै राख्ने दुर्गा दुर्गतिनाशिनी
आरार्तीक यही देवी लिनुहोस परमेश्वरी)

भनी प्रार्थना गर्नू ।

यति सकेपछि यथाशक्ति जपपाठ गरी "शरणागत" इत्यादिले प्रार्थना गरी पूजा समाप्त गर्नू ।

अव द्वितीयादेखि सप्तमीको विहानसम्म माथि वताएको क्रमले दीप कलश गणेशको पूजागर्नू अर्घपात्रहरूमा विशेष केही पूजा गर्नु पर्दैन । "सामान्यार्घामृतपात्राय नमः अनि विशेषार्घामृत-पात्राय नमः" भनेर पूजागरी मूल देवताको षडङ्गले पूजा गर्नू । वलिपात्रमा पनि "आदिवीज र वलिपात्राय नमः" भनेर पूजागर्नू । अनि पीठपूजादेखि भने सवै प्रतिपद् कै जस्तो गर्नु पर्छ । आवाहन र प्राणप्रतिष्ठा गर्नु पर्दैन । बेलुकाको आरती परेवा कै जस्तो गर्नू ।

षष्ठीको दिन

षष्ठीको सायंमा पुगिसरी आउनेले आफ्नो घरदेखि पश्चिम दिशामा रहेको कुनै विल्ववृक्षको शाखामा गई कुनै एक जोर वेलमा र पुगिसरी नआउनेले आफ्नो घरको पश्चिम पट्टि कुनै एउटा घर वा छाप्रोमा नवपत्रिका र जोर वेल ल्याई सो जोर वेलमा तल लेखे वमोजिम पूजा गर्नू ।

(नवपत्रिका यी हुन्– १)केरा २)दाडिम ३)धानको वाला ४)हलेदो ५)मानवृक्ष ६)कच्चुकी ७)वेलपत्र ८)अशोक ९)जयन्ती ।)

अनि नवपत्रिका सहित जोर वेलमा प्रबोधन गर्नू । त्यसमा दुर्गादेवीलाई पञ्चोपचारले पूजा गरी तलको श्लोक पढी प्रार्थना गर्नूँ–

आदिवीज "रावणस्य वधार्थाय रामस्यानुग्रहाय च ।
अकाले ब्रह्मणा बोधो देव्यास्त्वयि कृतः पुरा ॥
अहमप्याश्विने मासे सायाह्ने बोधयाम्यहम् ।
शक्रेणापि च संबोध्य प्राप्तं राज्यं सुरालये ॥

तस्मादहं त्वां प्रतिवोधयामि
यथैव रामेण हतो दशास्यः ॥
तथैव शत्रून्विनिपातयामि ।
विभूतिराज्यप्रतिपत्तिहेतोः ॥

(रावणैलाई मारेर, रक्षा खातिर रामको
ब्रह्माजीले अकालैमा जगाएथे तिमीकन
असोजको साँझमा यो मैले पनि जगाउँछु
जगाई स्वर्गराज्यै त्यो पाएको इन्द्रले पनि

त्यस्तै तिमीलाई जगाउँछु म, मरचो दशास्यै हरिदेखि जस्तै
त्यस्तै सबै शत्रु पछार्दछु म, विभूति राज्यै मिलने मतोले)

त्यसपछि पञ्चतार भगवति श्रीदुर्गे उत्तिष्ठ २ निद्रां जहि २ प्रतिबुद्ध्यस्व २ मम शत्रून् हन २ पातय पातय स्वाहा ।

(पञ्चतार हे भगवती श्री दुर्गा उठ्नुहोस् २ निद्रा मार्नुहोस् २ विउँझनुहोस २ मेरो शत्रुहरू मार्नुहोस २ पछार्नुहोस २ स्वाहा)– भन्नू

त्यसपछि सुगन्धि तेल र हलेदोले देवीलाई तलको मन्त्रले लेपन गर्नू–

"पञ्चतार भगवति श्रीदुर्गे गन्धाचारे हूँ फट्"

अनि तलको मन्त्रले पंचसुगन्ध पनि घस्नू -

आदिवीज "नानासुगन्धगन्धाढ्यं स्वाङ्गस्थामोददायकम् ।
गृहाण दुर्गे हे मातरनुलेपं मयार्पितम्"

(अनेक वास्ना गम्केको, आङमा मोजदायक
चढाएको छु यो मैले आमै दुर्गा लिनोस् अब)

अनि वेलपत्र, जपापुष्प, करवीर पुष्प, पाटलीपुष्प र द्रोणपुष्पको गुच्छा बनाएर देवीको शिरमा मूलमन्त्रले चडाउनू । सो सवै फूल नपाए जो पाएको चढाउनू । अनि आदिवीज रक्ष २ हूँफट् नाराचमुद्राले चारैतिर सेतो सर्स्यु छरिदिनू ।

अनि सो रातभर हिफाजतसाथ ती नवपत्रिकाहरू सबै त्यहीं राख्नू ।

सप्तमी रात्रीपूजा

अपराह्णमा (धेरैको मतमा) र विहान (कसै कसैको मतमा) अघिल्लो दिनमा प्रबोधन गरेको नवपत्रिका दशैंघरको मूलद्वारको वाहिर ल्याई आ-आफ्नो परंपरा अनुसार जयदुर्गाको मन्त्र वा कात्ययनीको २२ अक्षरको मन्त्र वा चण्डीको नवार्ण मन्त्रले पञ्चोपचार पूजा गरी दशैंघरभित्र ल्याई प्रतिपद्मा स्थापना गरेको घडामाथि थालीमा सोही मन्त्र जपेर राख्नू । अब सो मन्त्रको भन्नु पर्ने ठाउँमा "मूलं" भन्ने संकेत राखिन्छ । अब ती मन्त्रहरूका विषयमा केही कुरा झल्काउँछु ।

कात्यायनीको २२ अक्षरको मन्त्र यस प्रकारको छः—

आनन्दभैरवीकूट, सोमाकाशयुक्त राववीज, कामवीज, कूर्चवीज, लज्जावीज, कामेश्वरीकूट यति कूट र वीजहरू उच्चारण गरी "कात्यायनि" भन्ने पद उच्चारण गरी संहारयुक्त राववीज अनि कामदायिनि भन्ने पद उच्चारण गरी क्रोधवीज संहारयुत राववीज उच्चारण गरी अनि नमः स्वाहा भन्नू ।

यो मन्त्र नवात्ममतको हुनाले यसको विनियोग हुँदैन । षड्दीर्घभाजा आनन्दभैरवीकूटले करषडङ्गन्यास हुन्छ । करन्यास चाहिँ कुब्जिकाको जस्तो करशुद्धि गरी कनिष्ठिकाबाट उठाउनु पर्छ ।

भद्रकालीको ३२ अक्षरको मन्त्र यस प्रकारको हुन्छ– प्रणव अनि देवीप्रणव उच्चारण गरी ङेयुत "दक्षयज्ञविनाशिनी" अनि उस्तै ङेयुत "महाघोरा" अनि "योगिनीकोटि" भन्ने पद उच्चारण गरी ङेयुत "परिवृता" भन्ने पद उच्चारण गरी मायावीज त्यसपछि ङेयुत "भद्रकाली" भनी नमः भन्नू । यो मन्त्र सिद्धमन्त्र हुनाले विनियोग गर्नु पर्दैन । प्रणवयुक्त षड्दीर्घभाजा माया-वीजले करषडङ्ग गर्नू ।

जयदुर्गाको मन्त्रमा दुई भेदछ । कसैको मतमा प्रणव अनि दुइचोटि दुर्गालाई संबोधन गरी "रक्षिणि" पद अनि स्वाहा भन्ने दशाक्षरी । कसैको मतमा प्रणवपछि देवीप्रणव समेत प्रयोग गरी सोही बमोजिम मन्त्र उच्चारण गरी एकादशाक्षरी मन्त्र पनि हुन्छ । यिनको विनियोग र न्यास चाहिँ नारदऋषि गायत्री छन्द जयदुर्गादेवता ,प्रणववीजं स्वाहा शक्ति रक्षिणि कीलकम् । प्रणव वा शक्तिसहित प्रणव १, दुर्गे २, दुर्गे ३, रक्षिणि ४, स्वाहा ५, सवै ६ यस्तै करषडङ्ग हुन्छ । नवार्णको वारेमा सप्तशती चण्डीमा छापिएकै हुनाले लोकप्रसिद्धै छ ।

अब पूजा तिर विचार गरौं । यति नव-पत्रिकाहरू स्थापना गरिसके पछि प्रतिपद् वमोजिमको ध्यान गर्नू ।

प्रणव "आरोपितासि चामुण्डे मृण्मये श्रीफलेपि च
स्थिरीभूत्वा तु सततं गृहे त्वं कामदा भव"

(चामुण्डा राखिएकी छौ माटोमा वेलमा पनि
घरमा स्थिर भै नित्य वन्नुहोस वरदायिनी)

त्यसपछि संकल्प गर्नू– "हरिः ॐ तत्सत् ३ॐ विष्णुः ३ अद्येत्यादि अमुकगोत्रस्यामुकस्य मम सपरिवारकस्य सर्वपापक्षय-पूर्वकसांवत्सरिकसर्वदुरिताभाव–दुष्टग्रहशान्तिदुःस्वप्नविनाशनपूर्वक-दुर्गादेवीप्रीतिहेतुकल्याणाप्तिकामः नवपत्रिकापूजनमहं करिष्ये ।।

(हरिः ॐ तत्सत् ३ ॐ विष्णु ३ अद्य हे इत्यादि भनी फलानो गोत्रको फलानो म मेरो परिवारको सबै पाप नाश होस, ग्रह शान्त होस्, कल्याण होस र दुःख पीडा सबै नाश हउन भन्ने हेतुले यो नवपत्रिकाको पूजा गर्दछु ।)

त्यसपछि परेवाको दिन गरे झैं गरी प्राणप्रतिष्ठा गर्नू अनि हात जोडेर प्रार्थना गर्नू–

मूलं "यज्ञभागान् गृहाण त्वं सर्वाभिः शक्तिभिः सह
शारदीयामिमां पूजां ग्रहीतुं त्वमिहागता
स्वागतं ते महादेवि प्रणामं त्वं गृहाण मे"

मूलमन्त्र, (यज्ञभाग लिनुहोस् लौ सबै शक्तिहरू सँगै
शारदीय यही पूजा सकार्न पाल्नु भो यहाँ
स्वागतै छ महादेवी मेरो ढोग सकार्नुहोस)

अनि मूलमन्त्र पढी पाद्य, अर्घ्य, आचमनीय, मधुपर्क, पुनराचमनीय, स्नानीय, वस्त्रादि, चन्दन, सिंदूर, अक्षता, जौतिल, मोहन, अबीर र पुष्प सम्म पूर्ववत् समर्पण गरी तलको श्लोकले माला चढाउनू–

"ॐ माल्यानि च सुगन्धीनि दिव्यादिकुसुमानिच
भक्त्या मया प्रदत्तानि गृहाण परमेश्वरि"

(सुगन्धि मालाहरू र दिव्य फूलहरू पनि
भक्तिसाथ चढाएको लिनुहोस , परमेश्वरि)

अनि द्रोणपुष्प पनि तलको मन्त्रले चढाउनू–

मूलं "ब्रह्मविष्णुशिवादीनां द्रोणपुष्पं सदाप्रियं ।
तत्ते दुर्गे प्रयच्छामि सर्वकामार्थसिद्धये"

(ब्रह्मा विष्णु शिवादिको प्यारो हो द्रोणपुष्प यो
चढाउँछु म दुर्गा यो सबै काम पुगोस भनी)

अनि वेलपत्र—

प्रणव "अमृतोद्भवं श्रीवृक्षं शंकरस्य प्रियं सदा
विल्वपत्रं प्रयच्छामि पवित्रं ते सुरेश्वरि"

(अमृतैसित निस्केको श्रीवृक्ष शिवको प्रिय
पवित्र यो विल्वपत्र चढाउँछु सुरेश्वरि)

त्यसपछि मूलषडङ्गले पूजा गरेर तीन चोटि पुष्पांजली दिएर धूप दीप नैवेद्य चढाउनू ।

अनि आफ्नो गच्छे अनुसारको गहना गुरुवा सो पनि नसके त्यसको सट्टा खालि फूल तलको मन्त्रले चढाउनू–

मूलं "देवासुरमनुष्याणां योषितां नागयोषिताम्
एष शोभाकरः पुंसामलंकारस्तु गृह्यताम्"

(देव दैत्य नाग नरहरूका स्त्रीसमेतका
शोभा दिने हुन् गहना चढाउँछु सकार्नुहोस)

अनि तलको मन्त्रले सिम्रिक सिंदूर चढाउनू–

मूलं "देवीनां नागपत्नीनां सिद्धगन्धर्वयोषिताम
सिन्दूरं प्रीतिजननं गृह्यतां परमेश्वरि"

(देवी तथा नागपत्नी सिद्धगन्धर्वका वधू
प्यारो सबैको सिंदूर लिनुहोस परमेश्वरि)।

शय्या—

मूलं "देवासुरमनुष्याणां सिद्धगन्धर्वरक्षसाम्
प्रीतिदा सुखदा देवि शय्येयं प्रतिगृह्यताम्"

(देवता दैत्य मनुज सिद्ध गन्धर्व राक्षस
सवैलाई प्रीति सुख दिने शय्या सकार्नुहोस)

आसन—(नसके कुशको टुक्रा) चढाउनू—

मूलं "आसनं भास्वरं तुंगं विमलं परमेश्वरि
दुर्गे तवोपवेशाय गृहाण वरवल्लभे"

(अग्लो राम्रो चहकिलो विराजहुन आसन
चढाउँदछु हे दुर्गे राज होस परमेश्वरी)

त्यसपछि जलपात्र (नसके एउटा साना गोल्फू) चढाउनू—

मूलं "सजलं निर्मलं तुङ्गं जलपात्रं सुशोभनं
आचमनाय दुर्गे त्वं गृहाण परमेश्वरि"

(जलपूर्ण स्वच्छ उँचो जलपात्र मनोहर
यो आचमनको लागि लिनुहोस् परमेश्वरि)

भोजनभाजनं (जिउनारको भाँडा)—

मूलं "भुञ्जंति भोजनं पात्रे देवाश्च सिद्धगुह्यका:
तदिदं गृह्यतां दुर्गे दत्तं भोजनभाजनम् ॥"

(देव गुह्यक सिद्धादि गर्छन् भोजन पात्रमा
अतः ज्युनारको पात्र लिनुहोस् परमेश्वरि)

नैवेद्य—(दुई हात भरि नैवैद्य लिएर), तलको मन्त्रले
अर्पण गरेर अघि चढाएको भाँडामा राखिदिनू—

मूलं "स्वर्गपातालमर्त्येषु दुर्लभं प्राणधारकम् ।
नैवेद्यं जगतां मातर्गृह्यतां शुंभमर्दिनि"

(स्वर्ग पाताल पृथ्वीमा दुर्लभ प्राणधारक
नैवेद्य यो जगन्माता लिनुहोस् शुंभमर्दिनि)

पान––

मूलं "नानासुगन्धिभिर्द्रव्यैः संयुतं शुचिबन्धनम्
भूषणं मुखचन्द्रस्य ताम्बूलं प्रतिगृह्यताम् ॥"

(नाना सुगन्धि वस्तुले मग्मग् वास चलाउने
लिनुहोस पान हे माता मुखशोभा बढाउने)

वस्त्र–

मूलं "तन्तुसन्तानसंयुक्तं रञ्जितं रागरंगिणाम्
पवित्रं विमलं देवि वासस्तु प्रतिगृह्यताम्"

(मिहीन तन्तुले युक्त रङ्गको रङ्गवर्णले
विचित्र राम्रो र सफा पोशाक लिनुहोस् शिवे)

यति पूजा गरिसके पछि प्रतिपद्को पद्धतिमा बताए झैं आवरण पूजा गर्नू र अनि धूप दीप नैवैद्य चढाउनू ।

अब तल लेखिए बमोजिम नवपत्रिकाको पूजा गर्नू–

१) केरामा-

मूलं "दुर्गे देवि जगन्मातः सान्निध्यमिह कल्पय
रंभारूपेण मे देवि शान्तिं कुरु नमोस्तु ते"

"आदिवीज रं रंभायै नमः"

(जगज्जननि हे दुर्गे यहाँ अब सवारि होस्
केरा बनेर हे देवि मलाई शान्ति बक्सियोस)

२) दाडिममा-

मूलं "दाडिमि त्वं पुरा स्वर्गे रक्तबीजस्य सन्मुखे
उमाकार्यकरी यस्मादस्माकं वरदा भव"
"आदिवीज दं दाडिम्यै नमः"

(हे दाडिम स्वर्गमानै रक्तवीजसमीपमा
गर्‌यौ मद्दत उमालाई बन लौ वरदायक)

३) धानमा-

मूलं "जगतां प्राणरक्षार्थं ब्रह्मणा निर्मितं पुरा
उमाप्रीतिकरं धान्यं तस्मात्त्वं रक्षमां सदा"
"आदिवीज धँ धान्याय नमः"

(जगत्को प्राणरक्षार्थ ब्रह्माजीले रचे अघि ।
उमालाई खुशी पार्ने हौ धान ! गर रक्षण ।।)

४) हलेदोमा-

मूलं "हरिद्रे वरदे देवि उमारूपासि सुव्रते ।
मम विघ्नविनाशाय पूजां गृह्ण सुरोत्तमे"
"आदिवीज हँ हरिद्रायै नमः"
(वरदायी हे हरिद्रा उमै हौ तिमी सुव्रता
मेरो विघ्न नाश गर्न लेउ पूजा सुरोत्तमा)

५) मानकन्द (माने) मा-

मूलं "यस्य पत्रे वसेद्देवी मानवृक्षः शिवप्रियः ।
मम चानुग्रहार्थाय पूजां गृह्ण सुरोत्तमे ।"
"आदिवीज मां मानवृक्षाय नमः"

(देवीवस्ने मानवृक्ष तिमी छौ शिवका प्रिय
मदनुग्रहका लागि पूजा लेउ सुरोत्तमा)

६) कच्चुकीमा-

मूलं "महिषासुरयुद्धेषु कच्चुरूपासि सुव्रते
मनुष्यानुग्रहार्थाय आगतासि हरिप्रिये ।"
"आदिवीज कँ कच्चुक्यै नमः"

(संग्राममा महिषको कच्चुरूप थियौ तिमी
निगाह गर्न जनमा आएकी छौ हरिप्रिया)

७) वेलको वोटमा-

मूलं "महादेवप्रियो नित्यं वासुदेवप्रियः सदा ।
उमाप्रीतिकरः सद्यो विल्ववृक्ष नमोस्तु ते
'आदिवीज विं विल्ववृक्षाय नमः"

(शिवको छौ सँधै प्यारो प्रिय छौ विष्णुको पनि
प्रीति पार्ने उमालाई विल्ववृक्ष नमोस्तुते)

८) अशोकमा-

मूलं "उमाप्रीतिकरो वृक्षो ह्यशोकः शोकनाशनः
दुर्गाप्रीतिकरो नित्यमस्माकं वरदो भव"
"आदिवीज अं अशोकाय नमः"

(उमा रुचाउने वृक्ष अशोक शोक नासने
दुर्गालाई प्रीति दिने हामीमा वर देउ सँधै)

९) जयन्तीमा-

मूलं "निशुंभशुंभमथने सेन्द्रैर्देवगणैःसह ।
जयन्ति पूजितासि त्वमस्माकं वरदा भव"
'आदिवीज जं जयन्त्यै नमः"

(शुंभनिशुंभ मारेमा इन्द्रादि देवता मिली
पूजेथे तिमीलाई हे जयन्ती वर देउ यहाँ)

यति पूजा गरिसके पछि मूलमन्त्रले तीनवोटि पुष्पांजली चढाउनू ।

अनि वेलपत्र तलको मन्त्रले चढाउनू–

मूलं "अमृतोद्भवः श्रीवृक्षः शंकरस्य सदा प्रियः
तत्ते दुर्गे प्रयच्छामि विल्वपत्रं सुरेश्वरि"

(अमृतैसित निस्केको श्रीवृक्ष शिवको प्रिय
पवित्र यो विल्वपत्र चढाउँछु सुरेश्वरी)

अनि द्रोणपुष्प चढाउनू–

मूलं "ब्रह्मविष्णुशिवादीनां द्रोणपुष्पं सदा प्रियं
तत्ते दुर्गे प्रयच्छामि सर्वकामार्थसिद्धये ।।"

(ब्रह्मा विष्णु शिवादिको प्यारो हो द्रोणपुष्प यो
चढाउँछु म दुर्गा यो सबै काम पुगोस् भनी)

यसपछि तीनपटक द्रोणपुष्पको पुष्पांजली चढाउनू ।

त्यसपछि नवपत्रिकामा प्रत्येक पत्रिकामा तिनका शक्तिको आवाहन गरेर तलको मन्त्रले पूजा गर्नू–

केरामा- आदिवीज ब्रह्माण्यै नमः ।।१।।
दाडिममा- आदिवीज रक्तदन्तिकायै नमः ।।२।।
धानमा– आदिवीज लक्ष्म्यै नमः ।।३।।
हलेदोमा– आदिवीज दुर्गायै नमः ।।४।।
मानेमा– आदिवीज चामुण्डायै नमः ।।५।।
कचुइमा– आदिवीज कालिकायै नमः ।।६।।
वेलमा– आदिवीज शिवायै नमः ।।७।।
अशोकमा– आदिवीज शोकहारिण्यै नमः ।।८।।
जयन्तीमा– आदिबीज कार्तिक्यै नमः ।।९।।

अनि आफ्–आफ्नो परंपरा अनुसारको अस्त्र अथवा हतियार स्थापना गरी "त्रितार विविध–अस्त्रेभ्यो नमः भनी पूजा गर्नू र धूप दीप नैवेद्य चढाउनू। अनि त्यसपछि वलिपात्रमा— 'मूलं' "साङ्गावरणे दुर्गादेवि इमं पूजावलिं गृह्ण गृह्ण गृह्णापय २ सकलमनोरथान् पूरय पूरय मन्त्रसिद्धिं प्रयच्छ २ त्रिजगत्-चैतन्यरूपिणि वलिं गृह्ण गृह्ण हूँ फट् स्वाहा।" अनि फेरि 'त्रितार' "अत्र पूजितसकलदेवताभ्य एष वलिर्नमः" भनेर वलि दिनू। अनि प्रतिपद्मा वताए बमोजिम वटुकादिवलि र भूत-वलि समेत गर्नू। त्यसपछि तलको मन्त्रले ध्वजा अर्थात् झण्डा चढाउनू–

मूलं "नानावर्णसमायुक्तं विचित्रपट्टनिर्मितं।
ध्वजं राज्यप्रदं दिव्यं गृहाण परमेश्वरि।।"

(विचित्र कपडाबाट रङ्गी चङ्गी सुनिर्मित
झण्डा राज्य दिने दिव्य लिनुहोस परमेश्वरि)

तलको मन्त्रले छाता चढाउनू–"

मूलं "साम्राज्यदमिदं छत्रं राजलक्ष्मीस्वरूपकम्
मया समर्पितं माता राज्यं देहि नमोस्तु ते"

(दिने साम्राज्य यो छाता राजलक्ष्मीस्वरूपको
चढाउँदछु हे आमै दिनोस राज्य नमोस्तुते)

चमर हम्केर चढाउनू–

मूलं "चमरीपुच्छजं श्वेतं हेमदण्डि सुलोमकम्
मयार्पितं राजचिह्नं चामरं प्रतिगृह्यताम्"

(सेतो पुच्छर चमरीको सुनको डाँठ समेतको
यो राजचिन्है चमर चढाउँछु लिनोस प्रभो)

अनि एउटा घण्टा चढाउनू–

मूलं "येन भीषयसे दैत्यान् येन पूरयसेऽम्बरम् ।
तां घण्टां ते प्रयच्छामि महिषघ्नि प्रगृह्यताम् ।।

(जसले तर्साउँछ्यौ दैत्य र पोस्छ्यौ देवताकन
चढाउँछु म सो घण्टा महिषघ्नि लिनोस अब)

यी माथि लेखिएका वस्तुहरूमध्ये जुन वस्तु चढाउन अनुकूल पर्दैन त्यसको साटो डाँठ सहितको फूल चढाउनू । त्यसपछि प्रतिपद्मा बताए जस्तै यथाशक्ति जपपाठ गरी समर्पण गर्नू–

"त्रिशक्तिरूपिणि मातः श्रीदुर्गे परमेश्वरि
यथाशक्ति कृतां देवि जपपूजां गृहाण मे"

(त्रिशक्तिरूपिणी आमै श्रीदुर्गा परमेश्वरि
यथाशक्ति गरेको यो जपपूजा लिनोस यहाँ)

यति गरी प्रतिपद् सायंमा बताए झैं आरती गरी "महिषघ्निमहामाये ... ... " इत्यादि प्रतिपद्मा लेखे बमोजिम पुष्पांजलि र प्रार्थना गरी समाप्ति गर्नू ।

–इति सप्तमी सायं पूजाविधि–

× × ×

महाष्टमी पूजा

अब अष्टमीको विहान र साँझमा द्वितीया तृतीया-हरूमा जस्तै गर्नू, तर मूलमन्त्र भने सप्तमी सायंमा प्रयोग गरेको चाहिं नै गर्नू । "त्रितार नवपत्रिकाधिष्ठितदेवताभ्यो नमः" भनेर नबपत्रिकामा र "त्रितार अस्त्रेभ्यो नमः" भनेर हतियारहरूमा पनि धूप दीप नैवेद्य सहित पूजा गर्नू ।

यसमा माथि बताए झैं दिग्वन्धन आसनशुद्धिहरू सवै गरी कुश तिल र कर्मपात्रको जल हातमा लिई संकल्प गर्नू–

"ॐ अद्येत्यादि अमुकगोत्रोऽमुकनामाहं सपरिवारस्य मम दुर्भिक्षादि-दुःखादिनिवृत्ति-दीर्घायुष्य-परमानन्द-परमपदप्राप्ति-दशाश्वमेध-यज्ञजन्यफलसमफल-ध्वजमालाकुलविमानवरारोहणोत्तरश्रीस्वेष्ट-देवीलोकगमनपूर्वक-शाश्वतसमयावच्छिन्नहर्षविजयकामनया भगवत्याः श्रीमत्कात्यायनीदुर्गादेव्याः पूजनमहं करिष्ये"

(ॐ अद्येत्यादि फलानो गोत्रको म सपरिवार मेरो दुर्भिक्ष आदि दुःखहरूको निवारण, दीर्घायु, परमानन्द, परम-पद प्राप्ति, दश अश्वमेध यज्ञबाट हुने फल प्राप्ति, ध्वजा पताका टाँगिएको उत्तम विमानमा वसेर आफ्नो इष्ट देवीको लोकमा पुग्ने र यस लोकमा धेरै कालसम्म हर्ष विजयको कामनाले भगवती श्रीमती कात्यायनी दुर्गा देवीको पूजा गर्दछु ।)

अनि मूलमन्त्रले करषडङ्ग गरी दीप कलश गणेशको पूजा गरी अर्घपात्र र वलिपात्रको पूजा समेत गरी तल लेखिए बमोजिम पीठपूजा गर्नू–

"मं मण्डूकादिपरतत्त्वान्तयोगपीठदेवताभ्यो नमः"
"प्रणव पञ्चतार आधाराद्यष्टपुष्टिकासनाय नमः"
"आदिवीज मायावीज अनि महिषासनाय नमः"
"आदिवीज मायावीज सिंहासनाय नमः"

त्यसपछि करकच्छपीमुद्राले कात्यायनीको ध्यान गर्नू–

"जटाजूटसमायुक्तामर्धेन्दुकृतशेखराम् ।
नेत्रत्रयसमायुक्तां पद्मेन्दुसदृशाननाम् ।।

अतसीपुष्पवर्णाभां सुप्रतिष्ठां सुलोचनाम् ।
नवयौवनसंपन्नां सर्वाभरणभूषिताम् ।।
सुचारुदशनां तद्वत्पीनोन्नतपयोधराम् ।
त्रिभङ्गस्थानसंस्थानां महिषासुरमर्दिनीम् ।।
त्रिशूलं दक्षिणे दद्यात् खड्गं चक्रं क्रमादधः ।
तीक्ष्णं बाणं तथा शक्तिं वामतोऽपि निबोधत ।।
खेटकं पूर्णचापं च पाशमंकुशमूर्ध्वतः ।
घण्टां बा परशुं वापि वामतः सन्निवेशयेत् ।।
अधस्तान्महिषं तद्वद्विशिरस्कं प्रदर्शयेत् ।
देव्यास्तु दक्षिणं पादं समं सिंहोपरिस्थितम् ।।
किञ्चिदूर्ध्वं तथा वाममङ्गुष्ठं महिषोपरि ।"

(लर्काएर जटाजूट अर्धेन्दु माथमा धरी
त्रिनेत्र झल्किएको त्यो मुहार चन्द्रमा सरी
पुष्प आलसको जस्तो वर्ण सर्वाङ्गमा हुने
नयाँ यौवनले युक्त गहनाले सुहाउने
सुन्दरदाँतको पंक्ति उठेको स्तन भार पो
तीनठाउँ भई वाङ्गो महिषासुरमर्दिनी
दायाँ त्रिशूल र अनि खड्ग चक्र क्रमैसित
तीखो बाण तथा शक्ति बायाँबाट पनि अनि
माथिदेखि ढाल पूर्णधनु पाश र अंकुश
वज्चरो अथवा घण्टा लिएकी वाम बाहुले
तल राँगोको गींडदेखि निस्केको महिषासुर
तरवार हातमा त्यो लिएको दैत्य भीषण
दुर्गाको पाशले युक्त वाम बाहुलिले जगर
अँठ्याएकी छँदी ताहिं दाहिनेमा पनि तल
ओकल्ने रक्तको धारा देवीको सिंह वाहन
देवीको दाहिने पाउ ढाडमा सिंहको अनि
उचाली वाम पाउको औंला महिषढाडमा)

अनि तलको श्लोक पढेर दुर्गाको आवाहन गर्नू–

"एहि दुर्गे महाभागे रक्षार्थं मम सर्वदा
आवाहयाम्यहं देवि सर्वकामार्थसिद्धये
अस्मिन् घटे समागत्य स्थितिं मत्कृपया कुरु
रक्षां कुरु सदा भद्रे विश्वेश्वरि नमोस्तु ते"

(अब दुर्गा महाभागा मेरो रक्षा निमित्तमा
आवाहन म गर्दछु सबै काम पुगोस भनी
आई यो घटमा वास गरिदेउ निगाहले
रक्षा गर सदा भद्रा विश्वेश्वरि छ बन्दना)

अनि परेवाकै जस्तो गरी प्राणप्रतिष्ठाहरू गरी पाद्य, अर्घ्य, आचमनीय, मधुपर्क, पुनराचमनीय, स्नानीय, वस्त्र, यज्ञोपवीत, सौभाग्य, अलंकार, चंदन, अक्षता, जौतिल, मोहन आविरक, पुष्प, धूप, दीप, नैवैद्य, पुनराचमनीय, गण्डूषादि, ताम्बूल (पान), करोद्वर्तन (श्रीखण्ड वा अत्तर) यति चढाई पूजा गर्नू। अनि मूलषडङ्गले पूजा गरी "मूलं श्रीमद्दुर्गाश्रीपादुकां पूजयामि तर्पयामि नमः" भनी हात जोडेर दाहिने हातले पूजा बायाँ हातले तर्पण गरी तल लेखिए बमोजिम प्रार्थना गर्नू–

आद्यवीज "सम्विन्मये परे देवि परामृतचरुप्रिये
अनुज्ञां देहि मे मातः परिवारार्चनाय ते"

(सम्विन्मयी परादेवी परामृतचरुप्रिया
परिवारार्चनै गर्न पाउँ आज्ञा हजूरको)

अब तलको मन्त्र पढी आवरण पूजा गर्नू–

"आदिवीज मायावीज नमः मायावीज रमाबीज चण्डोग्रायै नमः श्रीदुर्गागुरुपंक्तिश्री०"

त्यसपछि षडङ्गले पूजा गर्नू– मूलं दुर्गायै नमः श्री० ॥
त्रितार रुद्रचण्डायै नमः ॥ त्रितार प्रचण्डायै नमः ॥
त्रि० चण्डोग्रायै नमः ॥ त्रि० चण्डनायिकायै नमः ॥
त्रि० चण्डायै नमः ॥ त्रि० चण्डवत्यै नमः ॥
त्रि० चण्डरूपायै नमः ॥ त्रि० अतिचण्डिकायै नमः ॥
त्रि० नमः ब्रह्माण्यै श्रीपादुकां पूजयामि तर्पयामि नमः ॥
त्रि० नमः चण्डिकायै श्री० ॥ त्रि० नमः रौद्र्यै श्री० ॥
त्रि० नमः गौर्यै श्री० ॥ त्रि० नमः इन्द्राण्यै श्री० ॥
त्रि० नमः कौमार्यै श्री० ॥ त्रि० नमः भैरव्यै श्री० ॥
त्रि० नमः दुर्गायै श्री० ॥ त्रि० नमः नारसिंह्यै श्री० ॥
त्रि० नमः कालिकायै श्री० ॥ त्रि० नमः चामुण्डायै श्री० ॥
त्रि० नमः शिवदूत्यै श्री० ॥ त्रि० नमः वाराह्यै श्री० ॥
त्रि० नमः कौशिक्यै श्री० ॥ त्रि० नमः माहेश्वर्यै श्री० ॥
त्रि० नमः शंकर्यै श्री० ॥ त्रि० नमः जयन्त्यै श्री० ॥
त्रि० नमः सर्वमङ्गलायै श्री०। त्रि० नमः करालिन्यै श्री० ॥
त्रि० नमः मुक्तकेश्यै श्री० ॥ त्रि० नमः शिवायै श्री० ॥
त्रि० नमः शाकम्भर्यै श्री० ॥ त्रि० नमः भीमायै श्री० ॥
त्रि० नमः शान्तायै श्री० ॥ त्रि० नमः भ्रामर्यै श्री० ॥
त्रि० नमः रुद्राण्यै श्री० ॥ त्रि० नमः चण्डरूपिण्यै श्री० ॥
त्रि० नमः क्षमायै श्री० ॥ त्रि० नमः धात्र्यै श्री० ॥
त्रि० नमः स्वधायै श्री० ॥ त्रि० नमः स्वाहायै श्री० ॥
त्रि० नमः अपर्णायै श्री० ॥ त्रि० नमः महोदर्यै श्री० ॥
त्रि० नमः घोररूपायै श्री० ॥ त्रि० नमः महाकाल्यै श्री० ॥
त्रि० नमः विद्युज्जिह्वायै श्री० ॥ त्रि० नमः कपालिन्यै श्री० ॥
त्रि० नमः क्षेमङ्कर्यै श्री० ॥ त्रि० नमः महामायायै श्री० ॥
त्रि० नमः मेघमालायै श्री० ॥ त्रि० नमः वलाकिन्यै श्री० ॥
त्रि० नमः शुष्कोदर्यै श्री० ॥ त्रि० नमः चण्डघण्टायै श्री० ॥

त्रि० नमः महाप्रेतायै श्री० ।। त्रि० नमः प्रियङ्कयै श्री० ।।
त्रि० नमः खरतुण्डचै श्री० ।। त्रि० नमः ऋक्षकर्ण्यै श्री० ।।
त्रि० नमः बलप्रमथन्यै श्री० ।। त्रि० नमः मनोन्मथन्यै श्री० ।।
त्रि० नमः सर्वभूतदमन्यै श्री० ।। त्रि० नमः उमायै श्री० ।।
त्रि० नमः तारायै श्री० ।। त्रि० नमः महानिद्रायै श्री० ।।
त्रि० नमः विजयायै श्री० । त्रि० नमः जयायै श्री० ।।
त्रि० नमः शैलपुत्र्यै श्री० ।। त्रि० नमः महोल्कायै श्री० ।।
त्रि० नमः त्रिशूलिन्यै श्री० ।। त्रि० नमः अञ्जनप्रभायै श्री० ।।
त्रि० नमः कुष्माण्डचै श्री० ।। त्रि० नमः विश्वसंत्रासायै श्री०।।
त्रि० नमः कात्यायन्यै श्री० ।। त्रि० नमः कालरात्र्यै श्री० ।।
त्रि० नमः महागौर्यै श्री० ।। त्रि० नमः कोटियोगिन्यै श्री० ।।
आदिवीज जयन्ती श्री० ।। आदिवीज मङ्गला श्री० ।।
आदिवीज काली श्री० ।। आदिवीज भद्रकाली श्री० ।।
आदिवीज कपालिनी श्री० ।। आदिवीज दुर्गा श्री० ।।
आदिवीज क्षमा श्री० ।। आदिवीज शिवा श्री० ।।
आदिवीज धात्री श्री० ।। आदिवीज स्वधा श्री० ।।
आदिवीज स्वाहा श्री० ।।

त्यसपछि अस्त्रपूजा गर्नू–

'त्रितारश्रीउग्रचण्डादुर्गाहस्तस्थितसमस्तायुधेभ्यो नमः'
अनि पञ्चतार दुर्गासर्वायुधधारिणीश्री० ।।
त्रितार किरीटादिसकलश्रीकात्यायनीदुर्गालङ्कारश्री० ।।
पञ्चतार अनि आनन्दभैरवीकूट अनि आनन्दशक्तिभैरवानन्द—
श्रीमहाविद्याराज्ञी अनि आनन्दभैरबकूट कात्यायनीदुर्गाश्री० ।।
त्रितार कात्यायन्यै विद्महे कन्याकुमारी धीमहि तन्नो दुर्गाप्रचोदयात्
पञ्चतार कात्यायनी मूलं श्री० ।। आदिवीज वज्रनखदंष्ट्रायुधाय
महासिंहाय हूँ फट् श्रीदेव्याः सिंहासनश्री० ।। आदिवीज महिषा-
सुराय नमः महिषासुरश्री० ।।

अनि चार वटुकको पूर्वदेखि बायाँवर्तले निम्नलिखित मन्त्रले पूजा गर्नू–

आदिवीज रमावीज सिद्धपुत्रवटुकाय नमः ।।
आदिवीज रमावीज ज्ञानपुत्रवटुकाय नमः ।।
आदिवीज रमावीज सहजपुत्रवटुकाय नमः ।।
आदिवीज रमावीज समयपुत्रवटुकाय नमः ।।

अब तलको मन्त्र पढी आठ क्षेत्रपालको उत्तरदेखि बायाँवर्तले पूजा गर्नू–

'आदिवीज कूर्चवीज वस्त्रान्वित संवर्तकवीज हेतुकक्षेत्रपालाय
महाभीषणाय क्रोधवीज नमः स्वाहा श्री० ।।
आदिवीज कूर्चवीज वस्त्रान्वित संबर्तकवीज त्रिपुरघ्नक्षे० ।।
आदिवीज कूर्चवीज वस्त्रान्वित संवर्तकवीज अग्निजिह्वक्षे० ।।
आदिवाज कूर्चवीज वस्त्रान्वित संवर्तकवीज अग्निवेतालक्षे० ।।
आदिवीज कूर्चवीज वस्त्रान्वित संवर्तकवीज कालक्षे० ।।
आदिवीज कूर्चवीज वस्त्रान्वित संवर्तकवीज करालक्षे० ।।
आदिवीज कूर्चवीज वस्त्रान्वित संवर्तकवीज एकपाद क्षे० ।।
आठिवीज कूर्चवीज वस्त्रान्वित संवर्तकवीज भीमनाथक्षे० ।।

अब पूर्वदेखि बायाँवर्तले अष्टभैरवको पूजा तलको मन्त्रले गर्नू–

"आदिवीज, लज्जावीज, क्रोधवीज असिताङ्गभैरवश्री० ।।
आदिवीज, लज्जावीज, क्रोधवीज रुरुभैरवश्री० ।।
आदिवीज, लज्जावीज, क्रोधवीज चण्डभैरवश्री० ।।
आदिवीज, लज्जावीज, क्रोधवीज क्रोधभैरवश्री० ।।
आदिवीज, लज्जावीज, क्रोधवीज उन्मत्तभैरवश्री० ।।

आदिवीज, लज्जावीज, क्रोधवीज कपालिभैरवश्री० ।।
आदिवीज, लज्जावीज, क्रोधवीज भीषणभैरवश्री० ।।
आदिवीज, लज्जावीज, क्रोधवीज संहारभैरवश्री० ।।

ती आठ भैरवको बीचमा आनन्दभैरवको मन्त्र उच्चारण गरी–

आनन्दभैरवश्री० ।।

आनन्दभैरवको मन्त्र अधिकार नहुनेलाई माथि अष्ट भैरव कै बीज उच्चारण गरी आनन्दभैरवश्री० भन्नू ।

अब पूर्वदेखि बायाँवर्तले तलको मन्त्रले पूजा गर्नू–

लं इन्द्र श्री० । रँ अग्निश्री० । मँ यमश्री० । क्षँ निर्ऋतिश्री० ।
वँ वरुणश्री० । यँ वायुश्री० । कुं कुवेरश्री० । हँ ईशानश्री० ।

अब ईशान र पूर्वको बीचमा– ॐ ब्रह्मश्री० ।

दक्षिण र नैर्ऋत्यको बीचमा — देवीप्रणववीज अनन्तश्री० ।

अब यी दश दिकपालको नगिच नगिचमा पूर्वदेखि माथि बताएको क्रमले–

वँ वज्रश्री० । शँ शक्तिश्री० । दँ दण्डश्री० । खं खड्गश्री० ।
पँ पाशश्री० । अँ अंकुशश्री० । गँ गदाश्री० । शुं शूलश्री० ।
पँ पद्मश्री० । चँ चक्रश्री० ।

यसमा वायाँ हातले तर्पण गर्न अनुकूल नमिले दाहिने हातले "श्रीपादुकाँ पूजयामि नमः" भनेर पूजा गरे हुन्छ । "तर्पयामि नमः" भन्नु पर्दैन ।

अब वलिपात्रमा तलको मन्त्रले कृशरान्न वलि दिनू–

"आदिवीज देवीप्रणव दुर्गे दुर्गे रक्षिणि स्वाहा जय–दुर्गायै एष वलिर्नमः"

अब मूलमन्त्र उच्चारण गरी– "कात्यायन्यै एष बलिर्नमः" त्यसपछि पंचतार कामवीज अनि कूर्चबीज रमावीज चारुकवीज उच्चारण गरी– महिजमर्दिनि एष ते वलिर्नमः ।

अनि पंचतार आनन्दभैरवकूट आनन्दभैरबीकूट महातुम्बुरेश्वरि स्वाहा तुम्बुरेश्वर्यै एष वलिर्नमः

अनि पंचतार खेचरीवीज सिद्धिचामुंडायै वलि गृह्ण गृह्ण स्वाहा ।

यति बलि दिएर बाँया हातले त्यहीँ तर्पण गर्नू । अनि फेरि पीठमा मूलमन्त्र पढी– "कात्यायनी दुर्गा साङ्गावरणा सर्वोपचारैः सुपूजिता संतर्पिताऽस्तु" भनेर दायाँ हातले पूजा वायाँ हातले तर्पण गर्नू ।

अनि हात जोडेर–

त्रितार "अभीष्टसिद्धि मे देहि शरणागतवल्लभे ।
भक्त्या समर्पये तुभ्यमिदमावरणार्चनम्"

(अभीष्टसिद्धि दिनुहोस शरणागतवल्लभा
यो आवरणको पूजा पाउमा भक्तिले गरें)

भनी प्रार्थना गर्नू ।

अब तलको मन्त्रले वेलपत्र चढाउनू–

त्रितार "अमृतोद्भवं श्रीवृक्षं शंकरस्य प्रियं सदा ।
विल्वपत्रं प्रयच्छामि पवित्रं ते सुरेश्वरि"

(अमृतैसित निस्केको श्रीवृक्ष शिवको प्रिय
पवित्र यो विल्वपत्र चढाउँछु सुरेश्वरि)

अब तलको श्लोक पढी द्रोणपुष्प चढाउनू–

मूलं "ब्रह्मविष्णुशिवादीनां द्रोणपुष्पं सदा प्रियं
तत्ते दुर्गे प्रयच्छामि सर्वकामार्थसिद्धये"

(ब्रह्मा विष्णु शिवादिको प्यारो हो द्रोण पुष्प यो
चढाउँछु म दुर्गा यो सबै काम पुगोस भनी)

अब मूलमन्त्र पढी– "श्रीमत्कात्यायनीदुर्गादेव्यै नमः" भन्दै तलका द्रव्यहरु चढाउनू। प्रत्येक द्रव्य चढाउन अनुकूल नपरे त्यसको नाम भन्दै अक्षता वा फुल चढाउनू।

"करवीरपुष्पं। पद्ममालां। जपाकुसुममालां। कुमुदपुष्पमालां। तुलसीपत्रमालां। विल्वपत्रमालां। घृतगुग्गुलधूपं (घिउ र गोकुलधूप)। तैलदीपं (तेलको बत्ती)। घृतवृक्षदीपं (घिउको बत्ती)। गुडापाचितपक्वान्नम् (घिउमा पकाएको रोटी)। मोदकम् (वर्फी)। कदलीफलं (केरा)। नारिकेलफलं (नरिवेल)। पनसफलम् (रुख कटहर)। ताम्बूलं (पान)। पूगीफलं (सुपारी)। कोषकारम् (पैसाराख्ने बाकस)। काष्ठपादुके (काठको खराउ)। उपानहौ (जुत्ता)। अलङ्काराणि (गहना)। सुवर्णदक्षिणां (सुनको भेटी)"

कसैकसैको परंपरामा निम्नलिखित कालरात्रीको पञ्चोपचारले पूजा पनी हुन्छ–

मूल घडा देखि बायाँ एउटा थालीमा अक्षतपुञ्ज राखी त्यसमा निम्नलिखित बमोजिम कालरात्रीको न्यास र ध्यान गरी आवाहन गरी पञ्चोपचारले पूजा गर्नू।

यिनको मंत्र यस प्रकारको छ–

"वाग्वीज देवीप्रणव कामवीज उच्चारण गरी कालेश्वरि सर्वजनमनोहारिणि सर्वमुखस्तंभिनि सर्वराजवशंकरि सर्वदुष्टनिर्दलिनि सर्वस्त्रीपुरुषाकर्षिणि वन्दिशृङ्खलां त्रोटय त्रोटय सर्वशत्रून् जम्भय जम्भय द्वेषं निर्दलय निर्दलय सर्वं स्तंभय स्तंभय उच्चाटय उच्चाटय सर्ववश्यं कुरु कुरु सर्वकालरात्रीकामिनि गणेश्वरि कूर्च-वीज फट् स्वाहा।"

यो मन्त्रको भैरव ऋषि अनुष्टुप् छन्द कालरात्री देवता लज्जावीज वीज स्वाहा शक्ति क्रोधवीज कीलक षडदीर्घभाजा मायाबीजले करषडङ्ग गर्नू ।

यिनको ध्यान यस प्रकारको छ–

"आरक्तभानुसदृशीं यौवनोन्मत्तविग्रहाम् ।
चतुर्भुजां त्रिनयनां भीषणां चन्द्रशेखराम्
प्रेतासनसमासीनां भजतां सर्वकामदाम्
दक्षिणे चाभयं पाशं वामे भुवनमेव च
रक्तदंडधरां देवीं कालरात्रीं विचिन्तयेत्"

(लाली सूर्यसरी पट्टी मत्मत् भैकन वैशले
चन्द्रमा माथमा तीन नेत्र चार भुजा पनि
डरलाग्दी प्रेतमा बस्ने भक्तको कामदायिनी
अभीति पाश दायाँमा भुवनै वाम हातमा
रातो लट्ठी पनि धर्ने ढोग छ कालरात्रिमा)

अब बलिपात्रमा हंसीमुद्राले तल लेखिए बमोजिम कृशरान्न वलि दिनू–

"मूलं साङ्गावरणायै श्रीदुर्गादेव्यै एष वलिर्नमः"

अनि बाँया हातको तत्त्वमुद्राले विशेषार्घको जल सेचन गर्नू । अब फेरि "पञ्चतार वाँ वटुकनाथाय, गाँगणपतये, क्षाँ क्षेत्रपालाय, याँ योगिनीभ्यः साङ्गाय सवाहनाय सपरिवाराय सायुधाय ····· सर्वोपचारैः इमं वलिं गृह्ण गृह्ण सर्वविघ्नान् नाशय नाशय सिद्धिं देहि देहि कूर्चवीज फट् स्वाहा ।" दायाँ हातको सबै औंलाले यो वलि दिई बायाँ हातको तत्त्वमुद्राले सामान्यार्घको जल सेचन गर्नू । अनि आफ्नो नैर्ऋत्यतिर भईँमा विन्दु, त्रिकोण, वृत्त र चतुरस्र लेखी त्यसमा "आद्यवीज, मायावीज, सर्वविघ्नकृद्भ्यः

सर्वभूतेभ्यो नमः" भनी पूजा गर्नू र दाहिने हातको सबै औंलाले वायाँ हातको तत्त्वमुद्राले "आदिवीज, मायावीज सर्वविघ्नकृद्भ्यः सर्वभूतेभ्यो वलिं गृह्ण गृह्ण स्वाहा" भनी वलि दिनू। अनि त्यही भूतवलिमा निम्नलिखित मन्त्रले फूल अक्षता छरी नाराचमुद्राले विसर्जन गरी वाहिरतिर सेलाइदिनू–

"भूतानि यानीह वसन्ति भूतले
वलिं गृहीत्वा विधिवत् प्रयुक्तम्
सन्तोषमासाद्य व्रजन्तु सर्वे
क्षमन्तु तान्यत्र नमोस्तु तेभ्यः"

(जो भूत यस भूतलका निवासी
वलि लिई यो विधिले दिएको
जाउन् सवै तुष्टि र पुष्टि भैकन
क्षमा गरुन् ढोग चढाउँछु अब)

त्यसपछि हातपाउ धोएर मूल मन्त्रले न्यास गरेर वलिपात्रमा धूप बत्ति गर्नू।

अब अघिल्लो दिन थापेको नव पत्रिकामा तलको मन्त्रले पूजा गर्नू–

"त्रितार नवपत्रिकाधिष्ठितदेवताभ्यो नमः"

अनि अघिल्लोदिन थापेको हतियारमा पनि तलको मन्त्रले पूजा गरी धूप दीप गर्नू–

"त्रितार अत्रस्थापितसकलायुधेभ्यो नमः"

अब मूल-देवताको बायाँपट्टि स्थंडिल अथवा चौकी मुनि विन्दु, त्रिकोण, वृत्त र चतुरस्र लेखी तल लेखे बमोजिम खिचड़ी माथि एउटा वत्ति वाली विशेष वलि दिनू–

"आदिवीज नमःकपालीग्रह-नक्षत्र-सुरासुर-गन्धर्व-यक्षेश-विद्याधर–गरुड–महोरग–किन्नर–गजेन्द्र–देवता–राक्षस–भूतक्रव्याद-

पिशाच-मनुष्य-मातृगण-योगिनी-शाकिनी-डाकिनी-गण इमां सदीप-माषभक्तवलिं गृह्ण गृह्ण स्वाहा।"

आदिवीज "शिवाः कंकालवेतालाः पूतना जम्भकादयः।
ते सर्वे तृप्तिमायान्तु वलिदानेन तोषिताः"

(श्याल कंकाल वेताल पूतना जम्भ आदिक।
सबै तृप्त र संतुष्ट होऊन् यो वलिदानले॥)

यसपछि वैष्णवादि र पशुबलि वा कुष्मांडवलि नदिने परंपराका शाक्तहरूले समेत यथाशक्ति जपपाठ गरी माथि बताए बमोजिम "महिषघ्नि" इत्यादिले प्रार्थना गरी पूजासमाप्ति गर्नू। पशुवलि गर्ने परंपराका शाक्तहरूले भने पूर्वोक्त विशेष वलिसम्मको काम समाप्त गरी तल लेखे बमोजिम पशुयाग गर्नू।

अब वलिको बोकाको चारखुट्टा धोइकन देवताको अगाडि ल्याएर कुशको टुक्राले कर्मपात्रको जलले तलको मन्त्रले सेचन गर्नू–

"आदिवीज अग्निः पशुरासीत्तेनायजन्त स एतँल्लोकमजयद् यस्मिन्नग्निः स ते लोको भविष्यसि तन्जेष्यसि पिवैता अपः"

(अग्नि पशु थिए, तिनलाई पशु गराएर
देवताहरूले यज्ञ गरे, अनि अग्निले यो लोक जिते।
त्यसकारण तिमी अग्निलोकमा पुग्नेछो। यो पानी खाऊ)

अब त्यस्तै–

"आदिवीज सूर्यः पशुरा०" इत्यादि
"आदिवीज वायुः पशुरा०" इत्यादि
"आदिवीज चन्द्रः पशुरा०" इत्यादि
"आदिवीज गन्धर्वः पशुरा०" इत्यादि

(अर्थ माथिकै बमोजिम)

अब तलको श्लोक पढी बोकाको ठाउँ ठाउँमा हातले छुनू–

"ॐ वाचं ते शुन्धामि ।। ॐ शिरस्ते शुन्धामि ।।
ॐ शृङ्गन्ते शुन्धामि ।। ॐ चक्षुस्ते शुन्धामि ।।
ॐ कर्णौ ते शुन्धामि ।। ॐ वक्त्रन्ते शुन्धामि ।।
ॐ कण्ठं ते शुन्धामि ।। ॐ मेढ्रन्ते शुन्धामि ।।
ॐ सर्वगात्राणि ते शुन्धामि ।।"

(तेरो वचन चोख्याउँछु, तेरो टाउको चोख्याउँछु,
तेरो सिङ चोख्याउँछु, तेरो आँखा चोख्याउँछु,
तेरो कान चोख्याउँछु, तेरो मुख चोख्याउँछु
तेरो घाँटी चोख्याउँछु, तेरो गुप्तेन्द्रिय चोख्याउँछु,
तेरो सबै शरीर चोख्याउँछु)

त्यसपछि तलको मन्त्र पढी अक्षताले पूजा गर्नू–

"ॐ वाक्ते आप्यायताम् ।। ॐ शिरस्ते आप्यायताम्
ॐ चक्षुस्ते आप्यायताम् ।। ॐ शृङ्गन्ते आप्यायताम्
ॐ कर्णौ ते आप्यायताम् ।। ॐ वक्त्रन्ते आप्यायताम्
ॐ कण्ठं ते आप्यायताम् ।। ॐ मेढ्रन्ते आप्यायताम्
ॐ सर्वगात्राणि ते आप्यायन्ताम् ।।

(तेरो वचन तृप्त होस्, तेरो टाउको तृप्त होस्,
तेरो आँखा तृप्त होस्, तेरो सिङ तृप्त होस्,
तेरो कान तृप्त होस्, तेरो मुख तृप्त होस्,
तेरो घाँटी तृप्त होस्, तेरो गुप्तेन्द्रिय तृप्त होस्,
तेरो सबै शरीर तृप्त होस्)

अनि– "आदिवीज चण्डिकावलिरूपाय छागपशवे नमः"
भनेर वोकाको टाउकोमा पूजा गरी फूल राख्नू ।

त्यसपछि फेरि वोकालाई तलको मन्त्रले सेचन गर्नू–

"त्रितार वाक् ते सरस्वत्यां लीयतां नमः फट् स्वाहा ।।
"त्रितार पादौ ते पृथिव्यां लीयतां नमः फट् स्वाहा ।।
"त्रितार पायुस्ते मित्रे ली०" इत्यादि
"त्रितार उपस्थस्ते जले ली०" इत्यादि
"त्रितार चक्षुषी ते तेजसि ली०" इत्यादि
"त्रितार कर्णौ ते नभसि ली०" इत्यादि
"त्रितार घ्राणन्ते वायौ ली०" इत्यादि
"त्रितार सर्वाङ्गानि ते दिक्षु ली०" इत्यादि
"त्रितार मनस्ते परब्रह्मणि ली०" इत्यादि

(तेरो वचन सरस्वतीमा लय होस नमः फट् स्वाहा)
(तेरो खुट्टा पृथिवीमा लय होस नमः फट् स्वाहा)
(तेरो पुट्ठा मित्रमा लय होस नमः फट् स्वाहा)
(तेरो काछ जलमा लय होस नमः फट् स्वाहा)
(तेरो आँखाहरू तेजमा लय होउन् नमः फट् स्वाहा)
(तेरो कानहरू आकाशमा लय होउन् नमः फट् स्वाहा)
(तेरो नाक वायुमा लय होस नमः फट् स्वाहा)
(तेरो सवै आङ दिशाहरूमा लय होउन् नमः फट् स्वाहा)
(तेरो मन परब्रह्ममा लय होस नमः फट् स्वाहा)

अनि कुशको टुप्पाले तल वताएको मन्त्रले त्यै त्यै ठाउँमा छुनू–

खप्परमा– "आदिवीज चामुंडायै नमः"
दुवै सिङमा– "आदिवीज यमाय नमः"
दुवै आँखामा– "आदिवीज शशिभास्कराभ्यां नमः"
दुई कानमा– "आदिवीज बृहस्पतये नमः"
दुई कन्चटमा– "आदिवीज चन्द्राय नमः"

मुखमा– "आदिवीज रुधिरवदनाय नमः"
दाँतमा– "आदिवीज रक्तदंतिकायै नमः"
नाकको दुई प्वालमा– "आदिवीज पृथिव्यै नमः"
घाँटीमा– "आदिवीज महादेवाय नमः"
भुँडीमा– "आदिवीज पृथिव्यै नमः"
गुप्तेन्द्रियमा– "आदिवीज प्रजापतये नमः"
ढाडमा– "आदिवीज कूर्माय नमः"
पुच्छरमा– "आदिवीज साङ्गोपाङ्गाय नमः"

अब हात जोडेर प्रार्थना गर्नू–

आदिवीज "यज्ञार्थे पशवः सृष्टाः यज्ञार्थे पशुघातनम्
अतस्त्वां घातयिष्यामि तस्माद्यज्ञे वधो भव
छाग त्वं वलिरूपेण मम भाग्यादुपस्थितः
प्रणमामि ततो देवरूपिणं वलिरूपिणम्
इमं देहं परित्यज्य भूत्वा देववपुर्धरः
मोदस्व प्रमथैः सार्द्धं यावदिन्द्राश्चतुर्दश"

(वने पशु यज्ञलाई मारिन्छन् पशु यागमै
अतः काट्छु तिमीलाई यज्ञमा काटियौ अब
वलि स्वरूपका बोका भाग्यले सामूमा भयौ
वलिरूपी तिमीलाई देवरूपी म ढोगदछु
छाडीकन यही देह दिव्यदेह लिईकन
चौध इन्द्र भएसम्म गर मोज प्रमथैसँग)

यसपछि वोकाको वायाँ दाहिने अनि वायाँ कानमा तल लेखेको गायत्री सुनाउनू–

"आदिवीज पशुपाशाय वि०…विश्वकर्मणे धी०…तन्नोजीवः प्र०…"

त्यसपछि हातमा तिल कुश जल लिएर बोका संकल्प गर्नू–

"ॐ अद्येत्यादि अमुकगोत्रस्यामुकस्य मम सर्वपापक्षय-पूर्वक—विविधोत्पातप्रशमन—लक्ष्मी–पुत्रपौत्रादि—वंशवृद्धि—नैरुज्य-दीर्घायुष्य-बलपुष्टिप्राप्ति-शत्रुबलहानिकरणकामनया अमुं छागं वह्नि-दैवताकं दशवर्षावच्छिन्नदुर्गादेवीप्रीतये बलित्वेन दातुमहमुत्सृजे"

(ॐ अद्येत्यादि फलानो गोत्रको म मेरो सबै पाप नाश भई, विविध उत्पात निवारण, लक्ष्मीसहित छोरा नातिहरु वंशवृद्धि दीर्घायु बलपुष्टिप्राप्ति शत्रुबलको हानी होस भन्ने कामनाले अग्नि देवताको यो बोका दश वर्षसम्म दुर्गादेवी खुशीहुन् भन्ने हेतुले बलिरूपमा यो चढाउँछु)

अनि बोका पर्साउनलाई हातमा जल लिएर तलको मन्त्र पढ्दै पुच्छर देखि ढाडबाट टाउकोसम्म पानी चुहाई बोका पर्साउनू-

"त्रितार हिलि हिलि किलि किलि धक धक
कह कह बहुरूप धारय पाशबीज लज्जाबीज
दुर्गाबीज इमं पशुं स्वपदं दर्शय दर्शय मुक्ति
नियोजय नियोजय मूलं स्वाहा"

अनि विशेष अर्घको जल एक आचमनी खुवाऊनू—

आदिबीज "पूर्वजन्मकृतात् पापात् पशुजन्मनि जायते
इहलोकं परित्यज्य दिव्यलोकं स गच्छतु"

(पापले पूर्व जन्मैको पशुजन्म भयो यहाँ
छाडीकन यहीलोक उ जाओस दिव्य लोकमा)

यति गरेपछि बोका आफैं पर्सन्छ । एकपल्ट पर्सेपछि अर्कोपल्ट पर्सन नपाउने गरी बोकालाई समाइराख्नू र त्यसलाई काट्ने चन्द्रहास खड्ग अर्थात् खुकुरीको पूजा तल लेखेबमोजिम गर्नू–

खड्गमा "फट्" भनेर कर्मपात्रको जल सेचन गर्नू। अनि सिंदूरले कूर्चवीज लेख्नू। अनि त्यसमा तल लेखे वमोजिम करकच्छपीमुद्रामा ध्यान गर्नू–

"कृष्णं पिनाकपाणिञ्च कालरात्रीस्वरूपिणम्।
उग्रं रक्तास्यनयनं रक्तमालानुलेपनम्।
रक्तांबरधरं चैव पाशहस्तं कुदुम्बिनम्।
पिबन्तं च रुधिरं भुञ्जानं क्रव्यसंहतिं।
क्षोभयन्तं जगत्सर्वं कंपमानं प्रचारिणम्
वेष्टितं मृत्युकालाभ्यां वामदक्षिणभागतः"

(कालरात्री स्वरूपी ती डर लाग्दा कृष्णरूपका मुख आँखा समेत लाल रातो माला र चन्दन पहिरेको बाहुलीमा पिनाक पाश ढल्कने पिउँदै रगतै फेरि काँचो मासु चपाउँदै तर्साएर जगत्लाइ थर थर थर्काउने अनि वायाँमा मृत्यु दायाँमा कालले घेरिने पनि)

यति ध्यान गरेर खड्गमा तल लेखे वमोजिमको मन्त्रले देवीको आवाहन गर्नू–

"आदिवीज त्रपावीज क्रोधवीज रावबीज
एह्येहि भगवति भैरवि भैरवसान्निध्यं कुरु कुरु
अधिष्ठात्री भवाधिष्ठाता भव फट् नमः स्वाहा"

(यहाँ हे भगवति आऊ भैरवी भैरव सान्निध्य गराऊ, अधिष्ठात्री होऊ, अधिष्ठाता पनि होऊ)

यति आवाहन गरेर "आदिवीज देवीप्रणव उच्चारण गरी

खड्गाय नमः" भनी पाद्यादिले पूजा गरी–

"आदिवीज देवीप्रणव कालि कालि वज्रेश्वरि लोहदण्डाय नमः"

भनी तीन पल्ट फूल अक्षताले पूजागर्नू ।

अनि त्यो खड्गको ढाडमा–

"आदिवीज ब्रह्मणे सरस्वत्यै इच्छाशक्त्यात्मने नमः"

खड्गको बीचमा–

"देवीप्रणव विष्णवे लक्ष्म्यै ज्ञानशक्त्यात्मने नमः"

धारमा– "कामवीज शिवाय गौर्यै क्रियाशक्त्यात्मने नमः"

यति पूजा गरेपछि तलको मन्त्रले प्रार्थना गर्नू–

आदिवीज "रसना त्वं चण्डिकायाः सुरलोकप्रसाधिका ।
भुंक्ष्व तस्य पशोरक्तं क्रव्यसंहतिमेव च ।
छिन्धि ममानिशं शत्रून्मंगलानि प्रयच्छ मे ।
दैत्यदानवरक्षोसृङ्मदोन्मत्त नमोऽस्तु ते ।
खड्गाय खलनाशाय शक्तिकार्याय तत्पर ।
पशुश्छेद्यस्त्वया शीघ्रं खड्गनाथ नमोस्तु ते ।"

(तिमी जिब्रो चण्डिकाको देवलोक पुरचाउने
काँचो मासु त्यो पशुको चपाउ रक्त साथमा
सँधै शत्रूहरू मारी मलाई देउ मंगल
दैत्य दानवको रक्त पिई मस्त हुने तिमी
नाश्ने खलहरूलाई तत्परै शक्तिकार्यमा
पशुलाई झट्ट छिन्ने तिमी खड्गकनै नमः)

यति प्रार्थना गरेर तलको मन्त्रले त्यसलाई हातमा लिनू–

"असिर्विषसमः खड्गस्तीक्ष्णधारो दुरासदः ।
श्रीगर्भो विजयश्चैव धर्मपाल नमोस्तु ते ।।"

(तिमी हौ विष झैं खड्ग धारिला दुष्ट नाशने
श्रीगर्भ विजयसृष्टा धर्मपाल नमोस्तुते)

खड्ग हातमा लिएर तलको मन्त्र पढ्दै रेट्ने परंपराकाहरूले रेट्नू, छेदन परंपराकाहरूले एकै प्रहारले छिन्नू ।

"आदिवीज देवीप्रणव"
"उद्बुध्यस्व पशो त्वं हि नाशिवस्त्वं शिवोसि हि ।
शिवोत्कृत्यमिदं पिण्डमतस्त्वं शिवतां व्रज ॥"
"आदिवीज छिन्धि छिन्धि हूँ फट्"

(उठ जाग पशु तिमी अभिन्न शिवरूप हौ ।
कल्याणको निम्ति देह छाडेर शिवमा मिल)

त्यसपछि बोकाको टाउकोमा कपूर को वत्ति अथवा घिउको वत्ति वालेर तलको मन्त्र पढी दुई हातले देवीमा अर्पण गरी त्यहीँ अगाडी राखिदिनू–

आदिवीज– "पशुं गृहाण देवेशि प्रज्ञया उपयोजितम्
अस्यापि स्वर्गसंप्राप्ति चण्डिके त्वं प्रयच्छ मे"

(लिनुहोस पशु हे देवी अर्पिएको विधानले
मेरो यसको पनि स्वर्गप्राप्ति देउ सुरेश्वरी ।)

त्यसपछि छेदन परंपराकाहरूले वोकाको रगत् एउटा भाँडामा थापेर हातमा जौ तिल कुश लिएर संकल्प गर्नू–

"ॐ अद्येत्यादि पूर्वोक्तसंकल्पसिद्धिरस्तु अद्येह अमुकगोत्रस्य अमुकस्य मम सर्वपापक्षयपूर्वक–त्रिविधोत्पातप्रशमनार्थम् इदं रुधिरं विष्णुदैवताकं दशवर्षावच्छिन्नदुर्गादेवीतृप्त्यर्थमहमुत्सृजे"

(ॐ अद्येह इत्यादि फलानो गोत्रको फलानो म मेरो सवै पाप नाश भई तीन किसिमका उत्पातहरू निवारण होस भन्ने

कामनाले यो वोकाको रगत, विष्णुदेवताको, दश वर्ष सम्म दुर्गा देवी तृप्ति होउन् भनी चढाउँछु)

अनि तल लेखे बमोजिम मूल घडामा–

"पाशवीज आत्मतत्वव्यापिकायै दुर्गादेव्यै तर्पयामि नमः ।
अनि मायावीज विद्यातत्वव्यापिकायै दुर्गादेव्यै तर्पयामि नमः ।
अनि तीनवटै वीज सर्वतत्त्वव्यापिकायै दुर्गादेव्यै तर्पयामि नमः ।
मूलं साङ्गावरणायै कात्यायनीदुर्गादेव्यै तर्पयामि नमः ।
त्रितार अत्रपूजितदेवताभ्यः तर्पयामि नमः ।"

भनेर वलिपात्रमा समेत तर्पण गर्नू । अनि भित्तामा नउ टुक्रा गोवर टाँसेर तल लेखे बमोजिम प्रत्येकमा प्रत्येक मन्त्र पढी रक्तको धारा चुहाउनू–

"दुर्गावीज दुर्गां तर्पयामि नमः स्वाहा"
"झ्रौं चामुंडां तर्पयामि नमः स्वाहा"
"छ्रौं योगिनीन्त०"
"ख्फ्रें डाकिनीन्त०"
"सौः भैरवीन्त०"
"ॐ विदारिकां०"
"ॐ पापराक्षसीन्त०"
'स्फ्रं पूतनान्त०"
"क्रीं कालिकान्त०"

यति तर्पण गरेर अघि खिचडी वलि चढाएकोमा पनि अलिकति रगत दिनू अनि आफ्नो हातको भाँडामा बाँकी रहेको भाँडा समेत आफ्नो नैर्ऋत्य पट्टि–

"आदिवीज कौशिकी रुधिरेणाप्यायताम्"

भनेर भाँडा समेत घोप्ट्याई दिनू । कुनै कुनै परंपरामा

भित्तामा गोवर नटाँसेर पूर्वोक्त नवै जनालाई वलिपात्रमै तर्पण गर्ने पनि गर्छन् । यो रगत संकल्प देखि यहाँ सम्मको काम रतन परंपरामा हुँदैन । सो रतन परंपरामा बोकाको आन्द्रा झिकी त्यसमा हावा वा पानी भरेर ठाँठो पारेर माला वनाई मूलदेवीलाई चढाउनू ।

"आदिवीज त्रितार नरान्त्रमालाभरणभूषिते महा-कौलिनि महाब्रह्मवादिनि महाधनोन्मादिनि सर्वभोगप्रदे अस्मदीयं शरीरं वज्रमयं कुरु २ दुर्जनान् हन २ मद्द्विषः क्षोभय २ परचक्रा-न्भक्षय २ भञ्जय २ कालि गगनगामिनि त्रैलोक्यस्वामिनि य म ल व र यूँ, भ म ल व र यूँ, क्ष म ल व र यूँ श्रीभैरवि कात्यायनि दुर्गे प्रसीद २ स्वाहा"

(मानिसको आन्द्राको गहनाले सिंगारिएकी हे महाकौ-लिनी हे महाब्रह्मवादिनि हे महाधनोन्मादिनि सबै भोग दिने मेरो शरीर वज्रमय गराउनुहोस २ दुर्जनलाई मार्नुहोस २ मेरो शत्रु मार्नुहोस २ अर्काको चक्र खानुहोस २ भांच्नुहोस २ हे कालि आका-शगामिनि, हे तीनलोकको मालिकनी, य म ल व र यूँ, भ म ल व र यूँ, क्ष म ल व र यूँ, श्रीभैरवी कात्यायनी हे दुर्गे खुशी होउ २ स्वाहा)

कुनै कुनै छेदन परंपरामा पनि यो अन्त्राभरण चढाउने गर्छन् । त्यसपछि बोकाको कलेजो पोली मद्यको प्रतिनिधिरूप अदुवाको रसमा मली अदुवाको चानाहरू र योग्य नून समेत मिसाई त्यसमा शक्तिवीज अस्त्राय फट् भनी विशेषअर्घको जल सेचनगरी मत्स्यमुद्राले ढाकी यँ १० रँ १० धेनुमुद्राले ढाकी वँ १० जपी फेरि मत्स्यमुद्राले ढाकी–

आदिवीज "छागजातेन मांसेन कृतरूपाय विष्णवे ।
बल्यर्थं शिवशक्त्योस्त्वां प्रपद्ये विष्णुमव्ययम् ।
प्रतर्पयामि वल्यर्थं पवित्रीभव सांप्रतम् ॥"

"ॐ पृथिवीतत्वाय वि० भूचराय धी० तन्नोमांस प्र०"

मूल मन्त्र पढी नैवेद्य चढाई कुनै एउटा भाँडाले छोपी देवीको नगिच राख्नू । अनि पुनराचमनीय र पान समेत माथि वताएझैं समर्पण गर्नू । त्यसपछि छेदन परंपराकाहरूले कुभिंडो वलि पनि गर्नू ।

बलि गर्दा कुभिंडो अगाडि राखेर त्यसमा–

"दुर्गावलिरूपाय कुष्मांडाय नमः"

भनी पाद्यादिले पूजा गरी फेरि मूल मन्त्रले पुष्पाक्षताले पूजा गरी मूलषडङ्गले पनि पूजा गर्नू । अनि निम्नलिखित श्लोक पढी प्रार्थना गर्नू–

आदिवीज "कुष्मांडं बहुवीजाढ्यं ब्रह्मणा निर्मितं पुरा ।
ब्रह्महत्यादिपापघ्नं पुत्रपौत्रादिवर्धनम् ।

(कुभिंडो वीजले पूर्ण ब्रह्मादेखि बन्यो अघि ।
ब्रह्महत्याआदि नाशने छोरा नाति बढाउने)

अब तल लेखेवमोजिम संकल्प गर्नू–

"ॐ अद्येत्यादि अमुकगोत्रस्य अमुकस्य मम सकल-पापक्षयपूर्वक-त्रिविधोत्पातप्रशमन० कुष्मांडं महामहिषफलरूपं महाद्भूतदानवं महात्रिपुरसुन्दरीशाकंभरीप्रियम् इदं कुष्माण्डं वनस्पतिदैवताकं षड्मासावच्छिन्नदुर्गादेवीप्रीतये वलित्वेन दातुमह मुत्सृजे"

(ॐ अद्येत्यादि फलानो गोत्रको फलानो म मेरो सबै पाप नाश भई तीन किसिमका उत्पातहरू निवारण होस भनी यो कुभिंडो वनस्पतिदेवताको महामहिषको फलरूप महाअद्भूत दानव-

रूप महात्रिपुरसुन्दरी शाकंभरीको प्रिय कुभिंडोलाई छ मास सम्म दुर्गादेवी तृप्ति हुन भन्ने हेतुले वलिरूपमा चढाउँछु)

त्यसपछि संक्षेपतः– "आदिवीज देवीप्रणव खड्गाय नमः"

भनी खड्गलाई पूजा गरी एकै पटकमा कुभिन्डो काट्नू। अनि काटेको कुभिंडोको टाउकोमा रातो लगाई कपूर वाली मूल मन्त्रले देवीलाई चढाई अगाडी राख्नू।

कालरात्रीको होम

पैले आगोको एक फिलिंगो ल्याएर मूल मन्त्र पढी कुशको डाँठ बाल्नू –

"ॐ क्रव्यादाय नमः" भनी त्यो कुश नैर्ऋत्यतिर मिल्काइदिनू। "ॐ फट् अग्नि परिसिञ्चामि फट्" भनेर आगोलाई सेचनगर्नू। तलको श्लोक पढी बेदीको पूर्वतिर ३, पश्चिमतिर ३, उत्तरतिर ५ र दक्षिणतिर ५ टुक्रा कुश राखिदिनू–

"मूलं फट् यज्ञस्यसन्ततिरसि यज्ञस्य त्वां सन्तत्यैस्तृणामि फट्"

(मूलं फट् यज्ञको तिमी सन्तान होउ
यज्ञको फैलावटको लागि यो कुशहरू राख्दछु)

अनि "शक्तिवीज अस्त्राय फट्" भनेर कुण्डमा सेचन गर्नू। अनि "शक्तिवीज अस्त्रायफट्" भनेर समिधा (दाउरा) मा सेचन गर्नू। त्यसपछि तलको "इष्टगायत्री" जप्तै समिधा (दाउरा) मिलाउनू–

"कात्यायन्यै वि० कन्याकुमारी धी० तन्नोदुर्गा प्र०"

अनि कुण्डलाई वागीश्वरीको योनि र आगोलाई वागीश्वरको वीर्य भावना गरी त्यो आगोको फिलिंगो त्यस कुंडमा हाल्नू।

अनि "राँ रीँ रूँ अग्निकूट" उच्चारण गरी त्यो आगो वाल्नू । त्यसपछि "ॐ वागीश्वरीयोगपीठाय नमः" भनी अग्निपूजा गर्नू ।

अनि तलको श्लोक पढी अग्निको आवाहन गर्नू–

"ॐ वैश्वानर जातवेद इहावह लोहिताक्ष सर्वकर्माणि साधय स्वाहा भगवन्नग्ने इहागच्छागच्छ इह तिष्ठ तिष्ठ यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव"

(हे सबै कुरा जान्ने लाल नेत्र भएका अग्नि यो कर्म साध्नुहोस, हे भगवान् अग्नि यहाँ आउनुहोस २ वस्नुहोस २ मैले पूजा गरेसम्म सुस्थिर हुनुहोस)

अनि "मूलं फट्" भनेर सुरोलाई सेचन गर्नू । त्यसपछि अवगुण्ठन र धेनुमुद्रा देखाई सुरोलाई घोप्टो पारेर राख्नू । "ॐ शिवशक्तिभ्यां नमः" भनेर सुरोमा पूजा गर्नू । मूलमन्त्र पढेर आज्य (घिउ) लाई आगोको नगिच राख्नू र मूलमन्त्र पढी घिउमा हेर्नू । "सौः अस्त्राय फट्" भनेर घिउमा सेचन गर्नू । अनि कूर्चवीज उच्चारण गरेर धेनुमुद्राले अमृतीकरण गर्नू । अनि मूलषडङ्गले पूजा गर्नू । त्यसपछि आज्यको प्रार्थना तलको मन्त्रले गर्नू–

"ॐ आज्यं तेजः समुद्दिष्टमाज्यं पापहरं शुभम् ।
आज्यं सुराणामाहारमाज्ये लोकाः प्रतिष्ठिताः ॥"

(घिउ यो तेज हो भन्छन् पापहारी छ यो शुभ ।
आहार हो देवको यो यसमै लोक प्रतिष्ठित ॥)

"दिव्यन्तरीक्षभूमाद्यं यैत्त किल्विषमागतम्
तत्सर्वमाज्यस्पर्शेन विनाशमुपगच्छतु"

(भौम दिव्य अन्तरिक्ष आइपर्छन् अरिष्ट जो ।
नष्ट होउन् ती सबै नै स्पर्शले यस आज्यको)

"ॐ आत्मनो वाङ्मनस्कायोपार्जितपापनिवारणार्थं
श्रीकात्यायनीदुर्गाप्रीत्यर्थं मिदमाज्यं समर्पयामि नमः"

(वचन मन र शरीरबाट हुन गएको पाप हटाउनको लागि
श्रीकात्यायनी दुर्गाको प्रीतिमा यो आज्य चढाउँदछु)

त्यसपछि वेदिको वायाँपट्टि भईँमा विन्दु त्रिकोण षट्कोण वृत्त चतुरस्र लेख्नू र त्यसमा "ह्रीँ आधारशक्तये नमः" भनी पूजा गर्नू। अनि "सौः अस्त्रायफट्" भनी चरुपात्रमा सेचन गर्नू। "नमः" भनेर चरुपात्र त्यस यन्त्रमाथि राख्नू। "हँ सूर्यमण्डलाय नमः" भनी फेरि त्यो चरुपात्रमा पूजा गर्नू। त्यसपछि मूलमन्त्र पढी चरुपात्रमा चरु हाल्नू।

"सौः अस्त्राय फट्" भनेर फेरि चरुमा सेचन गर्नू।
कूर्चवीज उच्चारण गरी अवगुण्ठनमुद्रा देखाउनू।
अनि वरुणवीज उच्चारण गरी धेनुमुद्रा देखाउनू।
मत्स्यमुद्राले ढाकेर मूलमन्त्र सातपल्ट जप्नू।
तार्क्ष्यवीज उच्चारण गरी तार्क्ष्यमुद्रा देखाउनू।
अनि वाग्वीज उच्चारण गरी योनिमुद्रा देखाउनू।

अनि निम्नलिखित मन्त्र पढी पूजा गर्नू–

"आनन्दभैरवकूट शिखास्वच्छन्दभैरवाय कुब्जिकेश्वराय
आनन्दभैरवीकूट कुब्जिकेश्वर्यै श्री०"

अनि तलको दुर्गाको गायत्री पढी पूजा गर्नू–

"ॐ कात्यायन्यै वि० कन्याकुमारी धी० तन्नो दुर्गा प्र० सर्वंचरु श्री०"

यति चरुसंस्कार गरी दाहिने हातले सुरोले घिउ झिकेर तलको मन्त्रले होम गर्नू–

"ॐ अग्नये स्वाहा इदमग्नये"

यति हवन गरेर सुरोले प्रोक्षणीपात्रको जल छुनू । अनि उस्तै गरी–

"ॐ कुलगणपतये स्वाहा इदं–कुलगणपतये"
"ॐ इष्टदेवतायै स्वाहा इदं–इष्टदेवतायै"
"कुलमूलं कुलदेवतायै स्वाहा इदं–कुलदेवतायै"

अनि कुण्डमा कात्यायनीदुर्गाको ध्यान गरी–

"हवने विनियोगः" भनेर दुर्गाको करषडङ्ग न्यास गरी दुर्गाकै मूलमन्त्रले पूजा गरी दाहिने हातको हंसीमुद्राले चरु लिई वायाँ हातले सुरोद्वारा आज्यले निम्नलिखित बमोजिम हवन गर्नू–

ॐ प्राणाय स्वाहा । ॐ अपानाय स्वाहा ।
ॐ समानाय स्वाहा । ॐ उदानाय स्वाहा ।
ॐ व्यानाय स्वाहा ।

यति पञ्चाहुति गरेर सोह्र टुक्रा, आ-आफ्नो परंपरानुसार अट्ठार कलेजोको टुक्रा वा अट्ठार टुक्रा, स्कंधमांस (गर्धनको मासु) ले दुर्गाको मूलमन्त्रले हवन गर्नू । अनि यथाशक्ति चरु र आज्यले मात्रै हवन गर्नू । त्यसपछि दाहिने हातमा सुरो लिई आ-आफ्नो परंपरानुसार कुनै फल अथवा बोंकाको मुटु र चरु हाली वायाँ हातले आज्यपात्र उठाई मूल मन्त्र सहित तलको मन्त्र पढेर पूर्णाहुति दिनू–

"ॐ मूर्धानन्दिवोऽ अरतिम्पृथिव्या वैश्वानरमृतऽ आजातमग्निम् । कविर्ठ सम्राजमतिथिञ्जनामासन्नापात्रं जनयन्त देवाः स्वाहा"

(द्युलोकका शिरःस्वरूप, अन्तरिक्षमा (सूर्यरूपले) सदा वर्तमान, सर्वलोकहितकारी, यज्ञका निम्ति उत्पन्न, कवि

(क्रान्तदर्शी), सम्राट् (ऐश्वर्यले देदीप्यमान) यजमानका अतिथि, देवताहरूका पानपात्रस्वरूप यस्ता अग्निलाई देवताहरूले उत्पन्न गरे । यो आहुति सुहुत होस् ।)

अब निम्नलिखित मन्त्र पढी सुरोमा सेचन गर्नू–

"ॐ फट् अग्निं विमुञ्चामि फट्"

"ॐ फट् यज्ञस्यसन्ततिरसियज्ञस्यत्वासन्तितिं विसर्जयामि फट्"

(यज्ञको सन्तानरूप तिमीलाई विसर्जन गर्दछु)

अब यति गरिसकेपछि निम्नलिखित मंत्र पढी वेदीबाट अलिकति शेष झिकी तिलक लगाउनू–

"ॐ श्रीँ श्रीँ श्रीँ भूर्भुवःस्वः ॐ भस्मायविद्महेविभूति मसिकौधीमहि तन्नोमार्तण्डः प्रचोदयात्"

"ॐ अग्निरिति भस्म । ॐ जलमिति भस्म । ॐ स्थलमिति भस्म । ॐ वायुरिति भस्म । ॐ व्योमेति भस्म सहितानि दशेन्द्रियाणि भस्मानि ॥ ॐ सर्वसहाय नमः । ॐ ईशानाय नमः । ॐ वामदेवाय नमः । ॐ सर्वत्र सद्योजाताय नमः । ॐ भ्रैँ भ्रैँ भ्रैँ भस्मांगीसर्वाङ्गीश्वरि भस्ममयि हूँ फट् स्वाहा ॥ त्र्यम्बकं यजामहे० ॥ ॐ नमः शिवाय ॥ ॐ सर्वएवमहाभस्मस्नातो भवति ॥ अपेयपानात् पूतो भवति । अभक्ष्यभक्षणात् पूतो भवति । अगम्यागमनात् पूतो भवति ॥

ॐ शिवमस्तु यजमानस्य छिद्रं माभूत्कदाचन ॥
देवदेव्योः प्रसादेन रक्ष रक्षास्तु मे भृशम् ॥"

त्यसपछि निम्नलिखित श्लोक पढेर अग्निकुण्डमा पुष्पांजलि चढाउनू–

"ॐ क्षमस्व मन्त्रनाथाय नित्यानन्दमयाय च ।
धर्म्मार्थकाममोक्षेषु पुनरागमनाय तु ॥"

यति गरी संहारमुद्रा देखाएर विसर्जन गर्नूं ।

यसपछि यथाशक्ति जप पाठ गरी कपूरवत्ति बाली मूलमन्त्रले निराजन गर्नू । अनि निम्नलिखित श्लोकले हात जोडेर प्रार्थना गर्नू–

"ॐ जय देवि जगन्मातर्जय पापौघहारिणि ।
जय जन्मजराव्याधितृष्णादावानलाकृते ।।
जय सर्वविपत्तिघ्नि जय त्रिदशवन्दिते ।
जय नित्यानन्दरूपे जय कल्याणदायिनि ।।
जय शत्रुक्षयकरि जय रोगप्रणाशिनि ।
जय भीमे जयाघोरे जय सङ्कटतारिणि ।।
जयामृतरसास्वादतुन्दिलानन्दविग्रहे ।
त्रिनेत्रे विकरालास्ये मुण्डमालाविभूषिते ।।
सर्वासुरक्षयकरि खड्गखट्वांगधारिणि ।
महाघोरे महारावे दैत्यदर्पनिषूदिनि ।।
इमं पशुवलिं देवि गृहीत्वा कालरात्रिके ।
प्रीता भव महादेवि रक्ष मां शरणागतम् ।।
आयुर्देहि धनं देहि भाग्यं कीर्तिञ्च देहि मे ।
स्त्रियं देहि सुतान्देहि सर्वान्कामांश्च देहि मे ।।
उग्रचण्डे प्रचण्डासि प्रचण्डकरवालिनि ।
महाचण्डोग्रदोर्दण्डे विश्वेश्वरि नमोस्तु ते ।।
रक्ष मां शरणापन्नं त्वत्पादार्पितमानसम् ।
हर पापं हर क्लेशं हर शोकं हरासुखम् ।।
हर रोगं हर क्षोभं हर दैन्यं हरप्रिये ।
स्तुतिमेतां पठित्वैव दण्डवत्प्रणमेद्भुवि ।।
गुह्यकालि जगद्धात्रि सर्वान्तर्यामिनीश्वरि ।
गृहीत्वेमं पशुवलिं यथोक्तफलदा भव ।।

कायेन मनसा वाचा त्वत्तो नान्या गतिर्मम
अन्तश्चरसि भूतानां दृष्टौ त्वं परमेश्वरि ॥"

(जय देवि जगन्माता रोगपापविनाशिनी
बुढ्याईं जन्म र व्यथा तृष्णा दावानलाकृते
सबै विपत्ति हरने ढोगिने सुरले पनि
जय नित्यानन्दरूपा जय कल्याणदायिनि
जय भीमा अघोरा सङ्कटबाट बचाउने
हे अमृत रसास्वाद लिई आनन्दमस्तकी ।
त्रिनेत्रा मुख डरलाग्दी मुण्डमाला लगाउने
सर्वशत्रु नाश पार्ने खड्गखट्वांगधारिणि
डरलाग्दी ठूलो डाँकोले दैत्यको सेखी झारने
यही पशुवलि देवी लिएर कालरात्रिका
महादेवी खुशी होउ शरणागत छु म ता
रक्षा गर मलाई लौ शरणागत हो भनी
आयु देऊ धनै देऊ देऊ भाग्य र कीर्ति नै
स्वास्नी देउ देउ छोरा देउ लौ सबथोक नै
उग्रचण्डा प्रचण्डा हौ प्रचण्डकरवालिनी
महाचण्डोग्रदोर्दण्डा विश्वेश्वरी नमोस्तुते
हर पाप हर क्लेश हर शोक र दुःख नै
हर रोग हर क्षोभ हर दैन्य हरप्रिया
यति स्तुति गरी ढोगोस लम्पसार परीकन ।
गुह्यकालि जगद्धात्रि सर्वान्तर्यामिनीश्वरि
शरीरं मनवाणीको मेरो छौ तिमी नै गति
प्राणीका दृष्टिमा वास गर्दछ्यौ परमेश्वरि)

यति प्रार्थना गरी माथि लेखेवमोजिम "महिषघ्नि ... ..." इत्यादिले पुष्पांजलि गरी पूजा समाप्त गर्नू ।

इति श्रीमहाष्टमी–कालरात्री–विधि .

अथ महानवमी

यसमा कालरात्री बमोजिम पीठ पूजा सम्म समाप्त गरी सोही बमोजिम आवाहन पाद्य अर्घ्य आचमन पुनराचमन स्नान चन्दन सिंदूर अक्षता जौतिल मोहिनी अबीर फूल धूप वत्तिसम्म अर्पण गरी "संविन्मये···" इत्यादिले प्रार्थना गरी तल लेखे बमोजिम आवरण पूजागर्नू–

"आदिवीज देवीप्रणव नमः मायावीज रमावीज
चण्डोग्रायै नमः रमावीज मायावीज श्री०"
"वाग्वीज मायावीज अँ आँ रुद्रचण्डाब्रह्माणी श्री०"
"वाग्वीज मायावीज इँ ईँ प्रचण्डामाहेश्वरी श्री०"
"वाग्वीज मायावीज उँ ऊँ चण्डोग्राकौमारी श्री०"
"वाग्वीज मायावीज ऋँ ॠँ चण्डनायिकावैष्णवी श्री०"
"वाग्वीज मायावीज ऌँ ॡँ चण्डावाराही श्री०"
"वाग्वीज मायावीज एँ ऐँ चण्डवती–इन्द्राणी श्री०"
"वाग्वीज मायावीज ओँ औँ चण्डरूपाचामुण्डा श्री०"
"वाग्वीज मायावीज अँ अः अतिचण्डिकामहालक्ष्मी श्री०"

"त्रितार गौर्यादि––नवमातृका श्री०"
"त्रितार जयन्त्यादि—एकादशशक्ति श्री०"

"त्रितार श्रीकात्यायनीदुर्गाहस्तस्थितसमस्तायुधेभ्यो नमः"
"त्रितार आभूषितोग्रचण्डादुर्गासमस्तालंकारेभ्यो नमः"

'पञ्चतार आनन्दभैरवीकूट उच्चारण गरी भैरवानन्दश्रीविद्याराज्ञी अनि आनन्दभैरवकूट उच्चारण गरी कात्यायनीदुर्गाश्री०"

अनि– "त्रितार कात्यायन्यै वि० कन्याकुमारी धी० तन्नो दुर्गा प्र०"

यसपछि– "आदिवीज देवीप्रणव वज्रनखदंष्ट्रायुधाय
महासिंहाय कूर्चवीज नमः महासिंहासनश्री०"

अनि– "त्रितार मं महिषासुराय नमः महिषासुरश्री०"

"त्रितार सिद्धपुत्रवटुकादिश्री०"

"त्रितार हेतुकादिक्षेत्रपालेभ्यः महाभीषणेभ्यः श्री०"

"त्रितार इन्द्रादिदशदिक्पालश्री०"

"आदिवीज वज्रादिदशायुधश्री०"

अनि वलिपात्रमा कृशरान्न वलि दिनू–

"जयदुर्गामन्त्र जयदुर्गायै एष वलिर्नमः"

"पञ्चतार आनन्दभैरवीकूट आदिवीज देवीप्रणव खरहित खेचरीवीज कामवीज रावबीज कात्यायनी-दुर्गे कान्त्यान्वितरावबीज खरहित खेचरीवीज स्वाहा एष वलिर्नमः"

"पञ्चतार कन्दर्पवीज क्रोधवीज रमावीज वामनेत्राग्नियुत संवर्त्तवीज महिषमर्दिनि एष ते वलिर्नमः"

"पञ्चतार आनन्दभैरवकूट आनन्दभैरवीकूट महातुम्बु-रेश्वरि एष वलिर्नमः स्वाहा"

"पञ्चतार खेचरीवीज सिद्धिचामुण्डायै वलिं गृह्ण गृह्ण स्वाहा"

यति वलि दिएर अनि–

"ॐ साङ्गावरणा कात्यायनीदुर्गा सर्वोपचारैः सुपूजिता सन्तर्पिताऽस्तु"

भनी दाहिने हातले पूजा वायाँ हातले तर्पण गरी "अभीष्टसिद्धि" इत्यादिले पूजा गर्नू। अनि धूप दीप नैवेद्य गरी अर्घ अर्घको दिनमा गरे झैं मूलदेवतालाई वलि र वटुकादिवलि गर्नू। पशुवलि गर्ने परंपराकाहरूले यसपछि कालरात्रीमा वर्णन गरे जस्तो सबै काम गरी पूजा समाप्त गर्नू। सो वलि नगर्ने परंपराकाहरूले जपपाठ गरी कपूरले आरति गरी महिषघ्नि इत्यादिले प्रार्थना गरी पूजा समाप्त गर्नू।

कुमारीपूजा

अब सबै पूजा समाप्त गरिसकेपछि कुमारीको पूजा गर्नू । कसैको परंपरामा क्रमैसित एकएकवटा कुमारीको पूजा हुन्छ र कसैको परंपरामा भने परेवाको दिन एकजना कन्या, द्वितीयाको दिन दुईजना कन्या यस प्रकारले प्रत्येक दिन एक एकवटा कन्या थपिंदै नवमीको दिन नउजना कन्याको पूजा हुन्छ । कसैको परंपरामा नवमीकै दिन नवै कन्याको र एक वटुकको पूजा हुन्छ । नवकन्याको नाम यस प्रकारको छ–

१) एकवर्षकी – कुमारी
२) दुईवर्षकी – त्रिमूर्ति
३) तीनवर्षकी – कल्याणी
४) चारवर्षकी – रोहिणी
५) पाँचवर्षकी – वैष्णवी
६) छवर्षकी – चण्डिका
७) सातवर्षकी – शाम्भवी
८) आठवर्षकी – सुभद्रा
९) नउवर्षकी – दुर्गा

यिनीहरूको मन्त्र निम्न वमोजिमको हुन्छ—

"त्रितार ङे० युक्त नाम उच्चारण गरी नमः" भन्नू ।

इति महानवमीपूजाविधि

अथ दशमी

सबभन्दा पहिले महाष्टमी विहानको जस्तो गरी सबै पूजा समाप्त गर्नू । त्यसपछि त्यहाँ स्थापना भएका सबैमा पुष्पांजली चढाई तलको मन्त्रले मूलदेवीलाई पनि पुष्पांजलि चढाउनू–

मूलं "रश्मिरूपा महादेव्या ह्यत्र पूजितदेवताः
श्रीदेव्यंगे विलीनास्ताः सन्तु सर्वाः सुखावहाः"

(देवीका रश्मिरूपा जो पूजिए देवताहरू
सारा ती लीन भै जाउन् देवीमा सुखदा भई)

अनि दुई हात जोडेर तलको मन्त्रले क्षमास्तुति गर्नू—

आदिवीज "विधिहीनं क्रियाहीनं भक्तिहीनं यदर्चितम् ।
पूर्णं भवतु तत्सर्वं त्वत्प्रसादात् परेश्वरि ॥
शक्नुवन्ति न ते पूजां कर्तुं ब्रह्मादयः सुराः ।
अहं किं वा करिष्यामि मृत्युधर्मा नरोल्पधीः ॥
नजानेहं तेम्ब रूपं न शरीरं न वा गुणम् ।
एकमेव हि जानामि भक्तिं त्वच्चरणाम्बुजे ॥
तां भक्तिं हृदि संभाव्य शारदार्चां प्रगृह्य च ।
गच्छ देवि निजं स्थानं मह्यं दत्त्वा वरान्बहून् ॥"

(न कर्मैले न बिधिले न वा भक्ति गरी भयो
पूजा सबै पूर्ण हवस् आमै तिम्रो प्रसादले
तिमीलाई पूज्न सक्दैनन् ब्रह्मादि सुरले पनि
छोटो आयु र बुद्धिको म जाबोले गरौं कति
शरीर रूप र गुण आमै तिम्रो म जान्दिन
फगत तिम्रो पाउको नै भक्तिमात्र म जान्दछु
सो भक्ति मनमा राखी दर्शै पूजा लिईकन
जाउ आफ्नो धाम दुर्गे वर धेरै दिईकन)

यति क्षमापन गरी देवीलाई तलको मन्त्रले पाएसम्म सुनको नपाए यथाशक्ति भेटी चढाउनू—

आदिवीज "न्यूनाधिकमिदं कर्म्म यदि छिद्रमछिद्रकम्
कुरु संपूर्णतां देवि दक्षिणा प्रतिगृह्यताम्"

(घटीबढी यदि भए भए पूर्ण अपूर्ण वा ।
गर्नुहोस पूर्ण संपूर्ण लिनुहोस देवि दक्षिणा ।।)

त्यसपछि निम्नलिखित श्लोक पढी दुई हातले घडा हल्लाउनू—

आदिवीज "उत्तिष्ठ चण्डिके देवि शुभां पूजां प्रगृह्य च ।
कुरुस्व मम कल्याणं सर्वाभिः शक्तिभिः सह ।।"

(उठ्नुहोस् चण्डिकादेवी शुभ पूजा लिईकन
मेरो कल्याण गर्नूहोस् सबै शक्ति सँगै भई)

यति प्रार्थना गरी देवीलाई कलशमा लीन भएको भावना गरी तलको श्लोक पढ्नू—

आदिवीज "गच्छ गच्छ परं स्थानं स्वस्थानं चण्डिकेम्बिके
व्रज स्रोतोजले वृद्धचै स्थीयतां च जले त्विह ।।

(जाउ जाउ परं ठाउँ आफ्नैमा चण्डिकाम्बिका
जलको मूलवृद्धचर्थ वस्नुहोस जलमै यहाँ ।।)

मूल मन्त्रले उनै देवीलाई घडामाथिको जोर वेलमा लीन भएको भावना गरी तलको मन्त्र पढी घडा हल्लाउनू—

आदिवीज "कात्यायनि जगन्मातः स्वस्थानं गच्छ पूजिते ।
संक्त्सरे व्यतीते तु पुनरागमनाय वै ।।
इमां पूजां मया देवि यथाशक्त्या निवेदिताम् ।
रक्षणार्थं समादाय व्रज स्वस्थानमुत्तमम् ।।"

(कात्यायनी जगन्माता जाऊ स्वस्थानमा अब
वर्ष वीतेपछि आघौं फेरि पाल्नुहवस पछि
यथाशक्ति चढाएको मैले यो अर्चनादिक
सकारीकन रक्षार्थ जानोस उत्तम ठाउँमा)

त्यसपछि घडा झिकी घडाको जलले (भ्याए सत्ताइस चोटि नभ्याए तीन चोटि) देवीलाई सेचन गर्नू—

"मूलं श्रीकात्यायनीमहमभिषिञ्चामि"

(श्रीकात्यायनीलाई म अभिषेक गर्दछु)

अनि आफूलाई पनि सेचन गर्नू—

"पाशवीज मायावीज दुर्गावीज"

"एतानि ते महेशानि वीजानि जगदम्बिके ।
अभिषिञ्चन्तु दिव्यानि धर्म्मकामार्थसिद्धये ॥
त्वत्पतेः परमा मूर्तिर्वह्नि र्दशकलान्विता
एवमक्लिष्टकर्म्माणि ह्यभिषिञ्चन्तु नित्यशः ॥
रविः सुरवरः शम्भोर्मूर्तिः सत्यं यदीर्यते ।
तह्यर्कनं सविता सूरः सिञ्चेत्सर्वजगत्पतिः ॥
गौरी गंगा गणेशानो लक्ष्मीर्वागीश्वरी तथा
काली मनोजवा भीमाऽभिषिञ्चाद्भैरवप्रिया ॥"

(पाश माया दुर्गवीज तिम्रा दिव्य महेश्वरी ॥
अभिषेक गरून् धर्म अर्थ काम पुगोस भनी ॥
हजुरका स्वामिको मूर्ति अग्नि दशकलायुत ।
अभिषेक गरून् यस्तै अक्लिष्ट सब कर्मले ॥
श्रीसूर्य शिवका मूर्ति कहिन्छन् जो जगत्महाँ ।
तिनै सर्वजगत्स्वामी अभिषेक गरून् यहाँ ॥
गौरी गंगा गणपति तथा लक्ष्मी सरस्वती ।
काली मनोजवा भीमा र छर्कून् जल भैरवी ॥)

यति गरिसकेपछि शान्तिकलशको जलले पनि मूलमन्त्र पढी पैले देवीलाई अनि आफूलाई सेचन गर्नू ।

अनि चन्दन अक्षता फूल वेलमा चढाई षडङ्गले पूजा गरी संहारमुद्राले सो फूल वेलबाट झिकी आफ्नो नाकनिर पुरचाई सूँघेर तलको श्लोक पढी देवीलाई लीन गराउनू–

"तिष्ठ तिष्ठ परं स्थानं स्वस्थानं परमेश्वरि
यत्र ब्रह्मादयः सर्वे सुरास्तिष्ठन्ति मे हृदि"

(वस्नोस वस्नोस परंस्थानमा आफ्नैमा परमेश्वरी
जहाँ ब्रह्मादि ती देव वस्छन् मेरो मुटू महाँ)

अनि ईशानतिर विन्दू त्रिकोण चतुरस्र लेखेर थालीको केही निर्माल्य प्रसाद झिकी तलको श्लोक पढी त्यो यन्त्रमा राखि दिनू–

"त्रितार उच्छिष्टचाण्डालि मातङ्गि सर्वशक्ते मां रक्ष
रक्ष स्वाहा आद्यवीज देवीप्रणव निर्माल्यवासिन्यै नमः"

अनि वेलमा भएको सिंदूर अक्षता झिकी आफ्नो ब्रह्मरन्धमा मूल मन्त्रले लेपन गर्नू।

अनि यति विसर्जन गरी अपराजितापूजा गर्नू।

अपराजितापूजा

कसैको मतमा एउटा गमलामा शमीको सानो विरुवा राखी त्यसको अगाडी एउटा खड्ग राखी त्यसमा अपराजिताको आवाहन गरी पूजा गर्छन्। कुनै परंपरामा सोही गमलाको अगाडी एउटा थालीमा निम्नलिखित यन्त्र लेखी त्यसमा पूजा गर्छन्, एउटा खड्ग पनि त्यसैको नजिक राख्छन्। ब्राह्मण र वैश्यको परंपरामा खड्ग राख्नु पर्दैन। कसै कसैमो परंपरामा त शमीको वोट नराखी खाली यन्त्रमा मात्रै पूजा गर्छन्। सो यन्त्र यसप्रकारको हुन्छ–

"विन्दु, त्रिकोण, षट्कोण, अष्टदल र भुपूर"

त्यसपछि सों यन्त्रमा पूजा गर्नू। त्यसपछि जौतिल कुश र जल हातमा लिएर संकल्प गर्नू–

"ॐ अद्येत्यादि अमुकगोत्रः अमुकोहं मम सपरिवारकस्य वर्षयात्राविजयकामोऽपराजितापूजनकर्म्माहं करिष्ये"

(ॐ अद्येत्यादि फलानो गोत्र फलानो म मेरो सपरिवारको वर्षयात्रा विजयको लागि अपराजितापूजा गर्दछु)

त्यसपछि ऋष्यादि न्यास गर्नू—

"आदिवीज अस्य श्री—अपराजितामंत्रस्य नारदऋषिर्गायत्रीछन्दोऽपराजिता देवता नारसिंहवीजं वीजं स्वाहा शक्तिः मायावीजं कीलकं वर्षयात्राविजयप्राप्त्यर्थे ऽ पराजितामन्त्रन्यासे विनियोगः"

मायावीज र नारसिंहवीजको षडदीर्घभाजा तलको छ वटा नाममा प्रयोग गरेर करषडङ्ग गर्नू—

"१ जया २ विजया ३ अजिता ४ क्रिया ५ उमा ६ अपराजिता"

यिनको मूलमन्त्र—"आदिवीज देवि अनि अपराजिते स्वाहा" यति दशाक्षरी हो।

अब निम्नलिखित बमोजिम अक्षताले पीठ पूजा गर्नू—

"आदिवीज मँ मण्डूकादिपरतेत्त्वोन्तयोगपीठाय नमः"

"ॐ अपराजितायोगपीठाय नमः"

अब करकच्छपीमुद्राले तल लेखे बमोजिम ध्यान गर्नू—

"ॐ नीलोत्पलदलाभासां भुजङ्गाभरणोज्ज्वलाम्
चतुर्भुजां पीतवस्त्रां सर्वाभरणभूषिताम्
खड्गचर्म्मधरा चोर्ध्वे वराभयमधः करैः
ईषत्प्रहसितां त्र्यक्षां ध्यायेहमपराजिताम्"

(नीरै कमल झैं नीली सर्पको गहना धरी
चारवाहु पीतवस्त्र पैरेकी गहना सवै

माथिल्लो बाहुमा खड्ग ढाल तल वराभय
लिएकी ती त्रिनयना हाँस्दछिन लौ मुसुमुसु
ध्यान गर्छु यहाँ देवी श्रीअपराजिताकन)

अब निम्नलिखित श्लोकले आवाहन गरी प्रतिपदमा वताए जस्तो "दुर्गा" भन्ने ठाउँमा अपराजिता भनी प्राणप्रतिष्ठा गर्नू। अनि मूलमन्त्रले निम्नलिखित बमोजिम पूजा गर्नू–

आवाहन–

"आगच्छ सर्वकल्याणि यात्राविजयकारिणि
एह्येहि मण्डले चात्र तिष्ठ त्वां पूजयाम्यहम्"
(आउ लौ सर्वकल्याणि यात्रामा विजयै दिने।
यहाँ यो मण्डलमहाँ वस पूजा म गर्दछु)

पूजा–

"आदिवीज मायावीज नारसिंहवीज अपराजितायै पाद्यं नमः" यस्तै "अर्घ्यं" "आचमनीयं," "मधुपर्कम्," "पुनराचमनं" "पीतवस्त्रं" "पीतयज्ञोपवीतं" "कस्तूरीचन्दनम्" "कर्पूरमालिकापुष्पं" "अपराजितापुष्पमालां" "दशांगधूपं" "घृतदीपं" "पायसान्नंनैवेद्यं" "घृतपूरकंपक्वान्नं" "मत्स्यं" "द्राक्षारसपात्रं" दाडिम्वकदलीफले" "त्वक् ओषधिं" "खर्जुरीमुखशुद्धिं" "हिरण्यदक्षिणां"।

पुष्पांजली–

"आदिवीज, मायावीज, नारसिंहवीज अपराजिते स्वाहा श्री-अपराजिताश्री०"

त्यसपछि "अभीष्टसिद्धिं" इत्यादिले प्रार्थना गरी आवरणपूजा गर्नू–

त्रिकोणको अगाडी–"आदिवीज इच्छायै नमः"
त्रिकोणको वायाँपट्टि–"मायावीज ज्ञानायै नमः"
त्रिकोणको दायाँपट्टि–"नारसिंहवीज क्रियायै नमः"

अनि षट्कोणमा पैलेको जस्तै पूजा गर्नू ।

त्यसपछि अष्टदलमा–

हाँ जयायै नमः ।। क्षाँ विजयायै नमः ।। साँ अजितायैनमः ।।
लाँ जयन्त्यै नमः ।। माँ जम्भन्यै नमः ।। राँ स्तम्भन्यै नमः ।।
वाँ मोहन्यै नमः ।। आँ आकर्षण्यै नमः ।।

चतुरस्रमा–

आदिवीज आँ ब्राह्म्यै नमः ।। आदिवीज काँ नारायण्यै नमः ।।
आदिवीज चाँ चर्चिकायै नमः ।। आदिवीज टाँ भद्रायै नमः ।।
आदिवीज ताँ गायत्र्यै नमः ।। आदिवीज पाँ सरस्वत्यै नमः ।
आदिवीज याँ उमायै नमः ।। आदिवीज शाँ ध्रुवायै नमः ।।

त्यसपछि विशेषार्घको जलले तलको श्लोक पढी तर्पण गर्नू–

"आदिवीज, मायावीज, नारसिंहवीज, साङ्गा०श्री
अपराजिता देवी सुपूजिता सन्तर्पिता अस्तु"

त्यसपछि खड्ग चर्म वर अभय योनिमुद्रा देखाउनू ।

अनि कपूरको बत्ति बालेर निम्नलिखित श्लोक पढी आरती गर्नू–

आदिवीज "अपराजिते शिवे भद्रे समस्तविजयप्रदे ।
इदमारार्तिकं देवि गृहाणामरवन्दिते"

(अपराजिता शिवा भद्रा सवैमा विजयै दिने
आरार्तिक यही देवी लिनुहोस सुरबन्दिता)

त्यसपछि धूप दीप नैवेद्य चढाउनू र तलको मन्त्र यथाशक्ति जप गर्नू–

"आदिवीज मायावीज नारसिंहवीज अपराजिते स्वाहा"

अनि तलको श्लोकले जप पूजा अर्पण गर्नू–

आदिवीज "वीरवीरेश्वरि मातरपराजितरूपिणि ।
यथाशक्ति जपं पूजां कृतां देवि गृहाण मे ।।"

(वीरवीरेश्वरी आमै अपराजितरूपिणी ।
यथाशक्ति गरेको यो जप पूजा लिनोस् अव ।।)

स्तोत्र

आदिवीज "जया च विजया चैव ह्यजिता च जयन्तिका ।
जम्भनी स्तम्भनी चैव मोहन्याकर्षणी तथा ।।
एताभिः संयुतां देवीं नमस्ते चापराजिताम् ।
त्रिशक्तिसंयुतां वन्दे षडङ्गावरणान्विताम् ।।
ब्राह्मी नारायणी चर्चा भद्रा गायत्रिका तथा ।
सरस्वती ततोमाख्या ध्रुवाद्या सेवितापरा ।।
संग्रामे विजयं देहि धनं देहि सदा गृहे ।
पुत्रायुष्यवलं देहि नमस्तेस्त्वपराजिते ।।
देहि सौभाग्यसततं सर्वत्र विजयप्रदे ।
नमस्ते त्रिजगन्मातर्मां रक्ष शरणागतम् ।।"

(जया र विजया एवं अजिता र जयन्तिका ।
जम्भनी स्तम्भनी मोहनी र आकर्षणी तथा ।।
यी शक्तियुक्ता अपराजिता देवी ! प्रणाम छ ।
त्रिशक्ति षट् अंग आवरण युक्ताकनै नमः ।।
ब्राह्मी नारायणी चर्चा भद्रा गायत्रिका तथा ।
सरस्वती अनि उमा ध्रुवा आदि सुसेविता ।।
संग्राममा विजय र घरमा दिनुहोस धन ।
छोरा आयु बल दिनोस नमस्ते अपराजिता ।।
सदै सौभाग्य दिनुहोस सर्वत्र विजयप्रदा ।
नमस् त्रिलोकजननी गर्नोस मेरो सुरक्षण ।।)

यति स्तुति गरेपछि शान्तिकलशको जलले आफूलाई अभिषेक गर्नू–

आदिवीज "शांतिरस्तु शिवं मेस्तु दुष्टोदोषःप्रशाम्यतु
यशो वीर्यं द्युतिर्मेस्तु शान्त्युदकनिषेवणात्"

(शान्ति हओस् र कल्याण दुष्ट दोष हटोस सव
यश वीर्य द्युति मेरो हओस छर्केर यो जल)

त्यसपछि निम्नलिखित श्लोक पढी अघि राखेको खड्ग हातमा लिई सवै दिशातिर सात सात पाइला हिँड्नू–

आदिवीज "या यात्रा शंकरस्य त्रिपुररिपुहते खाण्डवे चार्जुनस्य ।
या यात्रा राघवस्यांबुधिसमतरणे रावणस्यान्तकाले ।।
या यात्रा वायुसूनो निधनमुपगते लक्ष्मणे शक्तिभिन्ने ।
सा यात्रा सिद्धियात्रा भवतु मम गृहे पुत्रपौत्रेषु नित्यम्।।"

(जुन यात्रा शंकरैको त्रिपुरहतकनै अर्जुनै-खाण्डवैमा ।
जुन यात्रा राघवैको जलनिधि पर गै रावणै मार्नलाई ।।
जुन यात्रा पर्वतैमा सुपवनसुतको लक्ष्मणै मर्न जाँदा ।
त्यो यात्रा सिद्धियात्रा मकन धन जनै साथमा सर्वदा होस्।।

"गमनञ्चार्थलाभाय क्षेमाय विजयाय च ।
शत्रुपक्षविनाशाय पुनरागमनाय च ।"

अर्थलाभ क्षेम फेरि जितको लागि जावत
भत्काउन शत्रुपक्ष फेरि जुट्नेछ आवत)

त्यसपछि कुनै एउटा कुभिण्डोलाई शत्रु संझेर निम्नलिखित श्लोक पढी त्यसलाई काट्नू–

आदिवीज "छिन्धी छिन्धी क्रोधवीज फट् ।"

आदिबीज "कुष्माण्डं बहुवीजाढ्यं ब्रह्मणामितं पुरा ।
अतस्त्वां घातयाम्यद्य चण्डिकाप्रीतये मुदा"

(बहुबीजै छौ कुभिण्डो ब्रह्माजीले रचे अघि ।
तिमीलाई काट्छु आज चण्डिका खुश हुन् भनी ।।)

त्यसपछि खड्गलाई अर्को ठाउँमा राख्नू । अनि अपराजितालाई विसर्जन गर्नू । अनि सो विसर्जन भएको घडालाई खञ्जन चरा

संझेर तलको श्लोक पढी दर्शन गर्नू–

आदिवीज "अशोकश्च विशोकश्च नन्दीशः पुष्टिवर्धनः
शंखचूडो मणिग्रीवः स्वस्तिकश्चापराजितः"

आदिवीज "खञ्जनाय नमस्तुभ्यं सर्वाभीष्टप्रदाय च
नीलकण्ठाय भद्राय खञ्जनाय नमोस्तु ते ।
देव-दानव–यक्षाणां नराणां पुष्टिवर्द्धनम्
दर्शनं तव रूपस्य विष्णुरूप नमोस्तु ते ।

(अशोक र विशोकै र नन्दीश पुष्टिवर्धन
शंखचूड मणिग्रीव स्वस्तिक अपराजित
हे खञ्जन तिमीलाई ढोगै छ सव थोक दिने
नीलकण्ठ भद्ररूप ठेउवा तिमीकनै नमः
देव दानव यक्षै र नरका पुष्टिवर्धन
दर्शनै विष्णुका रूप तिम्रो रूपकनै नमः)

सोही घडालाई फेरि क्षेमङ्करी चरा संझेर तलको श्लोक पढी दर्शन गर्नू–

आदिवीज– "नमः क्षेमङ्करी देवी शितिकण्ठस्वरूपिणी ।
रक्तपक्षधरी माया विजया त्वं नमाम्यहम्
नजानेहं महामाये तव रूपं यथा तथा
क्षेमङ्करीति जानामि रूपं देवि महेश्वरि
नमस्ते सिद्धिदे देवि सर्वसिद्धिविधायिनि ।
सिद्धिं मे देहि जननि क्षेमंकरि नमोस्तुते ।
यत्रकुत्र स्थितां पश्येत् क्षेमङ्करीविहङ्गमां
दशम्यां शुभदा तस्य वर्षमेकं न संशयः ।
श्मशाने खे तरौ नद्यां देवदेव्या गृहेथवा ।
महिषोष्ट्रखरारूढा दृष्टा क्षेमंकरी शुभा ।
महाभाग्यवशादेव पश्येत्तां श्रीविहङ्गमाम् ।"

(नीलकण्ठ भएकी हे क्षेमङ्करी छ ढोग यो
पखेटा लाल रङ्गको माया र विजया तिमी
महामाया म जान्दिन कस्तो तिम्रो छ रूप सो
क्षेमङ्करी भन्ने मात्रै जान्दछु हे महेश्वरी
ढोग छ सिद्धिदा देवी सबै सिद्धि दिने तिमी
सिद्धि देउ मलाई हे आमै क्षेमङ्करी नमः
क्षेमङ्करी चरीलाई देखे देखि जहाँ पनि
दशमीमा शुभ दिने हुन्छ वर्ष भरै अनि
श्मशान रूख आकाश नदी देवालयादिमा
राँगो घोडा गधामाथि देख्दा क्षेमङ्करी शुभ
ठूलो भाग्य भए मात्र देख्न पाइन्छ यी चरी)

त्यसपछि दक्षिणासंकल्प गर्नू–

"ॐ अद्येत्यादि अमुकगोत्रोमुकनामा सपरिवारकोहं मम कृतैतच्छारदीयार्चनन्यूनाधिकदोषोपशमनसाङ्गतासिद्ध्यर्थम् इदं हिरण्यम् अग्निदैवतं रजतं चन्द्रदैवतं ताम्रं सूर्यदैवतं दक्षिणाम् इमाम् श्रीगुरवे तुभ्यमहं संप्रददे ।

गुरवे गुरुपुत्राय ब्राह्मणेभ्यो विशेषतः ।
छिद्रावधारणार्थाय दक्षिणान्तु प्रदापयेत् ।

(ॐ अद्येह इत्यादि फलानो गोत्र को म सपरिवार मेरो यो गरेको शारदीय पूजामा कम वेसी भएको दोष हटाउनको लागि यो सुन अग्नि देवताको यो चाँदी चन्द्रदेवताको यो तामा सूर्य देवताको यो दक्षिणा तपाईं गुरुलाई टक्याउँछु । गुरुलाई गुरुपुत्रलाई र विशेष गरेर ब्राह्मणलाई पुग अपुगको लागि यो दक्षिणा दिइन्छ ।)

अनि हात जोडेर तल लेखे बमोजिम प्रार्थना गर्नू–

आदिवीज– "प्रमादात् कुर्वतां कर्म्म प्रच्यवेतार्चनादिषु ।
स्मरणादेव त्वत्पादौ संपूर्णं कुरु मे प्रभो ।

यस्य स्मृत्याच नामोक्त्या तपोयज्ञक्रियादिषु
न्यूनं संपूर्णतां यातु प्रसादात्त्वत्पदाब्जयो:

(प्रमादले गरेको काम कमवेसी भए पनि
संझनाले पाउ तिम्रो सवै पूर्ण हवस प्रभो
जस्को स्मरणले नाम लिनाले धर्मकर्ममा
त्रुटिपूर्ति हुन्छ ती अच्युतको गर्छु वन्दना)

ॐकृतैतच्छारदीयपूजाकर्म्मणि श्रीमत्परमेश्वरपरमेश्वरी—
प्रसादाद्भवत: श्रीवचनात्सर्वविधि: परिपूर्णोस्तु ।

ॐ अस्तुपरिपूर्ण—इतिब्राह्मणा: ।

(यो शारदीय पूजा गरेको कर्ममा श्रीमत्परमेश्वर परमेश्वरीको प्रसादले तपाईँको श्रीवचनले सवै काम परिपूर्ण हवस) (यति कर्तालि भन्नू)

(ॐ परिपूर्ण हवस) (ब्राह्मण अथवा गुरुले भन्नू)

इति दशमीकृत्यविधि:

अथ चतुर्दश्यां चतुर्थीविधि:

सव भन्दा पहिले आफ्नो नित्य कर्म सिध्याएर एउटा कर्मपात्र स्थापन गरी संकल्प गर्नू ।

"ॐ अद्येत्यादि अमुकगोत्रोमुकोहं ममशारदीयार्चासाङ्गता-सिद्ध्यर्थं भूमण्डलविसर्जनचतुर्थीकर्माहं करिष्ये"

कसैको मतमा दशैंघर भित्र प्रतिपद्मा थापेको माटोनिर र कसैको मतमा दशैंघर बाहिर आंगनमा प्रतिपद्मा लेखे वमोजिम दीप कलश गणेश थाप्न । अनि त्यही कलशमा परेवामा जस्तै

भगवतीको आवाहन गरी प्रतिपद्मै प्रयोग गरिएको मन्त्रले पञ्चोपचारले साधारण पूजा गरी विसर्जन गर्नू ।

त्यसपछि त्यो माटोमा फूल अक्षता चढाई तलको श्लोक पढी विसर्जन गर्नू–

आदिवीज "उत्तिष्ठ चण्डिके देवि शुभां पूजां प्रगृह्य च
कुरुस्व मम कल्याणमष्टाभिः शक्तिभिः सह ।
गच्छ गच्छ परं स्थानं स्वस्थानं चण्डिकेम्विके ।
यत्पूजितं मया देवि परिपूर्णं तदस्तु मे ।
गम्यतामर्थलाभाय क्षेमाय विजयाय च ।
शत्रोर्दर्पविनाशाय पुनरागमनाय च ।
वस त्वं हृदयांभोजे मद्हे तिष्ठ भूपते ।
आगामिवत्सरे च त्वं पुनरायास्यसि ध्रुवम् ।
आदिवीज मायावीज क्रोधवीज रावबीज खेचरीवीज
चण्डिके चल चल चालय चालय हूँ फट् स्वाहा ।।"

(उठ हे चण्डिकादेवी शुभ पूजा लिईकन ।
मलाई गर कल्याण आठै शक्ति लिईकन ।
जाउ जाउ परं ठाउँ आफ्नो नै ठाउँ चण्डिका ।
मैले यो जो गरें पूजा परिपूर्ण हवस सबै ।
अर्थलाभ क्षेम जय दिने नै गरी जानुहोस ।
शत्रुको सेखि हर्ने भै फेरि आउन जानुहोस ।
मेरो यो मुटूमा वास गरी यो देहमा वस ।
आउने वर्षमा आघौं आउँछचौ फेरि निश्चय)

इति चतुर्थीविधि

इति श्रीशारदीयार्चने कात्यायनीकल्पे दुर्गापूजाविधिः

समाप्तः

शुभम्

मन्त्रसंकेत

(छोटकरी मन्त्रकोष)

१. अग्निवीज – नादविन्दुयुक्त 'र'
२. अग्निकूट – नादविन्दुयुक्त र् म् ल् व् र् यू
३. अग्निवधूवीज – स्वाहा
४. अंकुशवीज – नादविन्दुयुक्त 'क्रों'
५. अस्त्रवीज – फट्
६. अस्थिसंज्ञवीज – नादविन्दुयुक्त 'श'
७. आदिवीज – द्विजको निमित्त 'ॐ' अरुको निमित्त 'अँ'
८. आकाशवीज – नादविन्दुयुक्त 'ह'
९. आनन्दभैरवकूट – नादविन्दुयुक्त 'ह् स् क्ष् म् ल् व् र् यू'
१०. आनन्दभैरवीकूट – नादविन्दुयुक्त स् ह् क्ष् म् ल् व् र् यू
११. कन्दर्पवीज – नादविन्दुयुक्त 'क्लीं'
१२. कामवीज = कन्दर्पवीज
१३. कामेश्वरीकूट – नादविन्दुयुक्त क् ल् री
१४. कूर्चवीज – नादविन्दुयुक्त 'हूं' अस्त्रान्त भए 'हुं'
१५. क्रोधवीज – नादविन्दुयुक्त 'हूं' अस्त्रान्त भए 'हुं'
१६. ख-रहित खेचरीवीज – नादविन्दुयुक्त 'ह् स् फ्रें'
१७. खेचरीवीज – नादविन्दुयुक्त 'ह् स् ख् फ्रें'

१८. गणेशवीज – नादविन्दुयुक्त 'ग'
१९. चारुकवीज – नादविन्दुयुक्त 'छ्री'
२०. तार्क्ष्यवीज – नादविन्दुयुक्त 'क्ष्रौ'
२१. त्रपावीज – नादविन्दुयुक्त 'ह्री'
२२. त्रितार – वाग्वीज, मायावीज, श्रीवीज
२३. दुर्गावीज – नादविन्दुयुक्त 'दु'
२४. देवीप्रणव – नादविन्दुयुक्त 'ह्री'
२५. नरसिंहवीज – नादविन्दुयुक्त 'क्लीं'
२६. पराप्रासादवीज – नादविन्दु र विसर्गयुक्त 'स्हौं'
२७. पाशवीज – नादविन्दुयुक्त 'आ'
२८. पितृवीज – नादविन्दुयुक्त 'ष'
२९. पृथ्वीवीज – नादविन्दुयुक्त 'ल'
३०. पंचतार – त्रितार + खेचरीवीज + श्रीप्रासादवीज
३१. प्रणव – 'ॐ'
३२. मायावीज – नादविन्दुयुक्त 'ह्री'
३३. मृत्युंजययुगलवीज – नादविन्दुयुक्त 'जू' तथा विसर्गयुक्त 'स'
३४. रमावीज – नादविन्दुयुक्त 'श्री'
३५. रावबीज – नादविन्दुयुक्त 'फ्रें'
३६. लज्जावीज – नादविन्दु युत 'ह्री'
३७. वरुणवीज – नादविन्दुयुक्त 'व'
३८. वरुणकूट – नादविन्दुयुक्त "व् म् ल् व् र् यू"
३९. वशंकरीवीज – नादविन्दुयुक्त 'ब्लूं'
४०. वशीकरणवीज – नादविन्दुयुक्त 'ब्लूं'
४१. वस्त्रान्वित संवर्तकवीज – नादविन्दुयुक्त 'क्षा'
४२. वाग्वीज – नादविन्दुयुक्त 'ऐं'
४३. वाग्भववीज – नादविन्दुयुक्त 'ऐं'
४४. वायुवीज – नादविन्दुयुक्त 'य'

४५. शक्तिबीज – विसर्गयुक्त 'सौ'
४६. श्रीवीज – नादविन्दुयुक्त 'श्री'
४७. श्रीप्रासादवीज – नादविन्दु र विसर्गयुक्त 'ह्सौ'
४८. षड्दीर्घभाजावीज – आ, ई, ऊ, ऐ, औ, अः 'युक्त' उक्त वीजाक्षर
४९. सुधारश्मिवीज – नादविन्दुयुक्त 'द्रा'
५०. सोमवीज – नादविन्दुयुक्त 'स'
५१. सोमाकाशयुक्त राववीज – नादविन्दुयुक्त 'स्, ह्, फ्रे'
५२. संवर्तकवीज – नादविन्दुयुक्त 'क्ष'
५३. संहारयुक्त राववीज – नादविन्दुयुक्त 'ख्फ्रे'
५४. प्रणवयुक्तषड्दीर्घान्तमाया– प्रत्येकमा ॐ र नादविन्दुयुक्त भएका 'ह्रा ह्री ह्रू ह्रै ह्रौ अनि छैटौंचाहिं ॐ पछि विसर्गयुक्त ह्र हुन्छ । अरुमा पनि यसै गरी मिलाउनू ।

इति शुभम्

Acc 814/96

मुद्रक– 'प्रज्ञा-मुद्रण', ने. रा. प्र. प्र. कमलादी, काठमाडौं ।